# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक वहुजाति, वहुभाषिक वहुधार्मिक तथा वहुसांस्कृतिक राष्ट्र हो । विश्वको कुल क्षेत्रफलको ०.०३% र एसिया महादेशको ०.३% भु-भाग ओगटेको नेपाल रहेकोछ । U.N.D.P को २००६ को प्रतिवेदन अनुसार मानव विकाश सुचाङ्कको १३८ औ स्थानमा रहेको यो देश विश्वको अति कमविकशित राष्ट्रमा पर्दछ । जसअनुसार नर्वे, आइसल्याण्ड, जापान क्रमश सबैभन्दा बढि मानव सुचाङक राष्ट्रहरूमा पर्दछन् । वि.स. २०४८ सालमा १,८४,९१,०४७ रहेको जनसंख्या २०५८ सालमा आइपुग्दा २,३१,५१,४२३ पुगेको थियो भने हालसम्म आइपुग्दा २६७९४५०६ पुगेको छ (राष्ट्रिय जनगणना २०६८) ।

मानवजातिले उत्पतीकाल देखि आजको अवस्थामा आइपुग्न विभिन्न उतारचढाव तथा चुनौतिहरू सामना गर्नु परेको छ । आज विश्वका विभिन्न देशहरू तथा ती देश भित्रका फरक फरक समाजको स्तरिकरण पनि फरक फरक ढंगबाट विकासहुदै आएको पाइन्छ । कारण ती देश तथा समाजहरूको शिक्षाको अवस्था तथा चेतनाको विकास,व्यवहार एंव सोचमा आयको परिवर्तन लाई नै प्रमुखकारण मान्न सकिन्छ । वास्तवमा भन्नुपर्दा सामाजिक विकाशमा शिक्षाको भुमिका अतिनै महत्वपुर्ण रहेको पाइन्छ । शिक्षाको विस्तारले समाजको विभिन्न क्षेत्रमा अनुकुल प्रभाव पारेको हुन्छ (शर्मासुरेश राज बर्तमान शिक्षा प्रणालीको बिश्लेशणात्मक बिबेचना प्रथम संस्करण) ।

आफै पढ्न र लेख्न सक्नु वास्तविक साक्षर व्यक्तिको गुण हो शिक्षाले व्यक्ति हुदै समाज अनि राज्यको विकाशमा महत्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसकारण पनि भन्न सकिन्छ प्रत्येक समाजको सामाजिक विकाशको मुल्याङकन त्यससमाजका मानिसहरूको शैक्षिक अवस्थालाइ हेरेर मापन गर्न सकिन्छ । वृहत् नेपाली शब्दकोशका अनुसार शिक्षा भन्नाले विद्यालय महाविद्यालय आदि र धेरैमा पनी नियमित रूपले अध्ययन गर्नेगराउने वा पढाइको चाजोपाजो मिलाउने काम अथवा ज्ञान लिने या दिने कार्यलाई बुझाउँछ । शिक्षा भनेको सुनेर वा सिकेर वा अन्य कुनै माध्यमले समाज वाट र प्रकृतिवाट ग्रहण गरिने सैद्धान्तिक

तथा व्यवहारिक विषयको वोझ हो । शिक्षा औपचारिक या अनौपचारिक, नियमित वा अनियमित जुनसकै माध्यमले दिन या लिन सकिन्छ । शिक्षा विकाश सभ्यता र सुसंस्कारको लागी  नभई नहुने पुर्वाधार हो । शिक्षाले हामिलाई ज्ञान, अर्तिउपदेश तथा तालिम दिने काम गर्दछ । शिक्षा मानवजिवनको जन्मदेखि मृत्युपर्यन्त सम्म निरन्तर चलिरहने नियमित प्रकृया पनि हो । अझ भन्नु पर्दा आजको युगमा शिक्षा प्राप्त गर्न पाउनु व्यक्तीको जन्मसिद्ध अधिकार पनि हा (शैक्षिक अभियान २०६५) ।

अतः संक्षेपमा भन्नुपर्दा शिक्षाको सामान्य अर्थ मस्तिष्कको विस्तृतीकरण तालीम वा दक्षता, विश्वब्यापिकरण दृष्टी सच्चरित्र क्षमता, विश्वसनियता उच्चविचार सर्वज्ञान शान्त स्वभाव आदि भन्ने बुझिन्छ ।

नेपाल चारजात छत्तिस वर्णको फुलवारी हो । १२३ जाती जनजातीको बसोवास रहेको यो देशमा हिन्दु, वौद्ध, मुस्लीम, क्रिस्चीयन र शिख धर्म मान्ने संप्रदाय को बसोवास रहेको छ । तर अधिकांश मानिस भने हिन्दु धर्म मान्ने गरेको देखिन्छ । नेपालमा रहेका १२३ जाती मध्य ५९ वटा जातीलाई जनजातीको रूपमा परिभाषित गरिएको छ । जसका आ-आफ्नै संस्कृती रहेको पाइन्छ । तरपनि यहाँका धेरै जसो दलित पिछडियका वर्ग तथा जनजातीहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक दृष्टीकोणले सेवा तथा सुविधा वाट वञ्चित रहेकाछन् ।

नेपाली शैक्षिक इतिहासलाई फर्केर हेर्ने हो भने वौद्धिक कालदेखि वेद वेदाश्रम, देव देवालय, गुरुकुल पाठशाला हुदै आधुनिक शिक्षाको शुरुवात राणाशासनकालमा वि.स.१९०६ मा जंगबहादुर राणाले बेलायत भ्रमणवाट फर्कदा उनि संगै ल्यायका Mr.Canning लाई प्रधानध्यापक तथा Mr.Rossलाई सुपरिवेक्षक बनाई वि.स.१९१० असोज २७ गते थापाथली स्थित दाखचोकमा अंग्रेजी शिक्षाको प्रारभ्भ गरिएको थियो । आजको वर्तमान अवस्थामा आइपुग्दा संयुक्त राष्ट्रसंघको मानव अधिकार संम्बन्धि विश्वब्यापी घोषणापत्र सन् १९८४ को धारा २६ मा न्यूनतम प्राथमिक शिक्षाको व्यवस्था गरिएको छ । सबैका लागी शिक्षा कार्यक्रम (EFA)थाइल्याण्डको जोम्टिन् मा सन् १९९० मा आयोजना गरेपछि आधारभुत शिक्षाको सम्वन्धमा राष्ट्रीय र अन्तराष्ट्रीय क्षेत्रमा विशेष चासो बढेको पाइन्छ । यसैगरी जोमटिन् सम्मेलनको १० वर्षपछी २८ अप्रिल २००० मा सेनेगलको डकारमा १८८ राष्ट्रहरूले भागलियको विश्व शिक्षामञ्चको बैठक बसेको थियो । उक्त वैठकले जोम्टिन सम्मेलनमा पारित भयका सबैकालागि शिक्षाको प्रतिवद्धतालाई समर्थन जनचासो सबैकालागि शिक्षा डकार घोषणापत्र कार्यढाँचा तथा कार्ययोजना (२००१-२०१५) को आधारमा सबैकालागी शिक्षा २००४-२००९ सम्म संञ्चालन हुने निर्णय गरेको थियो ।

नेपालमा पनि सन् २०१५ सम्ममा सबैकालागि शिक्षा सुनिश्चीत गराउने, शिक्षा क्षेत्रमा सर्वसुलभता, समान अवसर प्रदान गर्ने, लैङगीक असमानता न्यूनगर्ने सामाजिक आर्थिक पहुँच, विविध जाती जनजाती भाषाभाषी, दलित, पिडित, महिला, केटाकेटी, अपाङग, सिमान्त वर्गलाई समेत अनीवार्य प्राथमिक शिक्षा प्रदान गरी उनीहरूको ज्ञान, सिप, क्षमता, योग्यता र व्यवहारमा विषेश परीवर्तन ल्याउने प्रयास गरीयको छ (शर्मा एण्ड शर्मा २०६६)।

यसैगरी नेपालको सन्दर्भमा कुरागर्दा यहाका विभिन्न जातजाती आदिवासी तथा दलीत जनजाती महिलाहरू पछाडी परेको देखिन्छ । शिक्षाको क्षेत्रमा आ.व. २०६६/०६७ देखि नेपालको शैक्षिक क्षेत्रमा गुणस्तरीय शिक्षा व्यवसायीकता, सिप मुलक एवं समावेशी शिक्षामा सबैको पहुँच विस्तार गर्नूको साथै शैक्षिक संरचनागत रूपबाट पनी सुधार गर्ने उदेश्यले विद्यालय क्षेत्र सुधार कार्यक्रम(SSRP) लागु गरी समग्र शिक्षाको क्षेत्रमा भेटिएका तथा पठनपाठनमा उब्जियका समस्याहरूलाई आधुनिकिकरण गर्न खोजिएको छ ।

आज विश्व शिक्षाको प्रभावले कति ठूलो फड्को मारिसकेको अवस्थामा पनि हाम्रो देश नेपालमा भने लगभग आधा जसो जनता अशिक्षित छन् वि.स.२०६८ को जनगणनामा नेपालको साक्षरतादर ६८.६% रहेको छ ।

कुनैपनि देशको शिक्षा प्रणालीमा र शैक्षिक अवस्थामा त्यसदेशको आर्थिक सामाजिक पक्षले प्रभाव पारेको हुन्छ । नेपालको समग्र साक्षरतादरको औषतमा यहाँका दलित तथा पिछीडएका वर्गमा साक्षरतादर ज्यादै नै न्यून त छदैछ सबै दलित जात जातीमा पनि समान साक्षर छैनन् । नेपालका धेरैजसो जनजाती तथा दलीत हरूमा शैक्षिकस्तर ज्यादै न्यून रहेको छ । नेपालका १२३ जातीजनजाती मध्ये पोडे एक नेवार जाती समुदायभित्रको तल्लो जात हो । यिनिहरूको आर्थिक तथा सामाजिक तथा शैक्षिक अवस्था कमजोर रहेको छ । यसमा पनि कास्की जिल्लाको लेखनाथ नगरपालिकामा रहेका विभिन्न जातको आर्थिक तथा शैक्षिक अवस्था अझै दयनिय रहेको छ ।

शैक्षिक उपलब्धी शिक्षा आर्जनको गुणात्मक पक्ष हो । साक्षरतादर संख्यात्मक हुन्छ भने उपलब्धिको मापन गुणात्मक हुन्छ । शिक्षा आर्जन पश्चात कुनैपनि व्यक्तिले आफ्नो भौतिक जिवनमा के कति सुधार या परिवर्तन ल्याउन सक्यो भन्ने कुरा शैक्षिक उपलब्धी वाट मापन गर्न सकिन्छ । साक्षरता अवस्थावाट कक्षागत तहगत श्रेणीगत वृद्धि कुनकुन रूपमा भएको छ त्यसवाट उसले आफ्नो व्यक्तिगत पारिवारिक जिवन तथा समुदाय वा समाजका लागी के कस्तो योगदान गर्नसक्यो भन्नेकुरा उपलब्धीबाट थाहापाउन सकिन्छ । हामीले आर्जन गरेको शिक्षा वा ज्ञान देश भित्र र बाहिर पनि के कति ब्यावहारिकतामा आउन सक्यो र फाइदा

लिन सक्यो भन्ने कुरा उसले हासिल गरेको उपलब्धी स्तरमा भरपर्दछ । जस्तो कि हाम्रो देशको शिक्षाले ब्यवहारिकतामा भन्दा बढि सिद्धान्तमा जोड दिएको हुनाले जुनसुकै तह पारगरेपनि सैद्धान्तिक ज्ञान र कागजी प्रमाणपत्र हासिल गरेको हुन्छ जुन शिक्षाले मान्छेको ब्यावहारिकतामा धेरै परिवर्तन ल्याउन सकेको हुदैन । सामान्यतया साक्षर वा निरक्षर ब्यक्ति र आधारभुत तहको ज्ञान हासिल गरेको ब्यक्तिलाई कोरा जनशक्तिको रूपमा लिने गरीन्छ (श्रेष्ठ, २०६०) ।

अतः यो अध्ययन गर्न लागिएको अध्ययन क्षेत्रका पोडेजातीहरू पढाइमा खासै चासो राखेको पाइदैन । यस्तो हुनुमा अध्ययन भन्दा कामलाई बढि महत्व दिनुपर्ने उनिहरूको वाध्यताले पनि हो । दिनभरि काम नगरे कसरि पेट पाल्नु ? भन्ने सोच यिनीहरूको छ भने अध्ययन उनीहरूको रहर अनिकाम उनिहरूको बाध्यता रहेको छ । बच्चा साने हुँदा घरमा काम गर्न नसक्ने बच्चा कुरेर बस्नुपर्ने भएको कारण भर्ना गरेपनि प्रा.वि. नि.मा.वि. र मा.वि. स्तरको पढाईको क्रममा अधिकांश वच्चाबच्चीले पढाई रोक्ने गरेको पाइन्छ । सानो प्रा.वि. स्तरमा नियमित भयतापनि विस्तारै घरयासी तथा जातीय पेसामा संलग्न हुनथालेपछि कक्षामा दैनिक उपस्थिती नहुने र विस्तारै विद्यालय छोड्ने को संख्या धेरै पाइया े। शैक्षीक उपलब्धी कमजोर हुनुमा आर्थिक प्रभाव नै जिम्मेवारी हुने सम्भावना देखिएकोले वास्तविक अध्ययन गरी यथार्थता पत्ता लगाउन र आर्थिक अवस्थाले शिक्षा उपलब्धिमा पारेको प्रभाव बारे अनुसन्धान गर्नको लागी यो शोधपत्र तयार पारिएको छ।

## १.२ समस्याको कथनः

कुनै पनि राज्यले विकाश गरेको शैक्षिक नीती तथा कार्यक्रम नै त्यस देशको आर्थिक सामाजिक सांस्कृतिक विकाशको कारण हो । शिक्षाले ब्यक्तीको सामाजिकिकरण तथा आर्थिक विकासमा प्रभाव पारेको हुन्छ । कुनैपनि ब्यक्तीको अन्तरनिहित प्रतिभाहरूको प्रस्फुटनगराई ब्यक्तीत्व विकाशका साथै राष्ट्रीयरूपमा राष्ट्रप्रति जिम्मेवार, योग्य, दक्ष र सक्षम नागरीक जनशक्ति उत्पादन गर्ने काम शिक्षाले गर्दछ । हरेक देशका जनताको मौलीक अधिकारका रूपमा शिक्षालाई हेर्ने गरेको पाइन्छ ।

शिक्षा वास्तममा मानव जीवनको लागी एक महत्वपुर्ण तथा नभईनहुने कुरा हो भन्ने थाहा पाउदा पाउदा पनि हामो समाजमा शिक्षा प्राप्तीका लागी जुन सक्रियता शिक्षा सम्बन्धि चासो तथा शिक्षाको लागि जागरुकता र जिज्ञासु हुनुपर्ने हो त्यो रूपमा देख्न पाइएको छैन । आर्थिक अभाव होस् या सांस्कृतिक, जातिय, वर्गिय, लैङगीक कारणले पनि शिक्षा प्राप्तीका लागी विभिन्न अप्ठयारा हरू खडा गरेको छ । दलित जनजाती तथा पिछडिएका वर्गहरूमा

आर्थिक अभाव तथा चेतनाको अभाव वा जातिय भेदभावले गर्दापनि आज ग्रामिण क्षेत्र तथा दलितवर्गहरूमा शैक्षिक प्रगती सोचे अनुरूप हुनसकेको छैनभने आर्थिक अभावका कारण ग्रामिण क्षेत्र तथा पिछडिएका वर्ग का बच्चाबच्चीहरू भर्ना भएर बिचैमा छोड्नेको संख्यामा कमि ल्याउन सकिएको छैन ।

नेपालको प्रमुख पर्यटकिय क्षेत्र पोखराको पुर्वमा अवस्थित लेखनाथ नगरपालिका सामुद्रिक सतहवाट ४९०-१२१७ मिटर सम्म उचाइमा रहेको छ भने नेपालको राजधानी देखि १८१ कि.मीको दुरिमा रहेको यो नगरपालिका सात तालको बगैचा शहर नामले प्रचलित रहेको छ । वेगनास, मैदी,दिपाङ, न्यूरेनी,खास्टे, रूपा, गुँदे आदी ताल छन् । अत यी तालहरू मध्ये वेगनासतालको किनारमा बस्ने पोडेजाति सुविधा सम्पन्न नगरवासी भएरपनि शैक्षिक क्षेत्रमा किन पछाडी परे भन्ने विषयमा थुप्रै कारणहरू हुन सक्लान् तर कुनैपनि वर्गपछाडि पर्नूमा मुख्यतः आर्थिक पक्षको नै महत्वपुर्ण भुमिका हुनसक्ने सम्भावना रहेकोले शैक्षिक उन्नतीमा आर्थिक पक्षको भुमिकाकोविषयमा अध्ययन अनुसन्धान गरी वास्तविक यथार्थता पत्ता लगाई त्यस जातिको शैक्षिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनको लागी सत्यतथ्य अध्ययन गरी आवश्यक राय सुझाव संकलन नै यस अध्ययनको मुख्य समस्याको कथन रहेको छ । यो अध्ययनमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरीएको छ ।

( पोडे जाती को सामाजिक साँस्कृतिक अवस्था कस्तो छ ।

( शिक्षामा  पोडे समुदाय  किन पछाडी परेका छन।

(पोडे समूदाय  को शिक्षा संम्बन्धी धारणा कस्तो छ।

## १.३ अध्ययनको उदेश्य

नेपाल एक आर्थिक तथा शैक्षिक रूपले विश्वमा अति पिछडिएको राष्ट्र हो । राज्यले बनाएको तथ्याङकमा समग्रमा केही राम्रो देखियतापनी कुनै पीछडिएको जाती विषेशमा वास्तममै यो तथ्याङक ज्यादै न्यून शैक्षिक तथा आर्थिक अवस्थामा गुज्रिएको पाइन्छ ।

अतः यस अध्ययनका उदेश्य यसप्रकार छन् ।

### १. साधारण उदेश्य

- पोडे समुदायको शैक्षिक अवस्थामा आर्थिक अवस्थाले पारेको प्रभावको अध्ययन गर्नु।

२.	**विशिष्ट उदेश्यहरू**

- पोडे जातीको शैक्षिक अवस्थाका साथै सामाजिक एवं सांस्कृतिक अवस्था पहिचान गर्नु।
- पोडे जातीको आर्थिक अवस्था पत्ता लगाउनु।
- पोडे जातीको शैक्षिक उपलब्धीमा आर्थिक अवस्थाले पारेको प्रभाव विश्लेषण गर्नु ।
- पोडे जातीको शिक्षा प्रतिको धारणा अन्वेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनैपनि जातजातिको शैक्षिक प्रगतिमा त्यस समाजको आर्थिक अवस्था र सांस्कृतिक परिवेशको महत्वपुर्ण प्रभाव रहन्छ । त्यसकारण कुनै एउटा समुदाय भित्रपनि फरकफरक आर्थिक अवस्थाका कारण शैक्षिक अवस्थामा अन्तर देखिन्छ । राम्रो आर्थिक अवस्था भएको परिवार भन्दा कमजोर आर्थिक अवस्था भएको परिवारमा शैक्षिक अवस्था पनि कमजोर नै देखिन्छ । हुनत पोडेजातीको अध्ययन धेरैनै भइसकेको अवस्था छ । तरपनि यस स्थानको कमजोर आर्थिक तथा शैक्षिक अवस्था लाई विषयवस्तु बनाएर अध्ययन गरेको नभेटिनुले यस अध्ययनले यस जातिमा रहेको अशिक्षाको कारण पत्ता लगाउन महत्वपुर्ण भुमिका खेल्नेछ ।

यस प्रस्तावित अध्ययनले पोडेजातीको शैक्षिक अवस्थामा आर्थिक अवस्थाले पारेको प्रभाव तथा अन्यपक्षको प्रभावहरूलाई अनुसन्धान गर्दै सुधारका लागी के कस्ता कार्यक्रमहरूआवश्यकता छन् भन्ने सुझाब पेश गर्न सकिनेछ । साथै हालसम्म यो स्थानका पोडेजातीको कमजोर आर्थिक शैक्षिक अवस्थाको अध्ययन हुन नसकेको अवस्थामा त्यस समुदायको शैक्षिक उत्थानमा थप योगदान पुऱ्याउन सकिने पक्ष नै यस अध्ययनको महत्व रहेको छ । त्यसगरी ती जातिहरूको शैक्षिक विकाशका वाधक रहेका पक्षहरूको उजागर गरी आवश्यक सुधारमा सहयोग पुऱ्याउन स्थानिय निकाय, नगरपालिका, गै.स.स. तथा सरकारको दृष्ट्री पुऱ्याउनको लागी पनि महत्व हुनेछ भने समाजशास्त्र तथा मानवशास्त्रीय अध्ययन अनुसन्धान तथा दलित पिछडिएका वर्गको अध्ययनमा चासो राख्ने सबै विद्यार्थी तथा अध्ययनकर्ताहरूको लागी पनि उपयोगी हुनुका साथै यो जातिको वास्तविक परिचय दिदै उनिहरूको चौतर्फि विकाश तथा उत्थानको लागि सहयोग पुर्‍याउनु यस अध्ययनको महत्व रहेको छ ।

## १.५ अध्ययनको सिमा

कुनैपनि अनुसन्धानकार्य गर्दा त्यसलाई एउटा निश्चीत परिधिभित्र रहेर गर्नुपर्ने हुँदा अनुसन्धान कार्यको मुल्य र मान्यता अवधारणा आवश्यक हुन्छन् । अध्ययनलाई भनेर बनाइएको योजना अनुसार नै कार्य संञ्चालन र प्राप्त परिणाम पनि सोहि बमोजिम रहन्छ । त्यसकारण यो अध्ययन अनुसन्धान कार्यमा पनि निश्चित सिमा भित्र मात्र यसको परिणाम र निष्कर्षहरू मान्य हुन्छन् । अतः यो अध्ययन तथा अनुसन्धानको उदेश्य भनेको लेखनाथ नगरपालिका वडा नं. ९,१०,११ का पोडेजातीको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभावको अध्ययन गर्नु हो ।

अत:यो अध्ययन लेखनाथ नगरपालिका वडा नं. ९,१०,११ मा बसोवास गर्ने पोडेजातीको अध्ययन अनुसन्धान गरीएकोले यस बाट आउने निष्कर्षहरू अन्य क्षेत्र वा परिवेशमा फरक हुन सक्छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रको संगठनात्मक स्वरूप जम्मा छ अध्यायको रहेको छ । अध्यायहरू अन्तर्गत विभिन्न शिर्षक र उपशिर्षकहरू रहेका छन् ।

प्रथम अध्यायमा विभिन्न शिर्षकहरू रहेका छन् । यस अध्यायमा विशेषत अध्ययनको पृष्ठभुमिलाई शुरुमा स्पष्टसँग उल्लेख गरिएको छ । त्यसैगरी अध्ययनको उद्देश्य, समस्याको कथन, अध्ययनको महत्वलाई समेत प्रष्ट पारिएको छ । जसले गर्दा के कस्ता समस्याहरूले गर्दा अध्ययनको आवस्यकता रहन गयो ? कुन कुन उद्देश्यसंग सम्बन्धित रही अनुसन्धानलाई पुरा गर्ने हो ? यस अध्ययनको के कति महत्व छ ? भन्नेजस्ता कुराहरूलाई वस्तुपरक रूपमा समेटिएको छ । त्यसैगरी अध्याय दुईमा साहित्यको पुनरावलोकन गर्दै पुर्व अध्ययनहरूलाई व्याख्या विश्लेष्ण गर्दै अध्ययनको शिर्षकसँगको सामिप्यतालाई जोडि विश्लेषण गरिएको छ । यस अन्तर्गत अन्य विभिन्न जातजातिसँगको सम्बन्धलाई समेत जोडी फरक फरक तरिकाले विश्लेषण गरी देखाइएको छ । तेश्रो अध्यायमा अध्ययन विधिलाई स्पष्ट पार्दै अध्ययन क्षेत्रको सम्बन्ध र अनुसन्धानको ढाँचालाई स्पष्ट पारिएको छ । नमुना छनोट, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण, अध्ययनका सिमाहरू आदिलाई यस अध्यायमा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रको परिचयलाई चौथो अध्यायमा उल्लेख गरिएको छ । विभिन्न शिर्षकहरू दिई यस क्षेत्रको भौगोलिक अवस्था, साक्षरता, जनसंख्या, साँस्कृतिक सम्पदा, पेशा, रोजगार, सेवा तथा सुविधा आदिका बारेमा छोटकरिमा उल्लेख गरिएको छ । तथा तथ्याङ्कको विस्तृत

रूपमा विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । यस अन्तर्गत पाई चार्ट, तालिका आदिमा तथ्याङ्कलाई स्पष्ट देखाई व्याख्या विश्लेष्ण गरिएको छ । त्यसैगरी चौथो अध्यायमा पोडे जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थालाई विभिन्न शिर्षक र उपशिर्षकहरू दिई प्रस्तुत एवम् विश्लेषण गरिएको छ । भने अध्याय पाँचमा उत्तरदाताको आर्थिक अवस्था र आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गरिएको छ । अन्तिम छैठौ अध्यायमा समग्र अध्ययनको सारांशलाई उल्लेख गर्दै अध्ययनबाट पत्ता लागेका महत्वपुर्ण कुराहरूलाई निश्कर्षको रूपमा उल्लेख गरी अन्त्यमा केही सुझावहरू सहित यस शोधकार्यलाई पुर्णताका साथ अन्त्य गरिएको छ ।

# अध्याय–दुई

## पुर्व साहित्यको समिक्षा

कुनैपनि अध्ययन अनुसन्धान कार्यमा त्यसभन्दा अगाडि भएका सम्बन्धित विषयको बारेमा प्रकाशित पुस्तक लेख रचना तथा विभिन्न पत्रपत्रिकाहरूको सहायता लिन आवश्यक हुन्छ । यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्धानहरू द्धारा नेपालका जाति जनजाति हरूको परम्परागत सामाजिक आर्थिक सांस्कृतिक पक्ष हरू माथि अध्ययन गरी प्रकाशित भएका आवश्यक अंशहरू राखीएको छ ।

### २.१ अवधारणागत पुनराबलोकन

शिक्षा अर्थात (Education) भन्ने शब्द ल्याटिन भाषाको 'Educare' वाट आएको हो । जसको अर्थ 'to raise'(बढ्नु), 'to bring up'(माथि ल्याउनु), 'to train'(अभ्यास गराउनु), 'to rear' ( हुर्काउनु) हुन्छ । यस्तो कार्य शिक्षा दिने व्यक्ति वाट हुन्छ । यसरी व्यक्तिमा लुकेर रहेको क्षमतालाई बाहिर निकाल्नु र क्रमशः विकशित गर्नुलाई नै शिक्षा भनिन्छ । शिक्षा एक प्रकृया हो जसबाट ब्यक्ती प्रेरित हुन्छ र अन्तरनिहित संम्भाब्यताको पुर्ण विकाश गर्न सक्षम हुन्छ यसले व्यक्तिलाई समाजको उत्पादकीय सदस्य हुनकालागी आवश्यक कुराहरू पुऱ्याउने कार्य गर्दछ । शिक्षण सिकाई कार्यवाट व्यक्तिले ज्ञान, विश्वास र कला प्राप्त गर्दछ र त्यसको विकास गर्दछ । साथै शिक्षाले सामाजिक सांस्कृतिक परिवर्तनमा महत्वपर्ण भुमिका खेलेको हुन्छ । E-George Payne का अनुसार तथ्य र समाजशास्त्रको अध्ययन विना समाजले खोजेको ब्यवहार मानिसले सिक्न सक्दैन र उक्त ब्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर बाँच्न गाह्रो छ । शिक्षाले सामाजिक र स्तरीकरणमा प्रभाव पार्दछ । समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक गतिशिलता उकास्न वर्गिय उचाईले सहयोग नगरेर शैक्षिक गहनता वा तत्वले सघाउँछ । समाज शास्त्रले सबै किसिमका सम्बन्धहरूलाई शिक्षासंग गासेर हेर्दछ । त्यसकारण यसको क्षेत्र ब्यापक छ । त्यसकारण शिक्षा समाजशास्त्रको शाखा जस्तै हो जसले गर्दा नयाँशाखा “शिक्षाको समाजशास्त्र” स्थापित हुँदै गएको छ । शैक्षिक समाजशास्त्रले विद्यालयको संगठनको अध्ययन र विद्यालय र सामाजिक संरचना र वर्ग, परिवार छिमेकी को अध्ययनमा जोड दिन्छ (पहारी, २०५९) ।

भविष्यमा नागरिक र अभिभावकका लागी राष्ट्रको शैक्षिक निति र आर्थिक राजनैतिक र सामाजिक जिवनका केही महत्वपुर्ण ज्ञान र सम्बन्ध बारे जानकारी गराउने काम शैक्षिक समाजशास्त्रले गर्दछ ।

## ) नेपालको शैक्षिक विकाशको ऐतीहासिक पृष्ठभुमि

मानव जिवनमा शिक्षा एक अभिन्न अंग हो भन्नेकुरा लिपिको शुरुवात वाट नै रहिआएको तथ्य फेलापार्न सकिन्छ । समाजमा हुने प्रत्येक परिवर्तको आधार पनि शिक्षा नै हो । विगतको शिकारी समाजको रूपान्तरण हुदै आजको समाजको निर्माण केबल शिक्षाको कारणले भएको हो । विषय वा वस्तुको रूपान्तरण सरलतावाट जटिलता तर्फ लक्षित हुने प्राकृतिक नियमबाट शिक्षापनी अलग हुन नसक्ने भयकाले यसको प्रागस्वरूप नितान्त सरल, अनौपचारिक र सिमित रहेको पाइन्छ । नेपालको सन्दर्भमा प्राचिनकाल देखि नै हाम्रो समाजमा प्रचलित चालचलन विश्वास जिवनको आदर्श धर्मप्रति जनधारण सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादिक्षाको परम्परा थियो । सम्पुर्ण शिक्षादिक्षा एक पिढि वाट अर्को पिढिमा हस्तान्तरण हुदैँ जान्थ्यो । स्नेह, ममता वासल्यताको प्रथम शिक्षीका आमाबाट २,३ वर्षसम्म सामाजिक शिष्टाचारको पाठ पढ्थे । त्यसैगरी बाबाले आफ्नो कुल धर्म आचरण रितिरिवाज सामाजिक व्यवहारको बारेमा परिचित गराउँथे । सानो उमेरमै छोरानातिलाई आफ्नो पेशाको व्यवसायीक शिक्षा दिन्थे । आमा सासु छोरी तथा बुहारीलाई घरब्यवहारका महिलाहरूले गर्नुपर्ने घरगृहस्थीका आवश्यक सामाजिक रितिहरू, कुलाचार, कर्तब्यहरूका विषयमा तालिम दिदैँ जाने गर्दथे । यो परम्परा धेरैपछि सम्म चलिआएको थियो भन्ने कुरा भानुभक्तको वधु शिक्षाबाट पनि बुझिन्छ ।(अधिकारी र घिमिरे), नेपाली समाज र संस्कृति ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

**वर्ग व्यवस्था**

सामान्यतया वर्ग भन्नाले समान विशेषता भएका कूनैपनि वस्तूहरूको समूह हो भन्ने बूझिन्छ । उस्तै विशिष्टता हरूको समग्र भनेपनि हून्छ। तर समाजसास्त्र मानवशास्त्रमा सामाजिक वर्ग भनेको समाजभित्र वा समान धन, इज्जत शक्ति, सम्पति, आम्दानी,पेशा, अधिकार भयका व्यक्ति हरूको समूह हो । अर्को अर्थमा समान स्थिति भयका मानिसहरूको समग्रता लाई सामाजिक वर्ग भन्ने गरिन्छ । अर्को अर्थमा वर्ग त्यस्तो सामाजिक अवधारणा हो जसले समाज भित्रको एक समूहलाइ आर्थिक, राजनैतिक, सामाजिक आदिको आधारमा

अर्को समूहलाइ पृथक गराउँछ । जस्तो की  धनी गरिव  आधिकारिक वर्ग र अधिकार नभयका वर्ग लाइ सरल उदाहरणका रूपमा लिन सकिन्छ। मार्क्सवादि दृष्टिकोणमा वर्गको प्रमूख आधार आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व जस्तोकी पूँजीपति वर्ग र मजदूर वर्ग त्यस्तै यसले सामाजिक इज्जतलाइ वर्गको प्रमूख आधारमा मान्दछन्। परिटोलेवर्ग र समाजमा निणर्य  गर्ने अधिकारलाई वर्गको प्रमूख आधार ठान्दछन। जे होस  वर्ग भनेको गतिशिल सामाजिक व्यवस्था तथा संरचनामा समान स्थिती र भूमिका योग्यता, धन, संपत्ति, पेशा, धर्म,आम्दानीशक्ती अधिकार, शिक्षा स्वामित्वका आधारमा विभक्त मानिशहरूको एक तह हो।जस्तो कृषक शिक्षक विध्यार्थी  कालीगढ सिकर्मी धनी गरिव आदीलाइ उदाहरणको रूपमा लिन सकिन्छ। यसले पनि सामाजिक विविधता एवंम असमानतालाइ सृजना गर्दछ।जात व्यवस्था भयको समाज भन्दा वर्ग व्यवस्था भयको समाज अपेक्षाकृत रूपमा छिटो परीवर्तन हून्छ। वर्ग शव्दले समाजभित्रको त्यस्तो समूह लाइ देखाउछ। जून अन्य समूहलाई आर्थिक तथा सामाजिक स्तर द्धारा विभक्त हून्छ (रेग्मी,शिक्षामा माझी जातीका वालवालीकाको सहभागिता) ।

**शिक्षाको समाजशास्त्र**

समाजशास्त्रिय अध्ययनमा शिक्षाको समाजशास्त्र एउटा महत्वपूर्ण क्षेत्र हो।कूनैपनि समाजको सामाजिक आर्थिक र सांस्कृतिक परिवर्तनमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हून्छ। शिक्षाको समाजशास्त्रले शिक्षा सस्था र शिक्षा संगठनको विश्लेषण गर्दछ।राज्यको शैक्षिक निती तथा कार्यक्रम को अध्ययन गर्दै यसले समाजको आथिक सामाजिक तथा सांस्कृतिक प्रभावको विश्लेषण पनि गर्दछ।शिक्षा र अन्य ठूला संस्थाहरू जस्तै आर्थिक, राजनितीक, धार्मिक, नातदारीहरू विचको प्रकार्यात्मक कार्यको अध्ययन गर्दछ । यो शैक्षिक प्रणाली, उपप्रणाली,विद्यालय र क्याम्पस हरू सँग संम्वन्धित देखिन्छ। शिक्षाको समाजशास्त्रले शिक्षालाई संस्कृति प्रशारण गर्ने कर्ताको रूपमा लिन्छ।शिक्षाको प्रकार्यात्मक महत्वलाइ पनि जोड दिन्छ। शिक्षालाइ  सामाजिक परिवर्तनको महत्वपूर्ण साधनको रूपमा लिइन्छ ( आचार्य,२०६१ समाजको नमूना)

**जातिय सिद्धान्त**

सैद्धान्तिक अवधारणा, जातिय सिद्धान्त जाति शब्दको उत्पती अंग्रेजी भाषाको 'Caste' को नेपाली रूपान्तरण हो ।'Caste' भन्ने शब्द पनि स्पेनिस भाषाको'Caste' बाट ल्याएको हो । जसको अर्थ प्रजाति (Race)सन्तान (Breed)वंश (Lineage) हुन्छ । जसको सम्बन्ध वंशाणुगत गुणसंग हुन्छ । जातिलाई संस्कृतमा वर्ण भनिन्छ । जसको अर्थ रङ्ग (Color)वा जति (Jati)हुन्छ वंशाणुगत गुणमा आधारित भयको हुनाले नै जातलाई समाज विभाजनको

एउटै आधार मान्न सकिन्छ र एउटा जातिले अर्को जातिको घरमा वस्नु खानु आदर्शको हैसियतले पनि उचित मानिदैन । जाति व्यवस्था सामाजिक वर्गमा स्तरिकृतको व्यवस्था हो । जसलाई पोर्तुगलीहरूको भारतमा प्रयोग गरे जसलाई"Jati"भन्ने गरिन्थ्यो । क्रमशः नेपालमा पनि भारतबाट प्रभावित भएर ल्याइएको हुनसक्छ त्यसकारण वंशाणुगत गुणसंग सम्बन्धित भएको जाति व्यवस्था सामाजिक वर्गमा स्तरिकरणको व्यवस्था पनि हो । जसमा एक जातिको अर्को जाति संग एक महत्वपूर्ण आधार हुन्छ(भुषण, १९८९) ।

अतः जातलाई विभिक्त समाजशास्त्रीहरूले फरक फरक ढंगबाट परिभावित गरेका छन् ।

मुजुमदर र मदन (Mujumdar and Madan)का अनुसार “जाति एक वन्द वर्ग हो” यस परिभाषा अनुसार कुनै एक जाीत आदर्शको दृष्टिबाट कुनै अर्को जातिमा प्रवेश गर्नु सक्दैन ।

जात एक सामाजिक वर्ग हो जसका सदस्यहरूलाई सामाजिक श्रेणीमा एक स्थाई स्थान प्रदान गरिन्छ र जसमा सम्पर्कहरू स्थान अनुसार प्रतिवन्धीत हुन्छ ।

यसकारण माथिका समाजशास्त्रीहरूको परिभाषा बाट यो भन्न सकिन्छ कि जाति त्यो समुह हो जुन वंशाणुगत गुणमा आधारित हुन्छ । जुन जात वा वंशमा व्यक्ति जन्मन्छ मृत्यू पर्यन्त त्यही जातमा नै व्यक्ति रहन्छ जसको आधारमा नै समाज स्तरिकृत हुन पुग्दछ ।

सत्ययूगमा भगवानले मानिसको सृष्टि गर्ने क्रममा भगवानका मुखबाट जन्मिएका ब्रामण, पाउबाट जन्मिएकालाई शुद्र भनियो, ब्रामणलाई मानसिक काम क्षत्रि वैश्यलाई शारीरिक काम, तथा शुद्रलाई तल्लो दर्जाका शारीरिक परिश्रम गर्न लगाइयो । त्यसै गरी रङ्गको आधारमा विभाजन गरी सेतो वर्णका ब्रामण, रातो वर्णका क्षत्री पहेलो वर्णका वैश्य र कालो वर्णका व्यक्तिहरूलाई शुद्ध भनियो । गुणका आधारमा सत्व गुणभयका ब्रामण रजगुण भयका क्षत्रि र रजगुण र तमगुण दुवै भएका वैश्य र तमगुण मात्रै भएका जातिलाई शुद्र भनाइयो । खानाको आधारमा सात्विक खाना खाने ब्रामण, रजसी खाना खाने क्षत्री, राजसी तामसी खाना खानेहरू वैश्य र तामासी खाना खानेहरू शुद्र हुने व्यवस्था गरियो (प्रश्रित २०४४) ।

नेपाली समाजमा निश्चित जातिय समुहहरू लाई दलितको रूपमा लिने गरिन्छ । जस मध्ये कामी दमाई, सार्की, गाइने, पोडे, कसाइ, धुनिया, च्यामे, डोम, धोवि, मुसहर आदि नेपालका विभिन्न स्थानमा वसोवास गर्ने दलित समुदाय हुन् । जनसंख्याको आकार, शिक्षण, सामाजिक, राजनैतिक चेतनाको हिसावले फरक फरक स्तरका भएता पनि यि जातिहरूलाई एउटै सामाजिक हैसियत दिइएको छ ।

अतः यिनै विभिन्न दलित वर्गहरू मध्येको एक पिछडीएको जाति हो पोडेजाती, नेवार सामुदायको पानी नचल्ने जातिको रूपमा चिनीने यो जातिको बारेमा बुझ्न खोज्दा राणा जयस्थिति मल्लको समयमा भन्दा अगाडी साधारण झलक मात्र पाइन्छ । हिन्दु धर्मको जातिको व्यवस्थमा शुद्र भन्नाले सबै भन्दा तल्लो जात मानिन्छ । चौध शाताब्दीमा भारतबाट पण्डीत झिकाई जयस्थितिमल्लले नेवार जातिलाई ६४ सहायक जातिमा वर्गिकरण गर्दै पोडेलाई सरसफाइको काम माछा मार्ने, टोकरी बनाउने, मरेको जनावरको छाला तर्ने काम पेशा निशिचित गरियो । भने पछी आएर कुनै व्यक्तिले ठुलो अपराध गरेमा मृत्युदण्ड दिनु परेमा पोडेहरूको नाइकेलाई बोलाई त्यसैको हातबाट दहि चिउरा खुवाई त्यही नाइकेको खुकुरिद्वारा अपराधीको लाई काट्न लाइन्थ्यो । (पौडेल, २०५९)

अतः माथि उल्लेख गरिएका विभिन्न शोध तथा अध्ययनहरूको निष्कर्ष केलाउदा पोडे जाीत सामाजिक आर्थिक, राजनैतिक, शैक्षिक रूपले अत्यन्तै कमजोर तथा पिछठिएको जाति रहेको देखिन्छ ।

### २.२.१ शिक्षा एक अन्तराष्ट्रिय अभियान

कुनै पनि देशको चौतर्फी विकाशको प्रमुख माध्यम शिक्षा नै हो । सबैका लागि शिक्षा विकासका लागी शिक्षा अवधारणाहरूलाई आत्मसाथ गरी शिक्षालाई राष्ट्रको यथार्थतासँग गासेर उपलब्ध श्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकाशलाई अघि बढाउन सकिन्छ । सबैका लागी शिक्षा आजको विश्वव्यापी नारा हो ।

सबैका लागी शिक्षा भन्ने आवधारणा सन् १९९० मा थाइल्याण्डको जोमटेनमा भएको घोषणापत्रमा सबैका लागी दिइने शिक्षा लाई आधार शिक्षाका रूपमा उल्लेख गरेको छ ।

संसारका सबै मुलुकमा अन्तर्राष्ट्रिय भावनाको जागरण गराउनका लागी संयुक्त संघको माताहतमा विभिन्न परिषद् तथा एजेन्सिहरू निर्माण भएका छन् । यिनीहरू मध्ये विश्वमा हरेकदेशहरूमा शैक्षिक विकास गराई अन्तराष्ट्रिय भावना जागरण गराउने प्रमुख दायित्व यूनेस्को (UNESCO) (United Nations Education Scientific and Culture Organizations) को रहेको छ । यूनेस्को को आधारभुत सिद्धान्तका रूपमा मानिएको छ । “युद्ध मानिसको मष्तीष्कवाट सुरु हुन्छ त्यसैले शान्ती सुरक्षा को साधनकोनिर्माण पनि मानव मष्तिष्कमा नै गरिनुपर्छ ।” नेपालमा पनि युनेस्कोको सिद्धान्तका आधारमा शिक्षाको सर्वव्यापीकरण, निरक्षर उन्मुलन, व्यावसायिक र रोजगारीमुलक शिक्षा, अनौपचारिक शिक्षा कार्यक्रम वैज्ञानिक र प्राविधिक शिक्षण जस्ता थुप्रै कार्यक्रम लागु गर्ने प्रयास गरेको छ । राष्ट्रिय शिक्षण आयोगको

प्रतिवेदन २०४९ ले नेपालले १९९० मा थाइल्याण्डको "सबैका लागी शिक्षा" विश्व सम्मेलनको प्रतिवेद्धता अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शत प्रतिशत बालबालिकालाई विद्यालयमा पुऱ्याउनुपर्ने सिफारिस गरेको थियो । सरकारले सो लक्ष्य हासिल गर्न सन् १९९२ मा आधारभुत शिक्षा परियोजना सञ्चालन गरेको थियो । सोही निती अनुरूप नवौ योजनाको अन्त सम्ममा ९०% र दसौ योजनाको अन्त सम्ममा सतप्रतिशत बालबालिकालाई प्राथमिक शिक्षामा सहभागि गराउने लक्ष्य लिनुपर्ने सिफारिस उच्चस्तरिय राष्ट्रीय शिक्षा आयोग २०५५ ले समेत गरेको छ । यसै गरी डकार सम्मेलनले पनि जोमटेन सम्मेलनको सबैका लागी शिक्षा अवधारणालाई पारितगर्दै विभिन्न कार्ययोजना र लक्ष्यहरू प्रस्तुत गरेको थियो जसमध्ये शिशुकक्षा विस्तार अति जटिल अवस्थामा रहेका र दलित, पिछडिएका वर्गको बालबालिकाको पँहुच विस्तार अनिवार्य प्राथमिक शिक्षा आदिवासी समुहको मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चीतता गर्ने आदि (कास्की शैक्षिक दर्पन २०६२/११/१६)

विश्व भरिको शैक्षिक स्थितीलाई हेर्ने हो भने प्रायसः देशहरूमा शुरुको बालशिक्षा, नर्सरी, किन्डर गार्डेनको व्यावस्था शिक्षाको सुरुवाट प्रचलनहरू रहेका पाइन्छन् । नेपालमा जस्तै प्राथमिक शिक्षा प्रायः निशुल्क र अनिवार्य गर्ने प्रचलन छ । त्यसपछि क्रमशः निमावि, मावि, उच्चशिक्षाको प्रबन्ध छ । प्रायः विश्वको औधोगिक राष्ट्रहरूमा ९-११ वर्ष सम्मका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय उपस्थीतिका लागि वातावरण तयार पारियको हन्छ । यि देशका ७५% बालबालिका सरकारी विद्यालयमा पठनपाठन गर्दछन् । विशेष गरी अष्ट्रेलियामा यो व्यवस्था पाइन्छ भने राज्यले प्राथमिक देखि मा.वि सम्म निशुल्क गरेको पाइन्छ । (शर्मा एण्ड शर्मा, २०५९) ।

नेपालको छिमेकी राष्ट्र भारतको १२ राज्यमा मात्र ११-१४ वर्ष सम्मका बालबालिका निशुल्क शिक्षा वाट लाभान्वित भएका छन् । त्यहाँ ८५% बालबालिकाहरू ११ वर्षसम्म विद्यालयमा उपस्थित हुन्छन् । उच्चशिक्षाको १८-२३ वर्ष सम्मका विद्यार्थीहरू २५% मात्र नियमित उपस्थित हुन्छन् । झन्डै ५ हजार (४८५०) को संख्यामा रहेका कलेज तथा विश्वविद्यालयहरूले भारतिय उच्च शिक्षाको अवसर प्रदान गर्दछन् । यसैगरी बेलायतमा ९३% बालबालिकाहरू सरकारी विद्यालयमा पढ्दछन् । बाँकी ७% निजि विद्यालय प्रयोग गर्दछन् । प्राय विश्वमा जस्तै बेलायतमा पनि प्राथमिक, माध्यामिक र उच्चशिक्षा तहको शैक्षिक पद्धती छ भने ५-१६ वर्ष सम्म विद्यार्थीहरू पुर्णकालीन रूपमा शिक्षा प्राप्त गर्दछन् । जबसम्म उच्च शिक्षा पुग्दैन तबसम्म व्यावसायिक शिक्षा प्रदानगरिदैन । उच्च शिक्षामा

खुला विश्वविद्यालयको अवधारणा अनुसार घरमै बसेर पनि उच्चशिक्षा अध्ययन गर्ने व्यवस्था बेलायतमा रहेको छ । अल्पसंख्यक आदिवासी समुदायका बालबालिका पढाइँमा असफल हुनुको कारण घर, समाज विद्यालयको सांस्कृतिक तथा भाषिक परिवेश भिन्न हुनु हो । मुलधारका विद्यार्थी भन्दा आफ्नो भाषा र संस्कृति भिन्न भएकैकारण आदिवासी समुदाय जाँचमा असफल हुनु, एउटै कक्षामा दोर्‍याउनु पर्ने बढि समय लाग्ने र अन्तत पढाई छोड्ने एउटा अवस्था छ भने पारिवारिक आर्थिक अवस्था र काम गर्न सक्ने हुने बित्तिकै आर्थिक उपार्जनको लागि पुख्यौली पेशा अवलम्बन गर्नुपर्ने कारणले पनि पढाईमा असर परेको हुन्छ (जोशी २०६२)।

## २.२.२ **शिक्षा र सामाजिकनीति**

शिक्षा समाज विकाशको प्रमुख साधन हो । शिक्षा र समाज एक अर्काका अभिन्न अंगहुन् । मानिस सामाजिक प्राणी हो । समाजका हरेक क्रियाकलापहरूमा मानिसको संलग्नता रहेको हुन्छ । समाज सरल वा जटिल जस्तोसुकै किन नहोस् सामाजिक संस्कार र चालचलन ब्यवहार कार्यहरूबाट अलग रहन सक्दैन । यस्ता प्रकारका कुनैपनि कार्यहरूमा मानिसहरूलाई सरल रूपबाट समायोजन गर्न गराउन सक्ने माध्यम शिक्षा हो । शिक्षा ले नै कुनैपनि समाजका क्रियाकलापहरू प्रभावकारी ढंगबाट कार्यान्वयन गराउन सक्छ । समाजका विभिन्न आवश्यकता शिक्षाले पुरा गर्नुपर्दछ  भने सामाजिक निती अनुरूप शिक्षा चल्नुपर्दछ । त्यसकारण सामाजिक चाहाना पुरागर्न शिक्षाले कस्तो नीति लिएको छ भन्ने कुरा ज्यादै महत्वपुर्ण मानिन्छ । समाजको प्रचलित मुल्यमान्यताको संरक्षण गर्दै सामाजिक विकासमा सहयोग गर्नु शिक्षाको प्रमुख कार्य भएकाले सामाजिक नीति लाई नै शैक्षिक मुल निति मानिन्छ । त्यसकारण भन्न सकिन्छ । कुनैपनि समाजको निति कार्यक्रम तथा सामाजिक अवस्था त्यस समाजले अवलम्वन गरेको शैक्षिक निति बाट थाहापाउन सकिन्छ ( शर्मा एण्ड शर्मा, २०६६) ।

## २.२.३ **सामाजिक सांस्कृतिक परिवर्तनको कारकको रूपमा शिक्षा**

सामाजिक सांस्कृतिक परिवर्तनको प्रमुख कारक तत्व शिक्षा नै हो । शिक्षाले मानिसको चेतना र मनोवृतीमा परीवर्तन ल्याउँछ । साथै यसले सामाजिक सम्बन्धहरूमा पनि परिर्वतन ल्याउँछ । त्यसकारण भन्न सकिन्छ कि शिक्षाको प्रमुख उदेश्य नै मानिसको व्यक्तित्व, जिवन र जिवनशैलीमा परिवर्तन ल्याउनु हो । शिक्षाबाट नै मानिसको सामाजिक र सांस्कृतिक धरातल निर्माण हुने परिमार्जित हुने गर्दछ । वास्तवमा भन्नुपर्दा आदिम,

ऋषिकुल, देवकुल, राजकुल, पितृकुल र गुरुकुलको युगमा शिक्षा सामाजिक परिर्वतन भन्दा सामाजिक नियन्त्रणको माध्यम थियो तर वर्तमान युगमा शिक्षा सामाजिक र सांस्कृतिक परिर्वतनको सशक्त माध्यम बन्न गएको छ किनकि वर्तमान समयमा शिक्षा भन्नाले विज्ञान, व्यावसायिक तथा अनेकौ प्रकारका विशेषीकृत क्षेत्रको शिक्षा भन्ने बुझिन्छ । समाज शास्त्री फ्रान्सीस जे ब्राउनका अनुसार "शिक्षा त्यो प्रकृया हो जसले सामाजिक ब्यवहारमा परिवर्तन ल्याउँछ ।" आधुनिक शिक्षाले मानिसको मनोवृत्तीमा र दृष्टीकोणमा परिवर्तन ल्याउँछ जसले गर्दा मानिसले भोगीरहेका परम्परा प्रथाहरू नैतिकता र आदर्श तथा धार्मिक आस्थामा ठुलो प्रभाव पर्न जान्छ । परम्परागत अन्धविश्वास कुसंस्कार माथिको विश्वासमा परिवर्तन आउँछ। महिलाहरूको सामाजिक परिवर्तन हुन्छ भने दैवी तथा पुरातनवादी सोच बाट आर्दशवादी चिन्तनको विकाश हुन्छ । शिक्षाबाटै समाज प्रतिबिम्वीत हुनेगर्दछ भने शैक्षीक परिवर्तन पछी नै सामाजिक परिवर्तन आउँछ । शिक्षाका कारण सामाजिक गतिशिलता बढ्दछ भने दक्ष जनशक्तीको उत्पादन गर्दै मानिसको पद, स्थिती, स्तर निर्धारण गर्दछ । समाजशास्त्री के पनि भन्दछन् भने विकाशशोन्मुख मुलुकहरूका निमित्त शिक्षा विकशित सामाजिक स्थितीमा पुऱ्याउने मुल ढोका हो । त्यसकारण समाजमा भएको शैक्षीक अवस्थाले नै त्यस समाजको अवस्था लाई निर्धारण गर्ने गर्दछ (रायमाझी, २०६१)।

## २.३ पुर्व अध्ययनको समिक्षा

शिक्षा भनेको सामान्य अर्थमा ज्ञान आर्जन गर्नु नभइ प्राप्ति गर्नु मुक्तिको लागि शिक्षा आवश्यक हुन्छ भन्ने विचार प्राचिन कालिन युगको हो । आज शिक्षा सर्वव्यापी जीवन पर्यन्त र मानविय अधिकारको रूपमा स्थापित भएको छ । पहिलेको गुरुकुल प्रणालीवाट विकासित हुदै व्यक्ती समाज, राष्ट्र र अन्तराष्ट्रिय जगतका जिम्मेवारीहरू शिक्षालाई सुम्पिएको छ । शिक्षा शिक्षण विधि शैक्षिक सामाग्री, मुल्याङन सवै कुराहरूमा नयानयाँ आविस्कारहरू भइ कार्यान्वयन भइरहेको छ र सर्वश्रेष्ठ पेशाको रूपमा विकसित गर्ने कार्यहरू भइरहेको छन् । सामाजिक र राष्ट्रिय आवश्यकताहरू पुरागर्ने गराउने एक मात्र शक्तिशालि र प्रभावकारी माध्यम शिक्षा बनेको छ । शिक्षाले नै विभिन्न जनशक्तिहरूको सन्तुलीत उत्पादन गरी राष्ट्रीय विकाश कार्य गरी रहेको छ । मेडीसीन इन्जिनियरीङ्ग समाजशास्त्र मनोविज्ञान, भौतिक विज्ञान ज्योतीष विज्ञान जुनसुकै क्षेत्रमा पनी आवस्यक ज्ञान, सिप शिक्षालेनै दिन्छ । एउटा विषिष्ट विद्यामा हुनुपर्ने गुणहरू विषेशताहरू शिक्षाको क्षेत्रमा भइरहेको हुनाले आजको विश्वले शिक्षालाई विशिष्ट विद्याका रूपमा स्विकारेको छ । (शर्मा एण्ड शर्मा, २०६६) ।

शिक्षाका कार्य वारेमा विभिन्न दार्शनिक समाजशास्त्री र शिक्षा विद्हरूले आआफनो तरीकाले शिक्षाको रार्यका वारेमा धारणा दिएका छन् ।

समाजशास्त्री जे. एस. (J.S. Brubacker) ले शिक्षाको कार्यलाई निम्न ४ भागमा बाडेका छन् ।

शिक्षाको परम्परा कार्य

शिक्षाको तटस्थ कार्य

शिक्षाको प्रगतिशिल कार्य

शिक्षाको क्रान्तिकारी कार्य

अर्का समाजशास्त्री इ. जर्ज पेन (E. George payers) ले शिक्षाका निम्न तिन कार्य उल्लेख गरेका छन् ।

परम्पराको आत्मसात्करण कार्य

सामाजिक ढाचाँको विकाश

सिर्जनात्मक र रचनात्मक कार्य

यसै गरी मुनरोले चार भागमा शिक्षाको कार्य निर्धारण गरेका छन् ।

ज्ञानको प्रसारण

सामाजिक नियन्त्रण

सामाजिक सम्पदाको संरक्षण

सामाजिक प्रगति

यसैगरी शिक्षाले सांस्कृतिक कार्य अन्तरगर्त राष्ट्रको कुशल सञ्चालन र सक्रिय कार्यकर्ताको रूपमा सक्षम नागरिकको भुमिका निर्वाह गर्न प्रेरित गर्दै, सामाजिक साँस्कृतिक पहिचान, भुमिका दायित्व जिम्वेवारी वहन गराउने कुशल नागरीक निर्माण गर्न भुमिका खेलेको हुन्छ । ( श्रेष्ठ, २०५८)

मानिस सामाजिक प्राणी हो समाज गतिशिल छ शिक्षा पनी समाजको परिवर्तन संगसंगै गतिशिल हुन्छ सामाजिक आवस्यकता सामाजिक मुल्य र मान्यता अनुरूप संञ्चालित

शिक्षाका उदेश्य लाई सामाजिक उदेश्य भनिन्छ । वास्तवमा शिक्षा समाजको लागि हो शिक्षा समाजमुखी हुनुपर्दछ । सामाजिक उदेश्य विनाको शिक्षाको कुनै अस्थित्व हुदैन । त्यसैले कुनैपनी देसको शिक्षाको उदेश्यमा सामाजिक उदेश्यहरू राखीएको हन्छन् । हाम्रो देसको परिवेसमा शिक्षा र सामाजिक उदेश्यहरूको चर्चा गनुपर्दा रा. शि.प. को योजना २०२८ देखीको मात्र लिन सकिन्छ किनभने त्यो भन्दा अघि र पछी नेपालमा योजनागत रूपमा शिक्षाका उदेश्यहरू निर्धारण गरीएको छ (शर्मा एण्ड शर्मा, २०६०) ।

अल्पसंख्यक आदिवासी समुदायका वालवालिकाहरू पढाइमा असफल वा पछाडि हुनुको मुख्य एक कारण उनीहरूको घर, समाज र विद्यालयको सांस्कृतिक तथा भाषिक परिवेश भिन्न हुनु हो । मुलधारका विध्यार्थी भन्दा आफना भाषा र संस्कृती भिन्न भएकै कारण आदिवासी तथा दलित समुदायको नियमित उपस्थिति नहुनु, समयमा कापी कलम नपाउनु कारणले असफल हुनु एउटै कक्षामा दोहोऱ्याएर पढ्न पर्नु कक्षा पार गर्न धेरै समय लाग्नु र अन्तत पढाइनै छोड्ने सम्मको समस्या पैदा भएको पनि देखिन्छ । वालवालीका लाई एक भाषा वा संस्कृतिमा संकमण हुन निकै कठिन हुन्छ । नयाँ भाषा र संस्कृति, छुवाछुत, जातीय भेदभाव जस्ता कुराले पनि असफल वन्न पुग्छन र विद्यालय छोड्न् गरेको देखीन्छ । (सिलभिया एस्टन वार्नर पुस्तक टिचर वाट गुरु मैनाली शिक्षक मार्सीक पत्रिका साउन, २०६६)

शिक्षाका लागि समान अवसर विश्वव्यापी नारा हो समाजका सबै वालवालिका लाई समान रूपवाट शिक्षा प्राप्त गर्नु शिक्षाको लागि समान अवसर हो । समान अवसर प्रदान गर्दा सफलताको समान मौका मिल्छ । भन्ने कुराको कुनै ग्यारेन्टी हुदैन । परिक्षामा सबै पास गर्ने कुरा हुदैन । त्यो निश्चित र मानाङकमा आधारित हुन सक्छ । UNO ले सन् १९४८ डिसेम्बरमा मानव अधिकार घोषणा पत्र दफा २६ मा प्रत्येक मानिसलाइ शिक्षा पाउने अधिकार छ भनि उल्लेख गरेको छ । आजको धनि झन झन धनि बन्दै जाने गरिब झन झन गरिब बन्दै जाने स्थिती भएको छ । शिक्षित झन झन शिक्षित र अशिक्षित झन झन अशिक्षित हुदै जाने स्थिती, बढी रहेको छ । त्यसकारण शिक्षा लाई व्यापक नवनाउने हो भने शिक्षाको पहुँच सामान्य वर्गसम्म पुग्न सक्दैन (श्रेष्ठ, २०५८) ।

# अध्याय–तीन

## अध्ययनको विधि

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

पश्चिमाञ्चल विकाश क्षेत्र कास्की जिल्ला लेखनाथ नगरपालिकाको वडा नं. ९, १०, र ११ स्थित वेगनासतालको किनारामा बसोबास गर्दै आइराखेका पोडेजातीका ३८ घरपरिवारका पोडेजातिहरूलाई यस अध्ययनमालिइएको छ । यिनीहरूको जनसंख्या करिब २०० को हाराहारीमा रहेको प्रारम्भिक अध्ययनले देखाएको छ । सदरमुकामसँगै जोडिएको सुविधा सम्पन्न नगरपालिकामा रहेको यो बस्ती पोखराबाट केबल १७ कि.मिको दुरिमा रहेको भयतापनि यसबस्तीका मानिसहरू अन्यजातीको तुलनामा आर्थिक सामाजिक शैक्षिकरूपले पिछडिएको देखिन्छ । यसै वडामा सरकारी तथा निजि विद्यालय रहेतापनि यहाँका मानिसहरू शैक्षिक स्तरमा पछाडी परेको देख्न सकिन्छ । यसकारण विद्यालयको पहुँच क्षेत्रभित्र रहेरपनि शिक्षाआर्जनमा किनपछाडि परेको छ भन्ने विषयवस्तुलाई उनिहरूको आर्थिक पक्षसँग संम्बधित गराउँदै अध्ययनगरी यथार्थता पत्ता लगाउन र यो बस्तीको सामाजिक विकाशमा देखिएको सुस्तताको कारणहरू खोजीगर्न र कारण पत्ता लगाई यो बस्तीलाईपनि अन्य जाति सरह शैक्षिक प्रगतीको लागी पहलगर्न यो बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनैाट गरिएको हो ।

### ३.२ अनुसन्धान ढाचा

कुनैपनि अनुसन्धानात्मक कार्यमा अपनाउनुपर्ने सम्पुर्ण कार्य विधिको पुर्व तयारी स्वरूप तयार पारिएको बृहत योजना नै अनुसन्धान ढाँचा हो । यो अनुसन्धानमा मुख्यतः दुई प्रकृतीका ढाँचाहरू प्रयोगमा ल्याइएको छ ।

**क)** **वर्णनात्मक** : यस ढाँचा अन्तरगत सोध कार्यमा प्राप्त भएका तथ्याङक र सुचनाहरूलाई ब्याख्या तथा वर्णन गर्ने कार्य गरिएको छ ।

**ख)** **अन्वेषणात्मक** : यस ढाँचामा शोधकार्यमा भेटिएका कतिपय तथ्याङक र सुचनाहरूलाई प्रमाणित गर्ने विषयवस्तुहरू रहको छन् ।

### ३.३ तथ्याङकको प्रकृति र श्रोत

यस अनुसन्धानको लागि प्राथमिक र द्धितिय दुवै खालका स्रोतहरूबाट तथ्याङक संकलन तथा सुचना संकलन गरियका छन् । निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रहि विद्यालय, परिवार विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका भिडियो आदिबाट र स्वयम् अध्ययन क्षेत्रमा गई विवरणात्मक तथा विश्लेषणत्मकरूपमा तथ्याङ्क संकलन गरियकोछ।जसमा तथ्याङक गुणात्मक र संख्यात्मक रूपमा प्रस्तुत गरीएको छ ।

## ३.४ समग्रता र नमुना छनोट

यो अध्ययन तथा अनुसन्धात्मक कार्यमा यस लेखनाथ नगरपालिका ९,१०,११ मा बसोबास गर्ने पोडेजातीको छनौट गरीएको छ जसमा प्रत्येक घरको घरमुली महिला वा पुरुष लाई उत्तरदाताको रूपमा छनौट गरीएको छ । अत यस बस्तीमा ३८ घरपरिवार बसोबास गरी रहेका छन्भने लेखनाथ नगरपालीकाको पोडेजातीको बसाई केबल यिनै ३ वटा वडामा मात्रै रहेको छ ।

अतः यस अनुसन्धानको कार्यमा यस क्षेत्रका ३८ वटै घरपरिवारको समग्र जनगणना विधि अवलम्वन गर्दै विश्लेषण गरी उनीहरूको वास्तविक अवस्थालाई बाहिर ल्याउने प्रयास गरियको छ।

## ३.५ प्राथमिक तथ्याङक संकलनको विधि र प्रकृति

यस अध्ययनमा तथ्याङक संकलनका विभिन्न तरिकाहरू प्रयोग गरियको छ । ती तरिकाहरू यस प्रकार छन् ।

**क**) **अन्तरवार्ता अनुसूचि**:तथ्याङक संकलनको भरपर्दो र प्रभावकारी विधिकोरूपमा अन्तरवार्ता अनुसुचि बाट अन्तरवार्ता लिइन्छ । यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयं नै घरधुरी सर्वेक्षणमा प्रत्येक घर पुगी मुख्य व्यक्तिसँग नै प्रत्यक्ष संवाद गरी आवश्यक सुचिकृत प्रश्नहरू एवं अन्य समसामयिक प्रश्नहरूपनि सोधेरएकिकृत रूपमा तथ्याङक संकलन गरिएको छ ।

**ख**) **अवलोकन** : तथ्याङक संकलनका लागि अवलोकन पनि महत्वपुर्ण मानिन्छ । शोधकर्ता कतिपय अवस्थामा स्वयं त्यस समुदायको, सामाजिक आर्थिक सास्कृतिक गतिविधिहरू एवं घटनाहरूमा प्रत्यक्ष सरिक भई जानकारी लिइ सो सुचनालाई शोधकार्यको विषयवस्तु भित्र समावेश गराइयको  छ ।

**ग)** **समुहगत छलफल** : समुहगत छलफलवाट पनि उक्त जातीको आर्थिक सामाजिक सुचकहरू को बारेमा जानकारी लिइयको छ । जस अर्न्तगत त्यहाँका क्लबका अध्यक्ष, आमासमूहका अध्यक्ष, टोल सुधार समितिका अध्यक्ष, स्थानिय वयोवृद्ध प्रतिनिधिहरूतथा बुद्धिजिवी वडाका प्रतिनीधिहरूसँग पनि समूहगत छलफल तथा प्रतिनीधिमूलक तथ्याङ्क संकलन गरियको छ ।

**घ)** **घटना अध्ययन** : यस अध्ययन तथा अनुसन्धानलाई थप प्रमाण जुटाई प्रमाणित गराउने र शोध कार्यलाई सत्यताकोनजिक पुऱ्याउन ५ वटा घटना अध्ययनलाई समावेश गरियको छ ।

## ३.६ द्वितिय श्रोतको तथ्याङक संकलन

यस अनुसन्धान कार्यमा आवश्यक द्धितिय स्रोतको तथ्याङक एवं सुचनाहरू समावेश गरियको छ । जस्तैः

- नगरपालिकाको प्रोफाइल
- विद्यालय प्रोफाइल
- सम्बन्धित जातीको अन्य शोधकर्ताहरूको शोधपत्र
- स्थानिय पत्रपत्रिका लेख रचना
- पुस्तकहरू

## ३.७ तथ्याङक विश्लेषण तथा प्रस्तुतीकरण

यस अनुसन्धान कार्य संग संम्बन्धित तथ्याङकहरूलाई आवश्यकता अनुसार वर्णनात्मक तथा विश्लेषणात्मकरूपमा प्रस्तुत गरिएकोछ । सामान्यतया प्राप्त तथ्याङकहरूलाई तालिकिकरण र प्रतिशताङकमा उल्लेख गरी आवश्यकता अनुसार ब्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय-चार

## अध्ययन क्षेत्रको संक्षिप्त परिचय र सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण

### ४.१.१ भैगोलीक पृष्टभूमी(क्षेत्रफल तथा भू उपयोग)


विश्व मानचित्रमा यो नगरपालिका २८.५उत्तर देखि २८.१२ उत्तरी आक्षांश र ८४.२ पूर्व देखि ८४.८ पूर्व देशान्तर सम्म फैलियको छ।यस नगरपालिका सामून्द्रिक सतह बाट ४९० देखि १२१७मिटर उचाइ सम्म को भौगोलिक अवस्था पाइन्छ भने अधिकतम २५.५ डिग्री देखि न्यूनतम १३.० सेलसियस सम्म को तापकम पाइने यस नगरपालिका मा औसत २१ डीग्री सेल्सियस रहन्छ। अत यहाको भू उपयोग स्थिति को अवस्था यस प्रकार रहेको छ ।

**तालीका: ४.१भैगोलीक पृष्टभूमी (क्षेत्रफल तथा भू उपयोग)**

| भू.उपयोग क्षेत्र | क्षेत्रफल | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र(सडक,चरन,र अन्य समेत) | ५३०५.५७ | ६७.२१ |
| वन क्षेत्र | ११५३.३२ | २४.६२ |
| ताल,नदि एवं खोला | ८८७.९० | ११.२५ |
| आवास क्षेत्र | ३४२.१८ | ४.३४ |
| आवास क्षेत्र पहाडी | १२५.६१ | १.५९ |
| वाणीज्य आवास क्षेत्र | ५७.२५ | ०.७३ |
| संस्थागत क्षेत्र | २१.१७ | ०.२६ |

श्रोत. IUCN0-conservation and dev.plan of lekhnath municipality

**चित्र : ४.१भैगोलीक पृष्टभूमी (क्षेत्रफल तथा भू उपयोग)**




### ४.१.२ नगरपालिकाको बडागत जनसंख्या विवरण

ताल तलैया खोला नाला, बन जंगल तथा खेतीयोग्य फाँटहरूले सुसज्जीत यो नगरपालिकामा भौगोलीक रूपमा १५ बटा बडा मा विभाजन गरीएको छ । १४,९३७ घरधुरी भएको यो नगरपालीकामा जम्मा जनसंख्या ५५,१०५ जना रहेको यस नगरपालिकामा जनसंख्या तथा घरधुरीको आधारमा वडा नं. १ मा सवैभन्दा धेरै देखीयो भने सवैभन्दा थोरै घरधुरी र जनसंख्या वडा नं १० मा देख्न सकिन्छ । यसै गरी २.९५% जनसंख्या वृद्धिदर रहेको यो नगरपालिकामा ५.१५% जनघनत्व र ०.९५% वसाईसराई को स्थिती देख्न सकिन्छ ।

तालीका : ४.२लेखनाथ नगरपालिकाको जातिय आधारमा जनसांखिकरण (प्रतिशतमा)

| बडा नं. | जाती | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छेत्री | बाह्मण | मगर | गुरुङ | नेवार | दलित | | अन्य | जम्मा |
| | | | | | | अन्य | पोडे | | |
| १ | ७.२ | १८.९ | ७.४ | ३२.० | १.७ | १७.९ | ० | १४.५ | ८३०५ |
| २ | ८.६ | १५.९ | ५.६ | २७.७ | १.० | १३.८ | ० | २७.३ | ४१४७ |
| ३ | १८.८ | २७.२ | १२.६ | २०.८ | ३.० | ११.२ | ० | ६.४ | ३८१४ |
| ४ | ५.६ | ५९.८ | १.६ | ३.८ | ०.१ | २६.८ | ० | २.३ | २७७१ |
| ५ | ५६.३ | २०.५ | ३.८ | ६.५ | १.८ | ७.० | ० | ४.० | ४१२४ |
| ६ | १२.४ | ४९.० | ७.९ | २.१ | ०.२ | १७.३ | ० | ११.२ | १३४४ |
| ७ | ११.० | ४२.३ | ६.२ | १२.७ | ३.६ | १४.७ | ० | ९.६ | २९४४ |
| ८ | ८.४ | ५६.८ | १.५ | १५.२ | ५.३ | ६.२ | ० | १२.६ | ३५९७ |
| ९ | १३.३ | ५८.९ | २.६ | ४.७ | १.३ | १०.२ | ५.२ | ३.७ | ३०९६ |
| १० | १२.८ | ५८.४ | ०.१ | ३.८ | ०.३ | १५.८ | १.६ | २.२ | १६९१ |
| ११ | १३.६ | ३२.९ | २.१ | ११.९ | १.० | २२.४ | ० | १६.१ | ३५८७ |
| १२ | ११.६ | ४०.९ | १२.८ | ११.८ | ३.८ | १०.१ | ० | ११.३ | ५००१ |
| १३ | ९.६ | १८.७ | १७.४ | २१.५ | ५.० | १६.४ | ० | ८.६ | ५०१५ |
| १४ | २२.२ | ११.४ | २.५ | १३.७ | २.९ | १९.० | ० | ६.५ | २९८३ |
| १५ | ११.१ | ४३.४ | १.७ | ७.७ | ६.६ | २३.० | ० | ११.६ | ५५१०५ |

श्रोतः राष्ट्रिय जनगणना२०६८

जनसंख्या वृद्धिदर : २.९५

जनघनत्व : ५.१५

बसाईसराईको स्थिति : ०.९५

## ४.२.१ अध्ययन क्षेत्रको उत्तरदाताको सांस्कृतिक अवस्था

लेखनाथ ९,१०,११ का उनीहरूको सामाजिक अवस्था हिन्दू धर्ममा आधारित धार्मिक परम्परामा छ । हूनत यहाँ हाल आएर धर्म परीवर्तन  को प्रभाव देखियता पनी यहाका जन्म मृत्यू तथा अन्य संस्कारमा हिन्दू परम्परामा आधारित देखिन्छ । अत पोडे जातिले वर्तमान समयमा अपनाउदै आयको साँस्कृतिक परम्परालाइ मोटामोटी रूपमा निम्न पक्षमा आधारित भएर बिश्लेषण गरियको छ।

### ) जन्म संस्कार

वास्तवमा हिन्दू धर्मानूसार वैबाहिक सम्बन्ध राख्नू भनेको बच्चालाई जन्म दिनू  ठानियको छ। सोहि बमोजिम मानिसहरू यौबनास्था  भयपछि विवाह वन्धनमा वाधिने रित सवैको हून्छ । यसको सफलता भनेको वच्चा को प्राप्ति नै हो। वच्चाको जन्म पश्चात् नै सामाजिक जीवन सूरु हुन्छ ।

केही उच्च जातका स्त्री हरू गर्भवति भएको अवस्थामा केही छूत अछूत कूराहरू गर्न निषेध गरेको पाइएता पनि यो जातिमा यस्तो केहि प्रचलन रहेको पाइदैन।आजकल आयर केहि उच्च आर्थिक स्थिति भएका पोडेहरूपनि उच्च नेवारहरूले जस्तै भाक्कल तथा अन्य प्रकृया अपनाउन थालेको पाइन्छ। गर्भवति आइमाईलाई  जब वेथा लाग्छ त्यस बेला आवाश्यक सरसहयोगका  कूराहरू त्यही घर कि आइमाइ सदस्य बाट नै पूरा हुन्छ। र घरका आइमाइ नभय छरछिमेक इष्ट मित्र बाटनै पूरा हून्छ। जव बच्चाको जन्म हून्छ तत्पश्चात चामलको पोको माथि सालनाल राखेर पत्तिले काटिन्छ । सो सालनाल वेलूका सम्म घरमा नै राखिन्छ । सो सालनाल कोहीले न देख्ने गरि वेलूका घरको नजिकै आसपासको जमिनमा गाडिन्छ । र भोलिपल्ट गाईको  दूध ल्यायर सालनाल गाडेको स्थानमा पूजा गरिन्छ ।सोहि दिन नै अथात् वच्चा जन्मेको भोलिपल्ट नै वच्चाको न्वारान गरिने हूदाँ छैटि गर्ने परम्परा छैन । वच्चाको संम्पूर्ण कार्य फूपू भयसम्म फूपूले र नभय घरको मूख्य महिलाबाट नै हून्छ । सोहि दिन गाईको दूध भाडोमा राखि प्रत्येक हकदारका घरमा दूध छरिन्छ टाढाटाढाका हकदार हरू भए सोहि दूध पिनामा राखि घरमा लगिदिइन्छ। सो दूध मिसाइ लगेको पिनाले हकदारले मूख धोयपछि चोखियको मानिन्छ। तर घरमा भने आवाश्यकता अनूसार १२/१५ दिनमा मात्र पानि सुत्केरिलाइ छून दिइ चोख्याइन्छ।सोहि चोख्याउदा वा पानि छूदाका दिन नै वच्चाको नामाकरण गरिन्छ।यसरि नामाकरण गर्दा वच्चा जन्मेको मिती वा स्थान लियर ब्रामण ज्योतिषीका घरमा गयपछि ज्योतिषी ब्रामण ले टिपन गरी  नाम जूराइदिन्छन् । सोहि जूरेको

नाम हजूरआमा बाट नामाकरण गरिन्छ तर आजकल भने आर्थिक स्थिती राम्रो हूने पोडे हरूले उच्च नेवार जातिले गर्ने विधी अनूरूपजन्म संसकार गर्ने गरेको पाइन्छ।

## ) **पास्नी**

यस अध्ययन क्षेत्रका यो जातीमा पनि अन्य उच्च जातीहरूमा जस्तै वच्चाको भात खूवाई गर्ने परम्परा भयको पाइन्छ । यो जाती हरूका छोरा हरूलाइ ६ महिना र छोरीलाइ ५ महिनामा भात खूवाई गर्दछन्। यस पास्नी कर्ममा संपूर्ण ईष्टमित्र र छरछिमेकलाई बोलउदछन् ।बच्चाबच्चीको भात खूलाईमा हजूरआमाले नया लूगा वा कपडा अनिवार्य दिनू पर्दछ ।अन्यले पनि नया कपडा दिन्छन । बच्चाको मामा हरू पनि आउनू पर्दछ भने उनीहरूले दक्षिणा तथा कपडा दिने चलन गरेको पाइन्छ । पास्नी कार्यमा बोलाइयका इष्टमित्र र छरछिमेक लाइ आफ्नो स्थिती अनूसार भोजभतेर गराइन्छ। यस भोज भतेरमा जेरि खष्ट जस्ता मिठाई खूवाइन्छ । भात खूवाईमा नयां कपडाका साथै चांदीका गरगहना हरू पनि बच्चालाई दिने चलन रहेको पाइन्छ ।

## ) **चूडाकर्म**

चूडाकर्म संस्कार पनि यस क्षेत्रका उनीहरूलाइ राम्ररी थाहा नभएको वताउदछन् तर उनिहरू ब्रतबन्धको रूपमा नभई वच्चा ७ बर्षको भए पछि मात्र फूपुलाई बोलाइ सो वच्चाको कपाल फाल्ने काम गरिन्छ ।यिनिहरूले यो कपाल फाल्ने कार्य आर्थिक स्थिति अनूसार गरेको पाइन्छ ।कपाल फाल्ने ठाउमा चोखो गाइको गोवर र दूधले चोख्याइन्छ र उक्त स्थानमा चोखो कपडा समेत ओछ्याइन्छ । त्यस कपडामाथी मामाले वच्चाको टूप्पीको घेरा काटी सवै कपाल काटी सके पछि सो कपाल वच्चाको फूपूले थापी नदिमा लगेर सेलाउने काम गर्दछिन । त्यस पछि मामाले आर्थिक स्थिति अनूसार सकेसम्म नयां कपडाहरू वच्चालाई दिन्छन्। कपडा दिन नसके टोपी दिने चलन छ ।त्यस पछि मामाले भान्जालाई खाने कूराको रूपमा अण्डा माछा दिइ मामाले आशिर्वाद स्वरूप जात पायो कर्म गर्यो भन्दछन। त्यसपछि सबैलाइ बोलाइ भोज लगाइन्छ । सम्पति प्रसस्त हूने ले रागो काटी भोज लगाउछन् भने सम्पति नहूनेले सामान्य भोज दिन्छन।मामा र फूपुलाइ यसरी चूडाकर्मको मा सहयोग गरे वापत आफनो हैसियत अनूरूप फूपुलाइ दक्षिणा र मामालाइ खानपिनको व्यवस्थागर्ने प्रचलन पोडेजातीमा भयको पाइन्छ । तर आजकल यस्तो विधि पूर्वक वच्चाको कपाल फालेको पाइदैन। चूडाकर्मको रूपमा नभइ यो शूरुमा कपालफाल्नको लागी मात्र वावूहरूले यस्तो गर्दथे भनेर अध्ययन क्षेत्रका एक पोडे भन्दछन्।

) **गूफा वस्ने**

उच्च जातिका नेवारको गूफा बस्ने परम्परा भय जस्तै यस अध्ययन क्षेत्रका पोडे जातीमा पनि गूफा वस्ने प्रचलन भएको पाइन्छ । पहिलो पटक रजस्वला भएकी केटिलाइ दाजूभाइको अनूहार नहेरी नौदिन सम्म  गूफा को रूपमा अध्यारो कोठामा राखिन्छ।गूफा बाट निकालेपछि न्वाइ धोइ गरि सूर्यको पूजा गरी वेल संग विवाह गरी चूरापोते र नया कपडा दिने प्रचलन पाइयो। वेल संग विवाह गर्दा समूहगत रूपमा गर्ने प्रचलन रहेको छ।वेल संग विवाह गर्दा वेल राख्ने मानिसले आंखामा पट्टी वाधी सो वेल समूहका गुफा वस्ने केटिहरूलाइ दिन्छन। जस्ले वेल वाड्दा कसैको हातमा वेल दिने वित्तिकै फूट्यो भने वेल फूट्ने केटिलाइ थाहा भएसम्म कसैले विहे गर्दैनन्। वेल बाडीसके पछि केटिको हातमा परेको वेलमा परिवर्तन देखा पर्यो भने सोहि वेलमा देखापरेको रूप अनूसारको श्रीमान पाउछे भन्ने विश्वास छ।वेल हातमा पर्नासाथ श्रीमान राम्रो नराम्रो पाउने स्प्रस्ट देखिन्छ भन्ने विश्वास पनि पाइन्छ। यो गूफा वस्ने केटिहरूको संपूर्ण विधिको कार्य गाउको पूरानो मान्छेले गर्दछ।र त्यहा भोज भतेर पनि हून्छ। तर आजकल यस्तो प्रचलन व्यबहारमा क्रमस घट्दै गएको कूरा  अध्ययन क्षेत्रका एक जानकार ज्ञान बहादूर बताउँदछन् ।

) **विवाह**

विवाह एक सामाजिक सांस्कृतिक संस्था हो । जसले स्त्री तथा पूरुष लाई पारिवारिक जीवनमा प्रवेश गराउछ। स्त्री पूरुष दूवैका केहि विषेश नियम अन्तरगत यौन सन्तूष्टिको अवसर प्रदान गरी वच्चा जन्माउने व्यापक अधिकार प्रदान गर्दछ। विवाह एक विश्वव्यापी सामाजिक संस्था भयतापनि विभिन्न जाती हरूमा विवाह गर्ने तरिकामा जाति विशेष र स्थान अनूसार भिन्नता पाइन्छ।

यस अध्ययन क्षेत्र लेखनाथ न.पा. ९,१०,११ का यो समूदायमा पनि आफनै प्रकारको विवाह गर्ने नियम छ।उनिहरू आफनै जात भित्र (अन्तरजातिय) विवाह गर्दछन्।उनिहरूमा वहूपत्नी विवाहको प्रचलन छैन।विवाहित श्रीमती नमरीकन अर्को विवाह गर्न पाइदैन भने स्त्री ले पनि वहू पतित्व विवाह गर्न वन्देज लगायको छ। उ आफ्नो श्रीमान मरेको अवस्थामा विधवा भइ वस्नू पर्दछ।यो समाजमा भाइको मृत्यूपछि उसको निसन्तान विधवा संग विवाह गर्ने चलन छैन।तर साली संग विवाह गर्ने प्रचलन रहेको पाइन्छ । यस पोडे समूदायमा १५/१६वर्षमा नै छोरीको विवाह गर्दछन्।यस पोडे समाजमा जवरजस्ती लाने विवाह, प्रेम विवाह र मागि विवाह देखा परेका छन्।यि मध्ये मागि विवाहलाइ उत्तम मानिन्छ । तर पोडे

समाजमा आर्थिक अवस्था न्यून भयको कारणले गर्दा नै छोरा छोरी को विवाहमा पैसाको व्यवस्थागर्न नसक्नाका कारण बाटनै जवरजस्ती लाने विवाहको शूरुवात भयको अनूमान गरिन्छ। शूरु शूरु मा यस्तो जवरजस्ती तानी विवाह को प्रचलन भयता पनी आज भोली मू.ऐ.को प्रभावको कारणले यो जातीले पनि उच्च नेवारको विधी अनूसार नै विवाहमा वाजा गाजाका साथ दाइजो दिइ विवाह गर्ने गरेको पाइयको छ।तर यिनी हरूले आफ्नो जात भन्दा वाहिर विवाह गरेमा उनिहरूलाइ त्यती राम्रो मानिदैन ।

**क) जवरजस्ती तानीलाने विवाह**

यो जातिको आर्थिक स्थिती कमजोर भयको कारण विधि पूर्वक विवाह गर्न नसक्नूको कारण नै उनिहरूको यो विवाह प्रथा अपनाउने गरेको पाइयो।यस विवाह प्रथामा केटा केटिको वारेमा सबै कूरा गर्दछन् र केटा पक्षले समय मिलाइ केटि पक्षका लाइ थाहानै नदिइ केटिलाइ जर्वजस्ती केटा पक्षका घरमा लगिन्छ। यसरि केटि लैजान सहयोग गर्ने सहयोगि हरूलाइ केटाले जाँड रक्सी हरू खूवाउनू पर्छ।केटिको मन्जूरी नभयमा त्यहि उनिहरूको समाजमा नै कूरा मिलाइन्छ । उता केटि पक्षका घरमा भने गरिवको कारण कहि कतै काम गर्दै होली भन्ने ठान्दछन् र १,२ दिन नआएपछि विवाह गरि होली भन्ने अनूमान लगाउछन्।केहि समय पश्चात् सो विवाहको जानकारी दिन केटा पक्षले केटिका माइतमा खवर गर्दछन्।माइति पक्षका मानिसहरू केटाकेटीलाइ लिन जानू पर्दछ।आफै आउने प्रचलन छैन। दूरान आएपछि आफ्नो स्थिती अनूसार केटालाइ दाइजो दिने चलन छ।

**ख) प्रेम विवाह**

प्रेमविवाह भन्नासाथ दूवै केटा र केटि विच एक आपसमा प्रेम स्थापित भइ गरिने विवाह हो । यसरि केटाकेटि विच स्वइच्छा पूर्वक विवाह भयपछि छोरि ज्वाईलाई केटिका आमावावूले आफ्नो घरमा वोलाउछन्। आमावावू नभयमा दाजूभाइले वोलाउछन्र छोरीज्वाईलाई टिका टाला गरि दक्षिाणा दिन्छन्।त्यसरि उनिहरूविच प्रेम विवाह सम्पन्न भयपछि केटि पक्षले केटिलाइ फर्कायर फिर्ता गर्ने चलन छैन।यसरी विवाह भयपनि केटीका आमा वावूले केटिलाइ दाइजोपनि दिन्छन्।यस्तो प्रेम विवाहमा छरछिमेक हरूलाइ बोलाइ भोज भतेर दिने प्रचलन भने देखिदैन । तर आजभोलि आएर छरछिमेकलाई समेत बोलाइ भोज भतेर गर्ने प्रचलन देखापर्न थालेकोछ।

**ग) मागी विवाह**

यो जातिमा मागी विवाहको प्रचलन धेरै अगाडी देखि प्रचलनमा नआयतापनि आजभोलि मागी विवाहलाइ नै पोडे हरू उत्तम विवाह को रूपमा हेर्दछन् । आर्थिक संकटका साथसाथै विविध समस्याको वावजूद जवरजर्सति तानीलाने विवाह नै वढी प्रचलनमा रहेको पाइन्छ। यस मागी विवाह प्रचलनमा दूवै पक्ष केटा र केटी विच कूरा लैजाने एक जना मानिश हून्छ त्यसलाइ लमी भनिन्छ । लमिको माध्यमवाट केटा पक्ष केटिको घरमा केटिलाइ माग्न केटि पक्षको घरमा आउदछन्।केटा पक्षले केटि माग्न जादां ४वोटल रक्सी र मासू लिइ केटिको घरमा जानूपर्दछ।सो लगेको रक्सी र मासू खायपछि विवाहको कूरा चलाइन्छ। यसरि केटि पक्षका आमा वावूले छोरि दिन मन्जूर गरेमा आफ्ना दाजूभाइ वोलायर मैले छोरि दिय भनि सरसल्लाह गर्नूपर्दछ । विवाहको दिन किटान गरिन्छ।विवाहको दिन दूलाहा सहित वावू र अन्य इष्टमित्रहरू महिला हरू सहित जन्त जाने चलन रहेको पाइन्छ । केटीलाई उही दिन घरमा लाने चलन छ।छोरिको वावूआमा ले छोरिलाइ विवाहको अन्तमा केटा पक्षलाइ केटिपक्ष चिनाउने र दर्शन भेट गराइन्छ । विवाह सकियको ४ दिन पछि दूलाहा दूलह लाइ माइतिघरमा दूरान फर्काउन लगाइन्छ । सो दूरान फर्काउदा केटाले केटिको माइतिमा कोशेली लिइ जाने चलन छ। यसरी गरिने मागि विवाहमा केटा र लमिलाइ प्रसस्त अण्डा खूवाउने चलन पनि छ।केटा पक्षले आफनो इष्टमित्रहरूलाइ भोज पनि दिने प्रचलन छ।

**घ) पार पाचूके**

केटाकेटिको विचमा बैवाहिक सम्वन्ध स्थापित भइसकेपछि राम्रो सम्वन्ध कायम हून नसकेको अवस्थामा यस समुदायमा पारपाचूके गरि सम्वन्ध विच्छेद गर्ने प्रचलन छ । यस समूदायमा जून पक्षको चित्तनवूझी छोडपत्र गर्न चाहेको हो उसले नै अर्को पक्षलाइ चित्त वूझाउनू पर्दछ।स्वइच्छाले दूवै पती पत्नी ले छोडपत्र गर्न चाहेमा अवदेखि हामी दूइ छूट्टाछूट्टै भयो भनि पारपाचूके गर्दछन्।सो पारपाचूके आफनै समाजका भलाद्मी को रोहवरमा गर्ने चलन छ।सम्पति हूने लोग्ने मान्छेलेश्रीमती लाइ आफ्नो स्थिती अनूसार पारपाचूके गर्दा सम्पती दिइ चित्त वूझाउनू पर्दछ अन्यथा नेपालको कानून अनूसार चल्नू पर्दछ। स्वास्नी मानिशले लोग्ने सँग पारपाचूके गर्न चाहेको स्थितीमा लोग्नेलाइ पनि चित्त वूझाउनू पर्दछ। दूवै पति पत्नि विच छोडपत्र भइ सकेपछि पून सम्वन्ध स्थापित हूदैन।

## ) अन्तेष्टी कार्य

मानिस जन्म पश्चात एकदिन अवश्य नै मर्न पर्छ । यो प्राकृतिक अनिवार्य क्रियाहो। तापनि मानव जिवनको इहलिला समाप्त भयको क्षणले मानविय भावनालाइ वेस्सरी दूखाउछ। मृत्यू पश्चात मानिशको जिवन कहां र कता पूग्छ भन्ने रहस्यमय कल्पनाले गर्दा प्रत्येक समाजमा मृतकको दाह संस्कार गर्ने क्रममा विशेस कर्म हरू विकशित भयको पाइन्छ। यसरि अन्तिम संस्कारको रूपमा गरिने कर्मलाइ अँन्तेष्टी कर्म भनिन्छ ।

यस अध्ययन क्षेत्रका यस समाजमा पनि मृत्यू संस्कार आफ्नै प्रकारका विधि विधान अनूसार गर्दै आयको पाइन्छ।यस समाजमा मानिश मर्न लागेको थाहा पाएपछि पिडिमा राखिन्छ र त्यो मानिशलाइ मृत्यू पश्चात आगन मा राख्ने चलन छ। मर्ने वेलामा सो मान्छेलाइ केहि इच्छा भय इच्छा जाहेर गर्न सोध्ने चलन पनि छ। मानिसको मृत्यु भयपछि छरछिमेक स दाजूभाई लाइ खवर गर्न का साथै छोरि ज्वाइ भय छोरी ज्वाइलाई खवर गरिन्छ । सानो कम उमेरको वच्चा मरेको भय जमिनमा नै गाडिन्छ भने ठूलो उमेरको भय नदीमा लगि पोल्ने चलन छ। लास जलाउँदा सकेसम्म दाजूभाइ सबैको उपस्थिति हूनू पर्दछ भने छोरी ज्वाइ अनिवार्य उपस्थिति हूनू पर्दछ । आवाश्यक सवै मानिस जम्मा भइसके पछि वाँस हरू काटि कपडाको व्यवस्था गरि लासलाइ घारमा कस्नू पर्दछ र लासलाइ  अविरमाला पहिराइ शूरुमा छोराले खाना  नखाइ वोक्नू पर्दछ र त्यस पछि पालैपालो बोक्ने चलन छ। लास लैजान लाग्दा लास भन्दा अगाडी एक जना हिडि लाभा, एक गून्द्रि र वासँ चिरि वनाएको भिक्रा वाली दाहिने हातमा च्यापि केही अगाडि चोक बाटोमा लगी राखेर फर्के पछिमात्र लाश लाइ जलाउन नदिमा लगिन्छ । लास नदीमा पुराएपछि छोराहरूले सम्पूर्ण रौंहरू खौरन पर्दछ र न्वाइ ध्वाइ गर्नू पर्दछ। अन्य मलामीहरूले चिता तयार गर्दछन् । त्यसपछि छोरा र मलामि हरूले  लासलाइ पानि खूवाउछन् । बावू मर्दा जेठो छोरा र आमा मर्दा कान्छो छोराले वासको भिक्रा वालेर ३ पटक सम्म लाशको परिक्रमा गरि मृतक को टाउको मूनि बाट आगोको राँको लगाइ दिन्छन् त्यसरि लास जलाइ सकेपछि छोराले करुवा लाइ कपडाले छोपी घरमा लिइ आउछन।घर  नजिक आइपूग्दा लास लैजादा लगेको खरको मूठोवाटोमा जलाइन्छ र सवै मलामिले त्यस आगोमा हात सेकाउदछन्तत् पश्चात् मलामी हरूलाइ जाड रक्सी खानको लागि पैसा दिने चलन छ। ७दिन सम्म क्रिया वस्ने र अन्तिममा सवै मलामी लाइ वोलाइ रागो काटि मासू र फर्सिको तरकाली सँग भोज खूवाउने चलन छ।छोरीलाइ चोलो र ज्वाईलाइ टोपी यक जोर भाडाकूँडा र आर्थिक स्थिति अनूसार दान दक्षिणा दिने चलन छ ।

त्यस पछि ४५ दिनका दिनमा लट्टयाको काम गरिन्छ यो पितृ कार्य हो यसमा छोरी ज्वाइ लाइ र सवै मलामी लाइ वोलाइ खानपिन गराइन्छर छोरीज्वाइ लाइ दक्षिणा पनि दिइन्छ। छमहिनामा गरिने कार्यको लागि धेरै खर्च हुदैन केवल छोरिज्वाइलाई वोलाइ सामान्य दक्षिणा गरिन्छ।अन्तत मरेको वर्षदिनमा गरिने अन्तिम पितृ कार्यमा छोरि ज्वाइ र मलामी सवैलाइ वोलाइ दालभात तरकाली खूवाउने चलन छ। छोरिलाइ चोलो ज्वाइलाइ टोपी दक्षिणा दिनूपर्दछ। यस पोडे समाजमा आफ्नो स्थिति हेरी ४५ दिन ६महिना वा १वर्ष सम्म आफ्ना आमा वावूको वरखी वार्न वा दूख वोक्नू पर्दछ। प्रत्येक वर्ष पितृको नाउँमा प्रत्येक दशैको नवमी र श्रीपन्चमीका दिन पितृलाइ सम्झी शूद्वभइ चोखो गरी खानेकूरा चडाउने प्रचलन रहेको छ।

### ) भाषा

यो जाती नेवार जातभित्रको अछूत तथा तल्लो जात भयको हूदा उच्च नेवार जातले नेवार जात र पोडे जातीले वोल्ने भाषा यउटै नेवारि भाषाहो।तरपनि यस अध्ययन क्षेत्रका पोडेहरूले वोल्ने भाषा र उच्च नेवारहरूले वोल्ने भाषामा अधिकांश एउटै भएपनि केही रूपमा शव्दहरूफरक रहेको पाइयो । आर्थिकरूपले जतिनै परिवर्तन भयपनि वोलीको शैलीले यो पोडे हो भनेर किटान गर्न सकिने कूरा यहाका वूढापाकाले भन्दछन् । यो जातिले वोल्ने भाषाका केहि शव्दहरूको तालिका यस प्रकार छन् ।

| **यिनीहरूको प्रचलित भाषा** | **नेवारी** | **नेपाली** |
|---|---|---|
| लासा | मला | गून्द्रि |
| जिचाजिलाजू | ज्वाई | |
| नाल | पानि | |
| डूसी ग्याडये मानी | डूसी पामानी | कोदो सूकाउने |
| थन वा | आन वा | यँहा आउ |
| जा जा | भात | |
| खूसी | खूसी | खोला |

नेवारी जाती संरचना हेर्दा यो पनि हिन्दु धर्म अन्तरगतको संरचना जस्तै छ । जसमा उच्च पदको ब्राह्मण देखी तल्लो जातीका विभिन्न पद देख्न सकिन्छ । जन्म मृत्यु संस्कार विवाह

गुठी संञ्चालन आदि सबै कार्यमा तल्ला देखी उपल्ला जातिहरू विच प्रकार्त्यात्मक सम्बन्ध रहेको छ । प्रत्येक जातीहरूको छुट्टा छुट्टै सामाजिक संस्कृतिक कार्यहरू हुने गर्दछ । जसमा यस नेवार समुदायमा रहेको जातीय संरचना यस प्रकार छ ।

क) पुजारी : जसमा गुभाजु, बज्राचार्य, जोसी आदि समुह पर्दछन् ।

ख) उच्चजात : उदास र श्रेष्ठ

ग) उच्च न्युन जात : ज्यापु, ग्वाला

घ) तल्लो जात : माली, रन्जितकार

ङ) अछुत : यस अन्तरगत नेवार जातका सबै भन्दा तल्लो जात जसलाई छोयो भने छीटो हाल्नु पर्ने मान्यता छ जसमा पोडे, च्यामे आदी जात पर्दछन् ।

यसैगरी पेशागत रुममा पनी विभाजन गरेको पाइन्छ ।

तुलाधर : व्यापारको काम गर्ने

स्वर्णकार : सुनको काम गर्ने

कंसकार : ढलोटको काम गर्ने

अवाले : टायलको काम गर्ने

मधिकर्मी : मिठाइ वनाउने

माथि उल्लेख गरीएको जातिय संरचनामा आवध्ध समुहहरू मध्ये आफनो आफनो समुदाय भित्र मात्र सामाजिक संबन्ध रहन सक्ने उल्लेख गर्दै विशेषत विवाहवारीमा अन्तरजातीय विवाह गर्न नसकीने, खानपानमा बन्देज तथा तल्ला च्यामे पोडे जातीहरू संग छुन नहुने जस्तो कठोर जाति व्यवस्था वाट समाज संञ्चालन भएको तथ्य उल्लेख गरेका छन् ।यसरी हेर्दा सांस्कृतिक र भाषिक रूपमा समानता देखीयको नेवारी जातको अछुत जाती यो सबैभन्दा तल्लो अछुत जाति पोडे लाई सामाजिक रूपमा दलीत र अछुतको दृष्टीले हेरेकोले पनि उनीहरूको आर्थिक, सामाजिक, संस्कृतिक, शैक्षिक विकाशमा पछि परेको छन् ( अधिकारी र घिमीरे, २०६०) ।

## ४.३. अध्ययन क्षेत्रको उत्तरदाताको सामाजिक र जनसांख्यिक अवस्थाको विश्लेषण

### ४.३.१ घरमुलीको आधारमा उमेर अवस्था

उमेर एउटा समयको अन्तर थाहा पाउने माध्ययम हो । जसले गर्दा को कति वर्षको भयो र कुन कती सालले ठुलो वा सानो छ भन्ने थाहा पाउन सकीन्छ । यदि उमेरको अन्तरले नै विभिन्न गतीविधीमा फरक देख्न सकीन्छ । यस्तै यो समुदायको उत्तरदाताको उमेर कति देखी कती सम्म छ तल तालीकामा देखाइएको छ ।

**तालीका४.३ :उमेरको आधारमा उत्तरदाता**

| उमेर | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ८ | २१.०५ |
| ३०-४० | २० | ५२.६३ |
| ४० भन्दा माथी | १० | २६.३२ |
| जम्मा | ३८ | १०० |

स्रोत स्थलगत अध्ययन २०७१

तालीकामा देखाइए अनुसार २०-३० को उमेरका जम्मा ८ जना अर्थात २१.०५ प्रतिशत छन भने ३०-४० सम्मको २० जना अर्थात ५२.६३ प्रतिशत रहेका छन् भने ४० भन्दा माथीको उत्तरदाताको संख्या १० जना अर्थात २६.३२ रहेको पाइयो । उत्तरदाताको अवस्था हेर्दा ३०-४० उमेरको अवस्था ५२.६३ प्रतिशत अर्थात २० जना पाइयो ।

### ४.३.२ पारिवारीक संरचना

विषेशत हाम्रो देशमा परिवार जम्मा एकात्मक र संयुक्त गरी २ प्रकारको देख्न सकीन्छ । यस समुदायमा रहेको पारीवारीक संरचना यस प्रकार छ ।

**तालीका नं.४.४ परिवारको आधारमा उत्तरदाता**

| पारीवारीक संरचना | सख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ३४ | ८९.४७ |
| संयुक्त | ४ | १०.५३ |
| जम्मा | ३८ | १०० |

स्रोत स्थलगत अध्ययन २०७१

तालीका हेर्दा पारिवारीक संरचनाको आधारमा यो समुदायको अवस्था हेर्दा अधिकाशं एकात्मक परिवार रहेको देखिन्छ । जसमा एकात्मक परिवारमा ८९.४७ प्रतिशत देखियो भने संयुक्त परिवारको संरचनामा १०.५३ प्रतिशत मात्र देखीयो । यसरी हेर्दा यो समुदायमा एकात्मक पारिवारीक संरचनाको वाहुल्यता पाइयो ।

### ४.३.३ धर्म र देव देवता

मानव जगतलाइ हेर्ने दृष्टिकोणमा भौतिकवादी दृष्टिकोण र आध्ययत्मवादी दृष्टिकोणमा आधारभूत भिन्नता रहेको पाइन्छ। जातिय विभाजन अनूसार यहाँ पोडेहरूको धर्म प्रति वर्गिकरण गरेको बंशावली पाइदैन र यस पोडे जाति नेवार जाति भित्रको अछूत जात भयको हूदा नेवारको वर्गिकरण गर्ने क्रममा यसलाइ हिन्दू धर्म र वौद्ध धर्ममा स्पष्ट नराखी स्थान विशेष यि दूवैको समिश्रणमा भएको पाइयको छ।तर प्राय पोडे च्यामे हरू हिन्दू धर्मालम्बी भयको देखिन्छ भने यस अध्ययन क्षेत्रको कूरा गर्दा हाल आएर केहि मात्र मा धर्म परिवर्तन गर्दै क्रिष्चियन धर्ममा आकर्षित भयको पाइयो।

यो जातिको मूख्य चाडपर्वको रूपमा श्रीपंचमी रहेको भयता पनि हिन्दू धर्ममा मनाइने सम्पूर्ण चाडवाड यिनीहरूले मनाउछन्। माघ महिनामा पर्ने श्रीपंचमी मा आफना छोरीज्वाइ इष्टमित्र सबै आफन्त लाइ वोलाइ ४दिन सम्म मनाइने यो चाडमा कालो सूगूरको मासू भैसींको मासू कूखूरा र खसनदीको मासू अनिवार्य आवाश्यकता पर्दछ।शूरुशूरुमा ४दिनसम्म मनाइने यो चाड हाल आएर ३दिनमात्र मनाउने प्रचलन छ।यसै गरी कूल पूजा तथा वराहा पूजा पनि यिनीहरूको संस्कारका महत्वपूर्ण पूजामा पर्दछन्।वर्षैपिच्छे दशैंको नवमी तिथीमा यकै गोत्रका दाजूभाई को उपस्थितीमा शूद्धभइ फूलपाती अक्षता अण्डा गाइको दूध उखू अदूवाको सूठो ले कूलदेवताको पूजा गर्दछन।

**तालीका ४.५ : धर्मको आधारमा उत्तरदाता**

| धर्म | घरधूरी | प्रतिशत |
|---|---|---|
| हिन्दू | २५ | ६५.७९ |
| क्रिष्चियन | ११ | २८.९५ |
| दूवै | २ | ५.२६ |
| जम्मा | ३८ | १०० |

स्रोत स्थलगत अध्ययन २०७१

अत तालीका४.५ अनुसार अध्ययन क्षेत्रमा रहेका ३८ घरधूरी मध्ये ११ घरधूरीले धर्म परिवर्तन गरेर क्रिष्चियन धर्म मा लागेको पाइन्छ। भने २५ घरपरिवारमा भने हिन्दू धर्म नै मानियको पाइयो। यसैगरी २ घरपरिवारमा यकै घरपरिवारका सदस्य हरू पनि फरकफरक धर्म मानेको पाइयो।

### ४.३.४ स्वास्थ्य तथा खानेपानी

अध्ययनमा समावेश गरियको पोडे वस्तीमा स्वास्थ्य सेवा को सूवीधा पूग्न सकेको देखिदैन।साधारण उपचनरको लागि समेत प्राइभेट क्लिनिक मा जानूपर्ने अवस्थारहको त्यहाँका स्थानिय हरू वताउदछन् । परिवारनियोजनको साधनलाई भने आजकल का यूवा पिडीतहरूले प्रयोगमा ल्पाउने गरको बताउँदछन ।

खानेपानी र शौचालयको वारेमा कूरा गर्दा अध्ययनमा संलग्न ३८घरधूरीको अवस्थामा सन्तोष जनक पाइन्छ।जस्तै

**तालीका४.६ :शोचालय सूविधाको आधारमा उत्तरदाता**

| विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|
| शौचालय भएको घर | ३७ | ९७.३६ |
| शौचालय नभएको घर | १ | २.६४ |

स्रोत स्थलगत अध्ययन २०७१

माथिको तालीकामा पोडे वस्तीमा रहेको शौचालयको उपलब्धताको अवस्थालाई देखाइएको छ।कूल ३८ घरमा ३७ घरमा शौचालय भने एक घरमा शौचालय बन्न नसकेको देखियो।

**तालीका ४.७ :खानेपानीको सूविधा**

| घर संख्या | धारा संख्या (सार्वजनीक धारा) | औषत प्रति घर |
|---|---|---|
| ३८ | ६ | ६ |

स्रोत स्थलगत अध्ययन २०७१

करिव ६ घर बराबर एउटा धारो पर्ने गरी टोलटोलमा धारो राखिएको भएता पनि हिउदको समयमा आवाश्यक पानीको आपूर्ती हून नसकेको साथै पानिको मूलको श्रोत सानो भइएको कारण हिउदको समयमा दिनको एक पटक विहान २,३ घन्टा भन्दा पानि उपलब्ध हून नसकेकोत्यहाका खानेपानी व्यवस्थापक ज्ञानू जलारी वताउछन्। सूगम क्षेत्रको नगरपालीकामा वसोवास गर्ने यीनीहरूहरू अन्य क्षेत्रको यो जाती भन्दा आर्थिक सामाजिक राजनैतिक सांस्कृतिक रूपले पछाडी परेको देख्न सकिन्छ । मिश्रीत समाज भयको उक्त वडा हरूमा उनिहरूको पनि बाहूल्यता भयता पनि इतिहासकाल देखिनै ब्राहमण क्षेत्रीको नै वोलवाल तथा नेतृत्व चलीआयको अवस्थाले पनि यहाँका दलीत तथा जाति जनजाति आर्थिक सामाजिक राजनैतिक सांस्कृतिक को मूल्याङकन गर्न सकिन्छ ।

### ४.३.५ शिक्षाको अवस्था

कूनै पनि राष्ट्रको समग्र विकाशको कारण नै शिक्षा हो । आज विश्वका जति पनि राष्ट्र बिकशित छन् त्यसको कारण ति देशले शिक्षामा गरेको प्रगति नै हो।त्यस कारण भन्न सकिन्छ कूनैपनि समाज चेतनशिल बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम हो । वास्तवमा आज हाम्रो देश विकशित हून नसक्नूको कारण पनि इतिहास काल बाटनै हाम्रो देश मा विभिन्न खाले उतार चडाव तथा राजनैतिक खिचातानिले गर्दा राज्यले शैक्षिक विकाशमा उचित ध्यान दिन नसक्नूनै आज नेपाल विश्वको  अविकसित  राष्ट्र हूनूको मूख्य कारण हो ।

बि.सं. २००७ सालमा प्रजातन्त्रको उदय हूनू भन्दा अगाडी सर्वसाधारण नेपालीले शिक्षा आर्जन गर्न सक्ने क्षमता थिएन। प्रजातन्त्रको मिर्मिरे उज्याले संगै शिक्षाको ज्योति पनि शहर हूदै गाउ गाउ सम्म फैलिदै गयो। तरपनि यस अध्ययन क्षेत्रका पोडे जातीमा शिक्षा आर्जनमा आज सम्म पनि पछाडी परेको देख्न सकिन्छ।शूरु शूरु  मा गाउँ नजिक बिद्यालय

नहूनाले पढाइको बारेमा अनभिज्ञ जलारी हरू गाउँको नजिकै विद्यालय खूलेको भए तापनी यो जातीमा पढ्नूपर्छ भन्ने भावनाको विकाशहून सकेन । सूकूम्वासी सानो टूक्रा जग्गामा जिविको पार्जन वाध्य जलारी हरूको विहान वेलूकाको छाक टार्न जाल थाप्नू  माछा मार्नू साथै विक्रि वितरण गर्नू जस्तो दैनिक काम र शूल्क तिर्न पैशा जूटाउन नसकेरपनि आफुहरू पढ्न नपायको वताउदछन्। अध्ययन क्षेत्रका बृद्ध पोडेहरू । बि.सं.२०३१ सालमा जब प्राथामिक शिक्षा निशूल्क भयो मूलूकमा जातिय दमन तथा शोषणमा  केहि सूधार हूदै गयो त्यसपछि क्रमस केहि केटकेटिहरू विधालय जान थालेको भयतापनि विचैमा पढ्न छोड्ने तथा मूस्किलले प्राथामिक तहसम्म पूरा गर्ने गरेको र विषेश गरी छोरालाइमात्र पढाउने गरेको छोरीलाइ घरयासी काम मा लगायको भाइवैनी हेर्ने सरसफाइका काम मा लगायको त्यस क्षेत्रका महिलाहरू वताउदछन्।

वच्चा हरू लाइ काम गर्न सक्ने भयपछि केटाहरूलाइ आफ्नो माछा मार्ने पेशाको सहयोगिका रूपमा काम गराउनू र छोरीलाइ घरयासी सरसफाइ तथा भान्छाको काममा लगाउने तथा सानैमा विवाह गरिदिने हूनाले यहाका पोडे हरू मा शिक्षाको प्रभाव देखिदैन। पढे पनि नपढे पनि यहि माछा मार्ने पेशानै अपनाउनू पर्ने भयपछि पढेर के काम भन्ने मानशिकताका कारण यो क्षेत्रका जलारी हरू  पढाइमा रुचि दिदैनन्।तर पनि यूवा हरूमा भने शिक्षाको वारेमा सकारात्मक विचार रहेको पाइन्छ। तर लोकतन्त्रको स्थापना पछि सरकारले राष्ट्रिय साक्षर अभियान चलायो। निरक्षर पोडेहरूमा यसले केहि मात्रामा साक्षर बन्ने अवसर प्राप्त गरेको पाइन्छ।अहिलेको नया पूस्ताले भने आफ्नो वच्चालाई शिक्षा दिनू पर्छ भन्ने बूझेको छ र पनि पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पूर्‍याउन सकिरहेको छैन।

### ४.३.६ साक्षरताको अवस्था

यस अध्ययन क्षेत्रमा गरियको घरधूरी सर्भेक्षण वाट प्रत्येक घरमूलीको शैक्षिकअवस्था के कस्तो रहेको छ। भन्ने अध्ययन पनि गरियको छ किनकि घर मूली साक्षर  भयो भने मात्रै परिवार  साक्षर हून्छ। अत  उक्त तथ्याङक लाइ तालीकामा उतार गरियकोछ।

**तालीका४.८ :शिक्षाको आधारमा उत्तरदाता**

| | कूल संख्या | साक्षर | साक्षर प्रतिशत | निरक्षर | निरक्षर प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| घरमूली महिला | ६ | २ | ३३.३३ | ४ | ६६.६६ | १००% |
| घरमूली पूरुष | ३२ | २२ | ६८.७५ | १० | ३१.२५ | १००% |
| जम्मा | ३८ | २४ | | १४ | | |

स्रोत स्थलगत अध्ययन २०७१

अत तालीका ४.८ अनुसार यस वस्ती हरूमा धेरै जसो घरमूली पूरुष नै देख्न सकिन्छ भने, त्यसमा पनि तूलनात्मक रूपमा पनि पूरुष नै बढि साक्षर देखिन्छ।तरपनि त्यो साक्षरता स्तर न्यून तथा टिकाउ नहूनेखालको देखिन्छ। किनकि कतिपय घरमूलीले हालको साक्षरता अभियान बाट साक्षर भयकोले यसको निरन्तरता  नपाय पछि लेख्न पढ्न नजान्ने कूरा बताउदछन। अत यस तालीकामा उल्लेख भय अनूसार कूल ३८ घर धूरीमा  ३२ जना पूरुष घरमूली रहेको पाइयो जस्मा २२जना(६८.७५) साक्षर र १०जना (३१.२५) निरक्षर रहेका छन् भने ६ जना  घरमूली महिला मध्ये २जना (३३.३३) साक्षर र ४ जना(६६.३३) निरक्षर रहेको देखिन्छ।उक्त साक्षरता सङ्ख्या भित्र सामान्य लेखपढ गर्न जान्ने लाइ मात्र समावेश गरियको छ।

### ४.३.७ पोडे जनसंख्यामा साक्षरता अवस्था

अत यस अध्ययन अनूसन्धान कार्यमा समावेश गरियका ३८ घरपरिवारको कूल जनसंख्या १७७ मध्ये महिला ९४ र पूरुष ८३ जना रहेको पाइयो। उक्त अध्ययन क्षेत्रको सर्वेक्षण गर्दा निम्न अनूसारको साक्षरता स्थिति देखियो।

**तालीका४.९ : उत्तरदाताको शिक्षाको अवस्था**

| उत्तरदाता | कूल संख्या | साक्षर | निरक्षर | प्रतिशत |
|---|---|---|---|---|
| महिला | ९४ | ५२ | ४२ | ४४.६८ |
| पूरुष | ८३ | ५७ | २६ | ३१.३२ |
| जम्मा | १७७ | १०९ | ६८ | औषत |

स्रोत स्थलगत अध्ययन २०७१

तालिका ४.९बाट के स्पष्ट हून्छ भने यस बस्तीमा  रहेका कूल १७७ पोडे मध्ये २६ जना पूरुष र ४२जना महिला निरक्षर देखियो । औषतमा पोडेहरू निरक्षर रहेका छन्।यसरि समग्रमा हेर्दा खेरी पोडेहरूको साक्षरतादर राम्रोनै देखियता पनि यो दर दिगो टिकाउ देखिदैन।किन भने केवल नाम लेख्न र पढ्न मात्र जाने को मात्रा धेरै छ ।यसैगरी माथिको तालीका अनूसार घरधूरी सर्वेक्षणमा संलग्न ३८ घरधूरीका ६ महिला  र ३२ जना पूरुष मध्ये घरधूरी निरक्षरता पत्ता लगाउने क्रममा महिला ४  जना(३३.३३% ) र पूरुष १० जना ( ६८.७५%) औषत ३६.८४% जना घरमूली निरक्षर भेटियो हालसम्मको शैक्षिक अवस्थाको विश्लेषण(तहगत रूपमा) ।

अनूसन्धानको क्रममा घरधूरी बाट प्राप्त सूचक हरूलाई आधार वनाइ प्रत्येक घर परिवारका पोडेहरूको तहगत शैक्षिक अवस्थालाइ तालिकीकरण गरीयको छ । जसमा अध्ययनरत र अध्ययन छोडीसकेका शिर्षकमा छूट्यायर हेर्ने प्रयास गरीयको छ।

**तालीका४.१० :तहगत रूपमा यो जातिले हासिल गरेको समग्र शैक्षिक अवस्था**

| शिक्षाको तह | जम्मा संख्या | अध्ययनरत संख्या | अध्ययन छाडेको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| प्राथामिक | ७१ | २९ | ४२ | ५९.१५ |
| नि.मा.वि. | ३७ | १७ | २० | ५४.०५ |
| मा .वि. | २० | ११ | ९ | ४५ |
| एस.एल.सी | ८ | ३ | ५ | ६२.५ |
| उच्च शिक्षा | ११ | ६ | ५ | ४५.४५ |

स्रोत स्थलगत अध्ययन २०७१

तालीका४.११ लाई विश्लेषण गरेर हेर्दा तहगत रूपमा हाल अध्ययनरत र विगतमा उक्त तहमा अध्ययन गरेर छोडेको विवरणलाई पनि समावेश गरि तहगत रूपमा पढाई छाड्ने प्रतिशत हेर्दा प्राथामिक तहमा (dropout) प्रतिशत हेर्दा प्रथामिक तहमा ५९.१५ प्रतिशत नि.मा.बि.मा ५४.०५ मा.बि.तहमा ४५प्रतिशत  एस.एल.सी.मा ६२.५ र उ.मा.बि.मा ३६.३६प्रतिशत ले आफ्नो अध्ययन गर्न छाडेको पत्ता लागेको छ।यस बाट के पूष्टि हून्छ भने सबैभन्दा धेरै एस.एल.सी र प्रा.बि. को पढाई पछि पढ्न छाडेको पूष्टि भयको छ । भने समग्रमा उच्च शिक्षा हासिल गर्ने पोडे हरूको संख्या न्यून देखिन्छ।हाल ६ जना ले उच्च

मा.बि.को अध्ययन गरिरहेको पाइयो।हाल सम्म एस.एल.सी पास भइ उच्च शिक्षा हासिल कूनै पनि पोडेहरूले सरकारी वा निजि जागिर खायको देखियन ।बरु १,२ जना बिदेश तिर गयको पाइयो ।

**सरकारी तथा निजी बिद्यालयको भर्ना अभिलेख २०७१ को विवरण**

यस अध्ययनमा समावेश गरियका ३८ घरपरिवार वाट विभिन्न सरकारी तथा केही विद्यार्थी निजी विद्यालयमा भर्ना गरियका छन्। यस अध्ययन क्षेत्रको तिनै वटा वडा बिद्यार्थी हरूले पढ्न प्रयोग गर्ने बिभिन्न बिद्यालयको भर्नाविवरण हरू को तथ्याङक हरू हेर्दा शूरुका अवस्थामा विद्यालय भर्ना गरिने संङख्या वढि देखियता पनि पछिल्ला वर्षहरू क्रमस कक्षा बढ्दै जाँदा संङख्या घट्दै गयको देखिन्छ।

**४.३.८ शिक्षाको बारेमा समूहगत धारणा**

पोडे जाति को शैक्षिक अवस्था माथि उठ्न नसक्नूको मूख्य कारण के के होलान्। भन्ने प्रश्नमा त्यहाका बिभिन्न सामाजिक संस्था हरू का प्रतिनिधिहरू क्लव आमा समूह, शिक्षक तथा समाजसेवी हरू संगको छलफलबाट बिभिन्न निष्कर्ष प्राप्त भयो जून यस प्रकार छ ।

स्थानिय सामाजिक संघसंस्था तथा समूहगत छलफलको बूझाइमा पोडे,जातिको शैक्षिक अवस्था

**तालीका : ४.११ पोडेजातीको शैक्षिक अवस्था बारेमा समूहगत धारणा**

| छलफलमा संलग्न समूह | सहभागी संख्या | प्राप्त उत्तर |
|---|---|---|
| स्थानिय पोडे समाजका अध्यक्ष | ४ | आम्दानी को वचत गर्ने वानी को विकाश हून नसक्नू ।आफनो पैतृक सम्पती नहूनाले घर धान्न कमाइ गर्नूपर्ने वाध्यताले गर्दा पढाइमा जोड दिन नसक्नू |
| स्थानिय समाजसेवी तथा वडा प्रतिनिधीहरू बट सचिव | ४ | अभिभावक हरू अशिक्षीत हूनू साथै शैक्षिक चेतना नहूनू परम्परागत पेशामा सानो उमेरबाट लगाउनू,सानो उमेमा विवाह गर्ने चलन । |
| स्थानिय आमा समूहका अध्यक्ष | ४ | केटा हरूलाइ काम गर्न सक्ने भयपछि सानो उमेरमै आफ्नो पेशामा लाग्नू र केटि हरूको सानो उमेरमा विवाह तथा संम्पूर्ण घरयासी काम गर्नू पर्ने वाध्यता |
| शिशू स्याहार का शिक्षक तथा संचालक समिती प्रतिनिधिका | ४ | आर्थिक कमजोरी तथा शिक्षाको महत्व बूझ्न नसक्नू |

| | | |
|---|---|---|
| अध्यक्ष | | |
| पोडे विध्यार्थी पढ्ने विद्यालयका अध्यक्ष | ४ | सानो उमेरमा भर्ना नगर्ने ठूलो भएपछि विद्यालयजान नमान्ने, केटा हरूलाइ माछा मार्ने काम मा सहयोगीको रूपमा लगाउनू केटिहरूलाई घरयासी काम मा बढि लगाउनाले परिक्षामा फेल हूने र फेल भयपछि पढ्न छाड्ने मा |
| स्थानिय क्लवका अध्यक्ष | ४ | दैनिक माछा मार्न जानू पर्नाले थकाइ लाग्ने काम गर्दा गर्दा विहान विद्यालय जान ढिला हूने गृहकार्य गर्न नभ्याउने फेल हूने तथा पढेका हरू पनि रोजगारी नपायर यहि पेशा अपनाउनू परेको अवस्थाले पढाइको महत्व घटेको छ। |

स्रोत स्थलगत समूह छलफल

माथि तालीकामा देखाइएको समूहगत छलफलबाट आयको उत्तर वा निष्कर्षलाइ विश्लेषण गर्दा शैक्षिक अवस्था कमजोर हूनूमा गरिवी तथा शैक्षिक महत्व बूझ्न नसक्नू नै जिम्मेवार रहेको पाइयो । दैनिक माछा मार्नजानू पर्ने वाध्यता आफ्नो खेती पाती गर्ने जग्गा जमिन नहूनाले सवै उपभोग्य सामान खरिद गर्नूपर्ने हूनाले वचत गर्न नसक्नाले जिविकोपार्जन गर्न हम्मेहम्मे परेकाले आफ्ना छोराछोरी पढाइमा भन्दा कमाइ पट्टि जोड दियको पाइन्छ। उक्त पोडेबस्तीमा काम गर्न सक्ने उमेरका प्रोढ देखि लियर १२,१५ वर्ष सम्मका किशोरहरू समेत जाल थाप्ने माछामार्ने काम गर्ने गरेको पाईएको छ। यसैगरी घरधूरी सर्वेक्षणको क्रममा घरमूली सँग तपाईको परिवारमा शैक्षिक अवस्था किन कमजोर छ किन तपाइहरू पढाइलाई जोड दिनूहूदैन, सानोमा वच्चा वच्ची भर्ना गरेपनि किन पढाइमा निरन्तरता दियको पाइदैन भन्ने प्रश्नमा ३८ घरधूरी मध्ये २७ जनाले गरिवी को कारण पढाइ छूटाउनू परेको कारण देखाय भन ११ जना घर मूलीले अज्ञानताका कारण पढाइको महत्व नबूझेर हो। पढेर के गर्न सकिन्छ सरकारी नोकरी गर्न हाम्रो पहूचँ पूग्दैन बरु कमाइ गरे पछि घर चलाउन सजिलो हून्छ भन्ने तर्क पेश गरेको पाइयो।

यस्तै गरि पढाइ सम्बन्धी अर्को प्रश्न तपाइका छोरा छोरीहरूले बिचैमा पढाइ छोड्नूको कारण केहो भन्ने प्रश्नमा करिव २५ जना घर मूलीबाट छोरीले घरको काम गर्नू पर्ने र छोराले वावू सँग माछामार्ने जाल थाप्ने काम मा जानूपर्ने जवाफ आयो। भने करिव १३ जना घरमूलीले आफ्ना केटाकेटिहरूलाइ पढ्ने अनूकूल वातावरण मिलाउन नसकेको र शिक्षाको महत्व नवूझेको कारण पढाइ छाडेको वताउदछन्। प्रा बि सम्मको पढाइ पढ्दा पढ्दा छोडेर घरमा बसेका हिम ब. जलारी सँग किन पढाइ छोडेर घरमा बसेको भन्ने प्रश्न गर्दा

उनि भन्दछन् । वावा सँग माछा मार्न जाल थाप्न मा हिड्नू पर्ने भयकाले दैनिक विद्यालय जान नपाइने हूनाले पढायको नबूझिने गृहकार्य गर्न नभ्याइने जस्ता कारण ले शिक्षक शिक्षिकाले गाली गर्ने हूनाले पढाइ छोडेको बताउँदछन् । अब उनले आफ्नो पूर्ख्यौली पेशा लाइनै अबलम्बन गर्ने बताउदछन्। बास्तवमा त्यो ज्ञान जलारी नै यस जलारी समूदायको समग्र किशोर हरूको (जो पढाइ छोड्न वाध्य छन्) प्रतिनिधी पात्रहो र सबै को अवस्था मिल्दो जूल्दो देखिन्छ । तर यकाध किशोरको अवस्था भने भिन्न हून सक्छ ।

यस बस्तिका समग्र पोडे जातीको शैक्षिक अवस्था कमजोर रहनूमा निम्न कारणहरू विद्यमान रहेको यो अध्ययन बाट देख्न सकिन्छ ।

- शैक्षिक चेतनाको कमी
- उत्पादनको लागि आफ्नो निजि जग्गा नहूनाले सबै उपभोग्य सामानको खरीद गर्नू पर्नाले आम्दानीको को वचत गर्न नसक्नू ।
- अघिल्लो पूस्ता पूर्ण रूपमा निरक्षर हूनु ।
- विद्यालय जानूपर्ने वच्चा वच्ची काम गर्न सक्ने भयपछि पेशागत काम जाल थाप्ने माछा मार्ने काम मा जानू पर्ने वाध्यता ।
- सानो उमेरमा बिवाह गर्ने चलन ।
- पेशामा अधिक समय खर्चनू पर्ने बाध्यता ।
- अभिभावक काम मा जाने हूनाले घर तथा भाइबहिनि हेरेर वस्नू पर्ने वाध्यता।

# अध्याय-पाँच

## उत्तरदाताको आर्थिक अवस्थाको विश्लेषण

नेपाल एक कृषि प्रधान देश हो । यहाँका ८१ प्रतिशत मानिश कृषि पेशामा निर्भर छन् । आजको २१ औं सताब्दिको विकशित अवस्थामा पनि हाम्रो देशमा भने व्यवसायिक कृषि प्रणाली को विकाश भइनसकेकोले हालको अवस्थामा जिबिकोपार्जन कृषि प्रणाली नै देख्न सकिन्छ। अधिकांश जाती जनजाती तथा समूदायले हाल सम्मपनि आफ्ना पूर्ख्यौलीपेशा नै अपनायर जिबिकोपार्जन गरिरहेको देख्न सकिन्छ। यस्तै आफ्नो पूर्ख्यौली पेशामा जिबिकोपार्जन गर्दै आयका लेखनाथका पोडे समूदायको आर्थिक स्थिति पनि कमजोर देखिन्छ। आफ्नो निजि जग्गा जमिन नभयको कारण पेशा परिवर्तन गरि कृषितिर पनि मोडिन नसकिने र माछामार्ने मात्र कामले दैनिक खर्च टार्न मूस्किल पर्ने हूनाले यस समूदायमा गरिवी ,अशिक्षा, तथा अन्य समस्या हरूले यो समाज आजको २१ औं शताव्दिमा पनि ज्यादैनै पछाडी परेको देखिन्छ।दैनिक रूपमा साँझमा तालमा जाल थाप्न सूरु गरीन्छ यो काम रातको १० ,११ बजे सम्म लाग्दछ भने बिहान ४,५ बजे वाट उठेर तालमा बिच्छ्याइयका जाल मा परेको माछा संकलन गर्दै जाल जम्मा गर्ने तथा बजार लगि बेच्ने कार्य ले नै यिनीहरूको दैनिक दिनचर्या बितेको हून्छ ।

### ५.१ माछा मार्ने पेशा

यस क्षेत्रमा वस्ने संपूर्ण पोडे हरूको जिविकोपार्जन गर्ने मूख्य आधार माछा मार्ने नै हो।प्राकृतिक रूपले मनोरम बेगनासताल को किनारामा बसोवास गर्दै आयका यिनीहरूको आफ्नो स्वामित्वमा पैत्रिक जग्गाजमीन रहेको छैन । भने हाल आएर एक दूइ जना ले केही जग्गा जोडेको भेटिएता पनि त्यो नगन्य नैछ । कृषि उत्पादनको मात्रा कतिपनी छैन माछा मार्ने पेशा बाहेक अन्य पेशा अपनायको पनि भेटिदैन । पहिले स्याङ्खूदी बाट आउने स्याङ्खूदीखोलामा माछा मारेर ज्यादै मूस्किलले आफ्नो जिविको पार्जन गर्ने यहाँका पोडेहरू को जिवन पद्दती मा बि.स. मा वेगनाशतालमा बाँध बनायपछि भने केहि सरल र सहज तरीकाले जिवीको पार्जन गर्न सकियको कूरा यहाका पोडेहरूको अनूभब रहेको छ। तर बिभिन्न किसिमका अत्याधूकि माछामार्ने विषादि तथा करेन्ट तथा बिधूतिय साधनहरूको प्रयोग गरेर विभिन्न ठाउँबाट आयका मानिशहरूले माछा मारिदीनाले साना भूरा हरू मर्ने र अन्य सकमिक रोग हरूले माछा को संख्यामा कमि आउनाले यहाका पोडे हरूको पूर्ख्यौली

पेशामा विभिन्न वाधा हरू आयको र पेशा वाट जिविकोपार्जन गर्न कठिन भयको यस समूदायको गूनासो हरेको छ।

अतह । यस क्षेत्रका पोडेहरूको ३८ घरधूरि धरको व्यवसायिक अवस्था तथ विवरण निम्न अनूसार तालीकामा देखाइयको छ।

**तालीका५.१ :पेशागत बिवरण**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| माछा मार्ने मात्र | ३२ | ८४.२१ | |
| माछामार्ने र रेस्टूरेन्ट | ३ | ७.८९ | |
| रेस्टूरेन्ट | २ | ५.२६ | |
| बैदेशिक रोजगार | १ | २.६३ | |
| जम्मा | ३८ | १०० | |

स्रोत स्थलगत अध्ययन २०७१

तालिका ५.१ हेर्दा यस पोडे वस्तीका ३८घर मध्ये अधिकाशं अर्थात ३२ घर(८४.२१ प्रतिशत) परिवार शूद्ध माछा मार्ने मात्र पेशा बाट जिबिकोपार्जन गर्दै आयको देखियो । यि परिवार हरू को वारेमा कूरा गर्दा यिनी हरूको संम्पूर्ण धरपरिवारका आवाश्यकता ह्रू माछा मारेर नै चलाइरहेको भेटिएको पाइयो। पहिले पहिले सत प्रतिशतले नै यो पेशा अपनायकोमा हाल २,३ वर्ष को यो अन्तरालमा केहि यूवा हरू होटल ब्यवसायमा आकर्षित भयको यहाका यक बृद्ध आइत बहादूर पोडे बताउँदछन् । यस्ता होटल ब्यवसाय गर्ने हरू २ जना मात्र अर्थात ५.२६ प्रतिशत रहेका छन् भने यिनीहरूको आम्दानी तथा आर्थिक अवस्था राम्रो देख्न सकिन्छ। यिनीहरूको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था राम्रो देखियको छ ।

यसै गरी ३ जना घरमूली भने माछामार्ने को अतिरिक्त रेष्टूरेन्टको पेशा अपनायको पाइयो। उनिहरूको बिचारमा माछा मार्ने पेशा पूर्ख्यौली पेशा भएकोले यसलाइ निरन्तरता दियतापनि आफु रेष्टूरेन्ट वाट बढि सन्तूष्ट भयको बताउदछन्।उनिहरूको भनाइमा पूर्ख्यौली पेशा बाट आफुहरूको जिबन गूजारा गर्न हम्मे हम्मे परेको अवस्था मा नया ब्यवसाय अपनाउनू

आफ्नो रहर नभइ वाध्यता मान्दछन् भने यिनीहरूको पनि शैक्षिक आर्थिक सामाजिक अवस्था मा अन्यको तूलनामा सूधार आयको देख्न सकिन्छ।

नेपालमा बढ्दो बैदेशिक रोजगारीको लहर ले विभिन्न समाज समूदायमा प्रभाव पारेपनि यहाको समूदायमा खासै प्रभाव पारेको दखिएन। एक जना घरमूली सहित जम्मा ३ जना को संख्यामा बैदेशिक रोजगारीमा बिदेशियको पाइयो । यो संख्या नेपालमा बिद्यमान परिबेशमा तथा अन्य जाती जनजातिको तूलनामा ज्यादैनै कम मान्न सकिन्छ ।

पोडे जातिका बयोबृद्धहरूको कूरा सून्दा यहाका पोडेहरू लामो समय बाट यहाँ माछामार्दै आफ्नो जिबिकोपार्जन गर्दै आयको मा बेगनासतालमा को बाँध निर्माणवाट केहि सकारात्मक प्रभाब देखियता पनि बिभिन्न बिधुतिय यन्त्र बिष तथा अन्य आधूनिक साधनले माछा मारीदीने, महंगोमा किनेर थापेका जाल चोरी तथा काटीदिने हूनाले यो पेशा मा असूरक्षीत भएको बताउदछन्।

यतिका लामो समय सम्म बस्दा पनि पोडे हरूले आफ्नो निजि जग्गा भने बनाउन सकेका छैनन । सूकूम्वासीको नाम मा  नेपालका हजारौं रोपनि जग्गाहरू दर्ता भइसकेको अवस्थामा यहाका जलारी हरूको धरटहरा भयका ४,५ आना सम्म पनि दर्ता हून नसक्नूले पनि यिनीहरूको राजनैतिक, प्रशासनिक, शैक्षिक तथा सामाजिक विकासमा कती सम्म पछाडि परेका छन् भन्ने देख्न सकिन्छ । कृषिको नाम मा खाने तरकाली रोप्ने सम्म जग्गा नभयका पोडेहरूको संम्पूर्ण  उपभोग्य सामान हरू खरिद गर्नू पर्ने हूनाले पनि यिनीहरूको जिबन स्तरमा प्रगती हूननसकेको देखिन्छ ।

## ५.२ पशूपालन

हाम्रो नेपाली समाजमा पशूपालन हालको समयमा पनि प्रयाप्त मात्रामा देखियता  पनि ब्यवसायीक पशूपालनको भन्दापनी आफ्नो आवाश्यकता पूर्तिको लागी मात्र पालीयको देखिन्छ। गाइ भैसी भेडा वाखा कूखूरा हास परेवा बंगूर सूगूर जस्ता पशूपंछीहरू  विशेष गरि  दूध तथा मल र मासूको लागी पाल्ने चलन छ । पोडे हरूमा भने यो चलन केहि मात्रामा फरक नैपाइयो। हूनत यहाका पोडे हरूले खेतीपाती नगर्ने भयर होला यीनीहरूले केवल हास र कूखूरा पाल्नेको संख्या धेरै देखियो। जून विवरण निम्नप्रकारतालीकामा देखाइयको छ।

**तालिका ५.२ :अध्ययन क्षेत्रको पशूपालन स्थिती (प्रति घरपरिवार)**

| विवरण | भेडा | हास | परेवा | कुखुरा |
|---|---|---|---|---|
| **संख्या** | १० | २० | | २४० |
| **प्रति घर** | ०.२६ | ०.५३ | | ६.३२ |

स्रोत स्थलगत अध्ययन २०७१

उपरोक्त तालीकाको अनूसार यस अध्ययन क्षेत्रमा चौपाया जनावर मध्ये केवल यक घरमा १० वटा भेडा पालेको देखियो भने अन्य घरमा हास कूखूरा बाहेक अन्य पशूपंक्षी पालेको पालेको भेटियन। तिनै पशूपंक्षी पनी व्यवसायिकरूपमा नभइ केवल आफूले प्रयोग गर्न तथा घरखर्च चलाउन को लागी पालेको देखियो। यसको कारण घर वाहेक अन्य प्रयोनजको लागी प्रयाप्त जग्गा नहूनू  खेति पाती गर्ने जग्गा नहूनू आदी देखियो।

### ५.३ व्यापार व्यवसाय

जातिय रूपवाट तल्लो जाती तथा अछूत भनेर चिनीने यो जाती लाइ व्यापार तथा व्यवसायमा सामाजिकरूपमा वन्देज हूनाले केवल माछामार्ने पेशामा मा मात्रै सिमीत रहेको हाल आयर केहि यूवा हरूले साधारण रेष्टूरेण्ट तथा स साना लज खोलेर व्यापारीक जिवनको सूरुवात गर्न थालेका छन । आफूले उत्पादन गरेका माछा बाट होटल हरूले मनग्य रूपया कमाय पनि आफ्नो उत्पादनको  उचित मूल्य नपाएपछि यस्तो विकल्प रोजेको र यो पेशा वाट सन्तोष जनक आम्दानी गरेको त्यहाका होटल व्यवसायी गोविन्द जलारी वताउदछन्। यस पोडे वस्तीमा ३८ घरपरिवार मध्ये जम्मा ५ घरपरिवार होटल व्यवसायमा लागेको देखियो र पेशा वाट सन्तोषजनक आम्दानी गरेको  देखिन्छ ।

### ५.४ नोकरी

वास्तममा मर्यादित अनि सरल जिवनयापनको लागि नोकरी पेशालाई सबैभन्दा उत्तम पेशा मान्ने गरीन्छ । यस्तो पेशालाई जागिरपनि भनिन्छ । नेपालमा जागिर वा नोकरी गर्नुलाई सम्मानित र इज्जतीलो पेशाको रूपमा हेरिन्छ किनकि नोकरीको लागि शिक्षा वा योग्यताको अनिवार्यता भएकाले सरकारी होस या गैरसरकारी सेवामा प्रवेश गर्ने त्यो वर्ग विद्धान वर्ग मानिन्छ । त्यसैले धेरै पढि राम्रो जागिर पाउने आशाले मानिसहरू शिक्षा आर्जन तर्फ प्रयत्नशिल रहेको देखिन्छ ।

हाम्रो देश नेपालको सन्र्दभमा कुरागर्दा रोजगारीको क्षेत्रमा विस्तार हुन सकेको छैन । रोजगारी सृजनाको लागी हुनुपर्ने प्रयाप्त कलकारखाना तथा उद्योग हरूको विकाश हुन नसक्नुले पनी हाम्रो देशमा रोजगारीका अवसर सृजना हुन सकीरहेको छैन भने , सरकारी कार्यालय तथा सेना, प्रहरी, शिक्षक लगायतको क्षेत्रले मात्रै देशको बढ्दो बेरोजगारी थेग्न नसकी धेरै युवाहरू विदेश पलायन हुनुका साथै देशभित्र पनि शैक्षिक बेरोजगारीको संख्या दिन प्रतिदिन बढ्दो छ ।

देशमा विद्मवान राजनैतिक अस्थिरता, दलिय स्वार्स्थ भ्रष्टाचार, नातावाद, कृपावाद, घुसखोरी हावी भइरहेको अवस्थामा, स्वस्थ प्रतिस्पर्धा हुन सकेको छैन भने सक्षम ब्यक्तिले भन्दा राजनैतिक भागवण्डाको आधारमा असक्षम ब्यक्तिले रोजगारीको अवसर पाउने अवस्थापनि बढ्दो छ । नेपाल एक कृषि प्रधान देश भएको नाताले राज्यले कृषिबाट रोजगारीको सृजना गर्नुपर्ने अवस्थामा राज्यले सही मार्गनिर्देशन गरेर कृषिको विकाश र व्यवसायीकरण तर्फ जान नसक्नाको कारण परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिढिलाई आकशित गर्न सकेको छैन् ।

कुनै पनि ब्यापार तथा ब्यवसायमा सुरक्षाको प्रत्याभुति राज्यको दायित्व हो तरपनि हाम्रो देशमा राज्यले जनताको ब्यापारव्यवसायमा प्रयाप्त रूपमा सुरक्षा गर्न नसक्नुले पनि जनताले ब्यापारव्यवसायमा लगानी गर्न नसक्नुले पनि राज्यले औधोगिकरणमा बढ्नसकेको छैनभने यसले रोजगारीको सृजनामा अवरोध पुगेको देखिन्छ । जसका कारण लाखौं युवाहरू आज विदेशी मुलुकमा श्रम बेच्न बाध्य भएका छन् भने देशभित्र ब्यापारव्यावसाय गर्न डराएका छन् र नोकरीको अवसर वाट बञ्चित हुन पुगेका छन् ।

यस अध्ययन क्षेत्रको सन्र्दभमा कुरागर्दा यस पोडेजातिको ३८ घरमा ११ उच्च मा.वि तथा ८ जनाले S.L.C पास गरेका छन् जसमा पुरुष ७ जना र महिला ४ जनाले उच्चशिक्षा हासिल गरेको देखियतापनि यहाको एकजना पनि मानिसले सरकारी तथा निजी नोकरी गरेको देखिदैन । वरु ३ जना आफ्नै ब्यावसाय तथा अन्य सम्पुर्ण पोडेहरू आफ्नै पुख्यौली पेशामा जिविको पार्जन गर्न वाध्य छन् । यहाँको रोजगारीको बारेमा कुरागर्दा केबल १ जना बैदेशिक रोजगार देख्न सकिन्छ भने उच्च शिक्षा हासिल गरेका ब्यक्ति पनि बेरोजगारी बसेको अवस्थाले पनि यहाँको बस्ती तथा समुदायमा शिक्षा आर्जन प्रति नकारात्मक धारणा पैदा भएको देखिन्छ । यस अध्ययन क्षेत्रका एकजना ब्यक्ति ज्ञान बहादुर जलारी भन्दछन् हामीले जती पढेपनि सरकारी तथा राजनैतिक पहुँचको कमीले कुनैपनि रोजगारीको अवसर प्राप्त गर्न सकिदैन अन्तत पुख्यौली पेशानै अँगाल्न बाध्य छौँ । त्यसकारण पनि हामिले पढेर

कुनै अवसर प्राप्ती गर्न सकिदैन भने पढ्नुको सट्टा आफ्नो पुख्यौली पेशानै समयदिन उचित ठान्छौ त्यसकारण हाम्रा बच्चा बच्चीहरूपनी अक्षर चिन्ने भएपछि विद्यालय जानलाई खासैध्यान दिदैनौ भन्दछन् ।

## ५.५ आर्थिक/शैक्षिक पृष्टभुमि

नेपालको पर्यटकिय क्षेत्र पोखरा सगैं जोडिएको यस लेखनाथ नगरपालीकाको अध्ययन क्षेत्र (९,१०,११) मा पोडेजाती हरूको अलावा ब्रामण, क्षेत्री, गुरुङ्ग, मगर, दमाइ, कामी, सार्की हरूको पनी बसाई रहेको छ ।

वि.स २०४१मा बाँध हाल्नु भन्दा अगाडि हालको आकारको बेगनासताल भन्दा पहिले वेगनास ताल आकारमा सानो थियो भने वरिपरि खेतियोग्य जमिन र स्याङखुदि खोलाले सींचित यो क्षेत्र वि.स २०४१ मा चाइनासरकारको सहयोगमा बाँद निर्माण भएपछि यो तालको आकार बढेर हालको आकारमा आएको र यसले त्यहाँको पोडेजाती हरूको पेशामा सुधार आयको देख्न सकिन्छ । विगतमा समथर क्षेत्रमा औलो, विफर को महामारी प्रकोपले गर्दा त्यो वेशिको फाँटमा खेती गरेतापनि बासबस्न गाँउमा जाने यहाँका ब्रामण क्षेत्रीको चालचलन भएतापनि यि पोडेजातीहरूभने केबल माछा मार्ने पेशा बाहेक अन्य खेतीपाती तथा कृषिमा सरिक नहुनुले गर्दा यिनिहरूले जग्गाजमिनको सँकलनमा ध्यान नदिएको देख्न सकिन्छ । आफ्नो पेशा बाहेक अन्य पेशामा विचार नगर्ने यहाँका पोडेजातिको जग्गाको विवरण हेर्दा ३/४ आना त्यहिपनी दर्ता नभएको देख्नाले पनि विगत बाट नै पोडेजाती केबल एउटै पेशामा मात्र आवद्ध भएको र जग्गाजमिन संकलन तथा कृषिमा चासो नदिएको देख्न सकिन्छ ।

२००७ सालपछि देशमा प्रजातन्त्रको आगमन पछि देशमा विभिन्न परिर्वतनहरूको सुरवात भयो । जसअर्न्तगत शिक्षामा रहेको बन्देज खुला भई जनताको छोराछोरी लाई पढ्न र शिक्षित गराउन को लागी देशका शहरी तथा ग्रामिण क्षेत्रमा विभिन्न विद्यालयहरूको निर्माण तथा पठनपाठनमा राज्यले ठुलो लगानी गऱ्यो । यस्तै प्रकृया अर्न्तगत यस अध्ययन क्षेत्रका वरिपरिपनि विभिन्न सरकारी मा.वि. तथा प्राथमिक विद्यालयहरू निर्माण गरीय तर आर्थिक अवस्था चेतनाको कमिले गर्दा दियो मुनीको अँध्यारो जस्तै वरिपरि विभिन्न विद्यालयहरू भएता पनि यस क्षेत्रका पोडेहरूमा शिक्षा सम्बन्धि चेतनाको विकाश, विद्यालय जानुपर्ने धारणाको विकाश , तथा यिनिहरूलाई शिक्षाको अवसर प्राप्तीको लागी नत सरकार, न गैर सरकारी संस्था तथा नत स्थानिय निकायले नै पहल गऱ्यो जसको कारण

आजको २१ औं शताब्दीको समाजमा पनि शैक्षिक विकाश तथा चेतनामा यो बस्ती पछाडी परेको छ ।

किन विद्यालय खुलेपनि यहाँका बच्चाबच्चीहरू विद्यालय जादैनन् त ? भन्ने प्रश्न मा बाबु आमा ले माछा मार्ने तथा बेच्न बजार जाने गर्नाले घर कुर्ने, आफु भन्दा साना भाईबहिनी हेर्नुपर्ने र कामगर्न सक्ने भएपछि बाबालाई आफ्नो पुख्यौली पेशामा सघाउन जानुपर्ने बाध्यताले गर्दा तथा एक दुई जना बच्चा बच्ची गइहालेपनि शुल्कतिर्न नसक्नु नियमित उपस्थिती नहुनाले फेल हुनु, जातिय छुवाछुतले गर्दा पनि विद्यालय नजाने तथा छोड्नुपर्ने बाध्यता रहेको थियो भन्दछन् यहाँका एक जना स्थानिय वयोबृद्ध ।

समयको परिवर्तन सँगै विभिन्न कालखण्डमा हाम्रो देशमा ठुला तथा साना धेरै परिवर्तनहरू आएका छन् भने जनताका सेवा सुविधामा पनि केहिमात्रामा भएनि सुधारका आवस्था आयको देख्न सकिन्छ । यसरी नै २०३१ साल पछि प्राथमिक शिक्षा निशुल्क घोषणा तत्कालीन सरकारले गरेपछि नेपाली समाज सिमान्तीकृत वर्ग, गरिब, जाती जनजाती पिछडिएका वर्ग हरूमा पनि बच्चा बच्ची भर्ना गर्ने लहर नै चल्यौ । तर त्यो भर्ना दर टिकाउ भने रहन सकेन विद्यालय भर्ना हुने अनि छाड्ने प्रवृति बढ्दै गयो । यो कुरा विद्यालयका अभिलेख वाट पुष्टी हुन्छ । यसको बारेमा सम्बन्धित निकाय तथा संघसंस्थाको ध्यान जानसकेन जसको प्रभाव हालसम्म पनि देख्न सकिन्छ । २०४६ सालको आन्दोलनले नेपाली समाजमा प्रजातन्त्रको पुर्नस्थापना सँगै हरेक गाँउगाँउ मा जागरण आयो मौलिक हक, अधिकार, जमिनदारी मुखियाली प्रवृतिको अन्त्य, जातिय छुवाछुत विरुद्ध जातिय मुक्तिको आन्दोलन पनि चल्नथाले । तर पनि यो पोडे जातीमा खासै राजनैतिक सामाजिक, साँस्कृतिक प्रभाव पर्न सकेन जसको कारण आजको २१ औ शताब्दीमा पनि यिनिहरू शैक्षिक चेतनामा कमजोर छन् । हुनत विद्यालय भर्ना प्रति केही जागरुक भएतापनि पारिवारिक साँस्कृतिक तथा आर्थिक समस्याले गर्दा यिनि हरूको विद्यालय भर्ना केबल साक्षरताको लागि मात्रै भयो । न, कि उच्च शिक्षा हासिल गर्नलाई जसको कारणहरू खोज्दै जाँदा निम्न प्रकार देख्न सकिन्छ ।

१) गुजारा प्रथामा आधारीत माछामार्ने पेशा ।

२) ठुलो परिवार संख्या र कृषि उत्पादन नहुनु ।

३) कम उमेरमा विवाह गर्ने चलन ।

४) सानै बाट घरायसी काम तथा पेशामा लाग्नुपर्ने बाध्यता ।

५) अभिभाव को शैक्षिक चेतनाको कमि ( महत्व नबुझ्नु )

६) अन्य व्यवसाय नहुनाले खर्च पुऱ्याउन, धान्न कठिन ।

अत : माथिका बुँदाहरू नै वास्तवमा यस पोडे बस्तीको शिक्षा आर्जन गर्न नसक्नाका मुख्य कारणहरू हुन् यसको आधारमा भन्न सकिन्छ यो समुदायको शिक्षा आर्जनको मुख्य बाधकनै यहाको कमजोर आर्थिक स्थिती अथवा गरिबि हो । आफ्नो पैत्रीक सम्पती नहुनु आफुहरू अशिक्षित हुनु पुख्यौली पेशाले  दैनिक गुजारा बाहेक केहि गर्न नसक्नु जस्ता कारणले शिक्षामा पछाडि पर्न गएको देखिन्छ ।

हाल आएर केही युवाहरूले रेष्टुरेन्ट पेशा अपनाएता पनि अझै सम्म पनी यहाका ८४-२१% पोडे माछामार्ने पेशा मै जिविको पार्जन गर्दै आइरहेका छन् । भने यिनि हरूको दैनिक गुजारा मात्र छ यो पेशा बचत तथा अन्य कृषि उत्पादन नहुनाले यहाको आम्दानी सँकलन देख्न सकिदैन ।

यस क्षेत्रका बिचमै पढ्न छोड्न बच्चाबच्चीको अवस्था हेर्दा केटिहरू घरायसी कामकाज, सरसफाइ गर्ने देखियो साथै कम उमेरमै विवाह गरेर गएको देखिन्छ  भने युवाहरू आफ्नो वावु तथा समुहसँग जाल थाप्ने, माछामार्ने, जाल बुन्ने, माछा बेच्न जाने तथा सहयोगीको रूपमा कामगर्न र घरका साना भाइबहिनि हेर्ने, घर कुर्ने जस्ता क्रियाकलापमा संम्लग्न देखिन्छ । किन पढाई छोड्यौ त भन्ने प्रश्नमा अधिकाँश पोडेहरू भन्दछन् । सबैभन्दा पहिलो प्राथमिकता लाउन खानको लागी हुन्छ त्यसको लागी कामगर्नु पर्दछ भन्ने उत्तर अधिकाँशको भेटियो भने केहीको फेल भएर भन्ने आयो यसैगरी कसैले घरमा भाइवहिनि हेर्नु परेर भने केहिले पढ्न गाह्रो भएर, तर यि सम्पुर्ण उत्तरहरूको विश्लेषण गर्दा अन्तिम निर्ष्कष यहि निस्कन्छ कि गरिबी नै यहाँको कमजोर शैक्षिक अवस्थाको कारण हो ।

राजनैतिक इतिहासका विभिन्न चरणहरूमा लोकतान्त्रिक आन्दोलन (२०६२/०६३) पछि देशमा रहेको चरम द्वन्द्वबाट शान्ती प्रकृयाको थालनी पछि यहा केहिमात्रामा भएपनि परिवर्तन भएको देखिन्छ । राज्यले दलीत, पिछडिएका वर्गहरूको लागी शैक्षिक क्षेत्रमा विभिन्न कार्यक्रम हरू मार्फत शैक्षिक विकाशको लागी पहल गरेको देखिन्छ । निशुल्क शिक्षा, छात्रावृद्धि जस्ता कुराहरूमा सरकारले ध्यान दिएको तथा प्रोत्साहन गरेको पाइन्छ । निजि विद्यालयहरूको संचालनमा पनी ब्यापकता आएको देखिन्छ । निजि विद्यालयहरूले पनि राष्ट्रको शैक्षिक प्रगतीमा ठुलै भुमिका खेलेको देख्न सकिन्छ भने शिक्षा क्षेत्रमा राज्य

तथा निजि संख्याको ठुलो लगानी देख्न सकिन्छ । पोडे जातिहरूको पनि केहि बच्चाबच्चीहरू निजि बोडिङ्गमा पढ्न जाने गरेको देखिन्छ त्यो ज्यादै न्युन छ ।

कुनैपनि राष्ट्र समाज वा ब्यक्तीको विकाश वा परिवर्तनको लागी आर्थिक अवस्था महत्वपुर्ण आधारभुत तत्व हो । शिक्षा र अर्थ एक अर्कामा परिपुरक हुन् । एक अर्काको अभावमा विकास वा प्रगती संम्भव देखिदैन । शिक्षा विकास बिना आर्थिक उन्नती र राष्ट्र कै विकाश पछाडि परिरहेको उदाहरण हाम्रो देशमा पनि देख्न सकिन्छ । भने आर्थिक उन्नती बाट नै आधुनिक तथा प्राविधिक एवं ब्यावहारिक शिक्षाको अवसर प्राप्त हुन सक्छ भन्ने प्रमाण विकशित राष्ट्रहरूमा देख्न सकिन्छ ।

### ५.६ स्थानिय परिवेश अनुसार गरिबिको अवस्था (स्थानिय मापदण्ड)

नेपाल विश्वको एक अतिकम विकसित राष्ट्र मध्येको एक राष्ट्र हो यहा गरिबि, बेरोजगारी, अशिक्षा जस्ता विभिन्न समस्याले गर्दा यो देश विकाशको अग्रगतीमा पुग्न सकेको छैन । राजनैतिक अस्थिरता तथा विविध आन्तरिक द्वन्द्व जस्ता विविध समस्याले गर्दा यो देशको स्थिति विश्वका देशहरूमा कमजोर स्थितीमा पर्दछ ।

यस अनुसन्धान क्षेत्रमा बसोबास गर्ने पोडे जातिहरूपनि हाम्रो देशका एक पिछडिएका दलित जातिहरूमा पर्दछन् । राज्यले उचित ध्यान तथा योजनाहरू नपुग्नाले यो जातीको आर्थिक सामाजिक तथा राजनैतिक अवस्था कमजोर देख्न सकिन्छ । यहाँको शैक्षिक अवस्था हेर्ने हो भने ज्यादै नै कमजोर देखिन्छ । यहा केबल नाम लेख्न र नाम पढ्न मात्र जान्नेको संख्या धेरै छ । त्यसबाहेक शिक्षित ब्यक्तिको अवस्था न्युन छ । पौढ मात्र नभइ युवा पिढिमा पनि प्राथमिक तह भन्दा कम शैक्षिक अवस्था रहेको देख्न सकिन्छ । पौढ शिक्षा पढेर नाम लेख्न जान्ने भएका व्यक्तिहरू पनि हाल आयर बिर्सिने अवस्थामा रहेको देखिन्छ । वास्तवमा यो समुदायमा दिगो लेख्न पढ्न जान्ने पोडेहरूको तथ्याङक कमजोर तथा न्युन रहेको छ । नेपालको औषत साक्षरता दरभन्दा पनि यहाको साक्षरता दर कम हुन सक्ने अवस्था यहा देखिन्छ ।

यस पोडे जातीको बस्तीमा अध्ययन अनुसन्धानको शिलशिलामा अन्तरवार्ता अनुसुची तथा समुहगत छलफल तथा विभिन्न तरिका बाट तँपाइहरूको शैक्षिक अवस्था किन कमजोर छ भन्ने प्रश्नमा जम्मा ३८ घरधुरी प्रतिनिधि मध्ये २७ जनाले आफ्नो आर्थिक अवस्था कारण ( गरीबी ) को कारण शिक्षामा अगाडी बढ्न नसकेको भने ११ घरधुरी मुलीले अज्ञानताका कारण पढाइको महत्व नबुझेर छोडेको भन्ने उत्तर पाइयो । जसमा पढेर के गर्ने ?सरकारी

नोकरी गर्न पहुँच पुग्दैन, बरु पेशामा नै सहभागी भय आर्थिक आम्दानी हुन्छ भन्ने उत्तर पाइयो ।

यस अनुसन्धानको मुख्य विषय वस्तु पनि पोडेजातीको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभावको बारेमा अध्ययन गरी यर्थाथता पत्ता लगाउनु रहेकोले गरिबि के हो ? अथवा गरिबको पहिचान के हो ? स्थानीय परिवेश र पोडेहरूको बुझाइमा गरिब भन्नाले कस्तो अवस्था रहेको बुझिन्छ ? यस सन्दर्भमा केहि सुचक वा आधारहरू लाई यहाँ उल्लेख गरीएको छ ।

- जग्गा जमिन नभएको ।
- दैनिक गुजारा प्रथा नभएको ।
- सरकारी नोकरी नभएका ।
- व्यापार ब्यावसाय नभएका ।
- पुख्यौली सम्पत्ती नभएका ।

अत : उपरोक्त आधार अनुसार वा मापदण्ड अनुसार उक्त पोडे परिवार लाई आर्थिक अवस्था राम्रो वा कमजोर भनी अध्ययनमा संम्लग्न गरी विश्लेषण गरिएको छ । उक्त मापदण्ड अनुसार ३८ घर परिवार मध्ये१४ घर परिवारको अवस्था राम्रो मानियको छ । तिनिहरूको घरपरिवारको शैक्षिक अवस्था कस्तो छ ? आर्थिक अवस्थाले कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई तुलनात्मक अध्ययन गर्न खोजिएको छ ।

**तालिका ५.३:आर्थिक अवस्था राम्रो भएका परिवारको साक्षरता दर**

| उत्तरदाता नं. | आर्थीक अवस्था | | साक्षरता | निरक्षरता | जम्मा |
|---|---|---|---|---|---|
| | पहिले | अहिले | | | |
| १ | ठिकै | राम्रो | ५ | - | ५ |
| २ | राम्रो | राम्रो | ५ | - | ५ |
| ३ | ठिकै | राम्रो | ३ | १ | ४ |
| ४ | राम्रो | राम्रो | ५ | २ | ७ |
| ५ | ठिकै | राम्रो | ५ | २ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | राम्रो | राम्रो | ४ | - | ४ |
| ७ | ठिकै | राम्रो | ७ | २ | ९ |
| जम्मा | | | ३४ | ७ | ४१ |

स्रोत स्थलगत अध्ययन २०७१

तालिका ५.३ मा समावेश गरीएका ३८ घर परिवार मध्ये पुख्यौली अवस्था देखि नै राम्रो मानियका र हाल राम्रा मानीएका र हाल ब्यापार व्यावसाय बाट आफ्नो अवस्था सुधार गरी राम्रो बनाएका ७ घर परिवार जुन यहाँका समग्र उत्तरदाता मध्ये धनि परिवार हुन । यहाँ तिनीहरूको आर्थिक र शैक्षिक स्थितीलाई चित्रण गर्न खोजियको छ ।

उक्त घरपरिवारको सन्दर्भमा कुरागर्दा यि सम्पन्न परिवार मानियका ७ घरपरिवारमा ४१ जना मध्ये ७ जनाको संख्या निरक्षर भेटियो भने अन्य ३४ जना साक्षर रहेको भेटियो जस्को प्रतिशांक निम्न प्रकार छ । साक्षरताको औषत निमावी तह पुरा गरेको र उच्च शिक्षा समेत लियको यहि वर्गमा अधिकाँश पर्दछन् ।

उक्त तुलनात्मक अध्ययनलाई विश्लेषण गर्दा जुन परिवारको आर्थिक अवस्था सबैको भन्दा राम्रो छ । त्यसै परिवारको साक्षरता दर पनि बढि भएको पाइएको छ । निरक्षर भएका मध्ये पनि सबै जस्तो धेरै उमेर भएका वृद्धवृद्धा रहेका छन् । यस तालिकामा आर्थिक अवस्थालाई पनि पैतृक ( बावुको  पालामा ) र आफ्नो भन्नाले हालको अवस्थामा भनेर उल्लेख गरीयको छ । पैतृक अवस्था राम्रो भएका हरूले हाल आफुले मेहनत गरेर थप राम्रो प्रगती गरेको देखियो उक्त घरपरिवार हरूले आफ्नो आम्दानी बाट जग्गा किनेको घरहरू  पक्की तथा आफुहरूले घरमा प्रयोग गर्ने सामानहरू (टि. भि, मोबाइल, फोन, सजाबट) जस्ताकुरामा पनि राम्रो देखियो । भने यिनीहरूको व्यापार व्यावसायले घरपरिवारको खर्च टारेर पनि राम्रो बचत गर्ने गरेको देखिन्छ ।

**तालिका ५.४ :आर्थिक रूपले कमजोर मानियका परिवारहरू को साक्षरता दर**

| उत्तरदाता नं | साक्षर | निरक्षर | जम्मा |
|---|---|---|---|
| १ | १ | १ | २ |
| २ | - | २ | २ |
| ३ | २ | ५ | ७ |

| | | | |
|---|---|---|---|
| ४ | ३ | ३ | ६ |
| ५ | १ | ५ | ६ |
| जम्मा | ७ | १६ | २३ |

स्रोत स्थलगत अध्ययन २०७१

अत : तालिका ५.४मा यो बस्तीका कमजोर आर्थिक अवस्था भएका ५ घरपरिवारलाई नमुना छनोटका रूपमा आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गरियको छ । यहा जम्मा २३ जनामा १६ जना निरक्षर देखियो भने ७ जना मात्रै साक्षर देखिन्छ । उक्त परिवारको घर झपडी तथा दर्ता भएको जग्गा जमिन नभयको देखिन्छ । भने मनोरञ्जनका उपभोग्य सामानहरू पनि खासै प्रयोग नभयको देखिन्छ । भने आम्दानीले जिबिकोपार्जन बाहेक अन्य केहि बचत गर्न नसकेको अवस्था देखिन्छ ।

सानो झुपडि तथा कच्ची घरहरूमा बस्न बाध्य यी परिवारको विहान बेलुका हातमुख जोर्न बाहेक बचत गर्न नसक्ने अवस्था रहेको छ भने आफ्नो घर भएको जग्गा जमिनपनि सुकुम्बासी तथा खेतीपातीको लागी जग्गा पनि नभएको पाइयो । यिनिहरूको प्रथम समस्या नै हातमुख जोर्न मात्रै छ यसको लागि परिश्रम गर्नु सबैको दायित्व हो । बावुआमाले मात्र उक्त दायित्व पुरागर्न नसकेको अवस्थामा कामगर्न सक्ने छोराछोरीहरूले पनि सहयोग गर्नुपर्ने देखिन्छ । जस्तो माछा मार्न सहयोग गर्नु वा घर बसेर घर कुर्ने , भाई वहिनि हेर्ने आदि यस्ता कामहरूले यि परिवारका बच्चाबच्चीहरू पढ्न जान वा पढाइ पुरा गर्न नसक्ने अवस्थामा पुगेका छन् । बावुबाजेको पालादेखि नै कमजोर आर्थिक अवस्था भएकाले आफ्नो पढ्ने वातावरण नमिलेकोले गर्दा कुनै राम्रो काम पायका छैनन् । वर्तमान अवस्थामा पनि त्यहि समस्याले गर्दा छोराछोरीको शिक्षा आर्जनको लागि अवसर दिन सकियको छैन । उनिहरूको समस्या छोराछोरीको पढाईको लागी कापी , कलम , ड्रेस लगायत अन्य शुल्क हरू तिर्न नसक्ने भन्दापनि परिवारको दैनिक समस्या टार्न उनीहरूले मद्धत गर्नुपर्ने बाध्यता नै मुख्य समस्या देखिन्छ ।

## घटना नं. १

## ( आर्थिक रूपले सम्पन्न परिवार )

*घटना नं. १ का उत्तरदाता ४० बर्षिया त्यहाँको पोडेबस्तीको एक महत्वपुर्ण परिवारमा पनि मानिन्थ्यो विगतमा समाजका प्रत्येक गतिविधि तथा दुःख सुखको बेला उनका बुवाले नै सम्पुर्ण समाजका समस्या टार्ने तथा सहयोग गर्ने गर्दथे । बुवाको पालादेखि नै आर्थिक रूपमा अन्य पोडे भन्दा राम्रो अवस्था भएको उनको परिवार , उनका बुवाले आफु अशिक्षित भएपनि छोराछोरीलाई शिक्षा दिनुपर्छ भन्ने विचारका र अशिक्षित भएपनि शैक्षिक चेतनामा अगाडी रहेका थिए । त्यस समाजको शैक्षिक तथा सामाजिक गतिविधिमा उनको महत्वपुर्ण भुमिका रहेको छ । जस्तो त्यहाँको माछा मार्ने जलारी समिति, समाजघर, शिशु स्याहार आदि निर्माण तथा परिचालनमा उनको प्रमुख भुमिका रहेको छ । घरयासी आर्थिक अवस्था राम्रो तथा बुवाको शैक्षिक चेतना पनि राम्रो हुनालेउनी तथा उनका दाजुभाई तथा दिदिबहिनिको साक्षरता अवस्था कम्तीमा निमावि तहसम्म पुरा गरेको देखिन्छ ।*

*समग्र पोडेजातिमा एस.एल.सी सम्मको पढाई पुरागर्ने ब्यक्ती पनि यहि परिवारमा पाइन्छ । मा.वी सम्मको पढाई पुरा गरेपछि उनी क्रमश जातीय पेशा (माछामार्ने) काम गर्दै विहेवारी तथा पारिवारिक जिवनमा प्रवेश गरे । समाजको नेतृत्वदायि भुमिका दिने गोबिन्दले जागिर तथा बैदेशिक रोजगारीको बारेमा पनि नसोचेका होइनन् तर, यहि समाजमा बसेरपनि केहि नयाँ काम गर्नुपर्छ भन्ने मानसिकता तथा पारिवारिक सहयोगमा माछापालन ब्यावसायको सुरुवात गरे । क्रमश माछापालनको जिम्मा भाईलाई लगाएर हाल यसै स्थानमा होटल ब्यावसायमा लागेका छन् । उनको यस होटलमा हालको ब्यापार ब्यावसाय राम्रो भएको छ । अछुत भनेर चिनिने आफ्नो जातिको कारणले सुरु सुरुमा एकदमै चुनौति रहेको बताउने उनी हाल त्यो अवस्था नरहेको र हाल आएर देशि विदेशि पर्यटक हरूले आफ्नो होटल भरिभाउ रहेको बताउँदछन् ।*

*५ जनाको सुखी परिवार रहेको उनको परिवार वास्तवमै शिक्षित परिवार पनि हो । २ वटा छोरी साथै एक छोरा रहेको आफ्नो परिवारमा सबैजना शिक्षित रहेको बताउँदछन् । २१ वर्षिय सुस्मा तथा १८ वर्षिय छोरी कमश वि.वि.एस र १०+२ मा अध्ययनरत छन् भने १०वर्षिय छोरा अनिष प्राथमिक तहमा अध्ययनरत छन् । उनको हालको ब्यापार ब्यावसाय बाट वार्षिक ३,००,००० सम्मको बचत गर्न सक्ने बताउने उनी त्यस क्षेत्रका युवाहरूको समेत एक महत्वपुर्ण पात्र हुन । किनभने उनीले होटल ब्यावसाय गर्न सुरु गरे लगतै हाल यस क्षेत्रमा अन्य युवाहरूले समेत यस्तो ब्यावसाय अपनाएका छन् ।*

*तपाइँ अनि तपाइँको पारिवारिक शैक्षिक अवस्था राम्रो हुनुको मुख्य कारण के लाई ठान्नुहुन्छ ? भन्ने प्रश्नमा उनीको भनाइ यस्तो रहेको छ । "हाम्रो जस्तो पिछडियको पोडेजातिहरूको मुख्य समस्या भनेको परिवारको खर्च धान्नु नै हो । जुन परिवारमा खानेलाउने समस्या छैन त्यस परिवारले आफ्ना बच्चाबच्ची लाई नियमित विद्यालय पठाउन सक्छन र उनिहरू कम्तीमा पनि लेखपढ गर्न सक्ने बन्दछन् । त्यसकारण पनि चाहेर वा नचाहेर पनि भन्नै पर्ने हुन्छ । आर्थिक पक्ष राम्रो भयमात्रै शिक्षा आर्जनको लागी वातावरण तय हुन्छ ।"बावु आफैमा निरक्षर हुनुहुन्छ । तैपनि उहाँको आर्थिक अवस्था राम्रो हुनाले हाम्रा दाजुभाइ कसैले पनि विद्यालय जान तथा कापी, किताब, झोला जस्ता कुराको कमि हुन पाएन तर मसँगै पढ्न सुरु गरेका निम्न आर्थिक अवस्था भएका परिवारका साथीहरू किताब कापीको अभाव घरयासी कामले गर्दा स्कुल जान छोडेको विभिन्न उदाहरण छन भन्दछन ।*

*सानोमा घर कुर्ने काम गर्नसक्ने भएपछि माछामारेर खर्च चलाउनु पर्ने बाध्यता तथा बैकल्पिक आम्दानीको श्रोत नहुनु जस्ता कारणले पढाइ छोडे पनि यसको अन्तिम निष्कर्ष आर्थिक अभाव नै देखिन्छ ।*

## घटना नं. २

## (आर्थिक रूपले राम्रो परिवार)

*घटना नं. २ का उत्तरदाता उमेरले ५४ वर्षिय एकै समुदायका एक त्यस्ता ब्यक्तीत्व हुन जसले आफु अशिक्षित भएपनि आफ्नो परिवारको संम्पुर्ण सदस्य हरूलाई साक्षर बनाउन सफल भएका छन् । आजभन्दा धेरैपहिले पोखरा बाट बँसाई सँराई गरेर यहाँ आयका यिनको पारिवारिक पृष्टभुमि पनि फरक नै छ । अन्य पोडेहरू भन्दा भिन्नै किसिमबाट जिविकोपार्जन गर्दै आयको यो परिवारले माछा मार्ने पुख्यौली पेशाको साथै नोकरी गरेको पाइन्छ ।*

*पोखरा बाट बँसाई सँराई गरेर आएको यो परिवारमा उनको श्रीमान श्रीमती बाहेक ५ जना छोराछोरी नातीनातिनी सबै जना साक्षर छन् ।*

*२ छोरा २ छोरी जन्म दिएका उनको २ जना छोराको माध्यामिक सम्मको अध्ययन गरेर बैदेशिक रोजगारमा गएको देखिन्छ भने २ छोरी मध्ये एक जना माध्यामिक सम्मको अध्ययन पछि विवाह गरि दियको र अर्को छोरी १०+२ को अध्ययन सकाए पछि विवाह गरि दिएको उनि बताउँदछन् ।*

*हाल सयुक्त पारिवारीक रूपमा वसेका यिनि घरको संम्पुर्ण काम उनले चलाउँदछन् भने नातीनातीनीको पढाई तर्फ पनि उनी सचेत छन् । माछामार्ने कामको आम्दानीले घर खर्च चलाउने उनको भनाई छ ।*

*आफु पढ्न नपाएको तथा अशिक्षित हुनाले पर्ने समस्याहरूको बारेमा थाहा पाएको हुनाले आफ्ना कुनैपनि सन्तानले शिक्षाको कारण पछाडी पर्न नपरोस भनेर विद्यालय पढ्न पठायको बताउने उनी आफ्नो बावुको आर्थिक अवस्थाले धेरै दुःख गर्न परेकोले त्यो बेला पढ्ने भन्ने कुरा थाहा नै नपायको बताउँदछन् ।*

*पोखरा बाट बँसाईसँराई गरेर आएपछि आफुले पनि माछा मार्ने बाट घरखर्च चलाउन सकेको हुनाले आफ्ना बच्चाबच्चीलाई विद्यालय पठाउन सफल भएको उनको ठम्याइ छ । वास्तवमा जेठो छोरा र छोरी लाई पढाउने बेला केहि असहज भएतापनि अहिले दुवै नाति नातिनीलाई राम्रो विद्यालयमा भर्ना गरेर सक्षर रहेको उनको भनाई छ ।*

हाल उनको परिवार सुखी एवं शिक्षीत परिवार छ । पढाईको हिसाबले घरका वृद्धवृद्धा बाहेक सबैको शैक्षिक स्थिती राम्रो छ । "घरमा समस्या नपरे खान लाउन कापि किताब जस्ता अत्यावस्यक सामाग्रीको उपलब्धता भएमात्रै पढ्न पाउछन् । भन्दै आफ्ना सहोदर साथीहरूले आर्थिक अवस्थाका कारण आफ्ना बच्चाबच्ची लाई पढाईबाट बञ्चीत गरेको अवस्थाको उदाहरण दिन्छन् । कुनैपनि परिवारको घरमा खानलाउनको समस्या छ भने त्यहाँको बच्चा कसरी पढ्न सक्छ त्यसकारण कुनैपनि बच्चाबच्चीको पढाईमा त्यस परिवारको आर्थिक अवस्थाले महत्वपुर्ण प्रभाव पार्दछ भन्ने उनको तर्क छ ।"

यदि मैलेपनि यहाँ आयपछि केबल माछामार्ने मात्रै काम गरेको र अन्य पेशापनि नअपनाएको भय मैलेपनि मेरा बच्चाबच्ची पढाउन सक्ने थिइन् । शिक्षाको लागि सबभन्दा पहिलो सर्त भनेको घरको आम्दानी राम्रो हुनुपर्दछ । जबसम्म आफ्नै उत्पादनले घरखर्च धान्न सकिदैन तबसम्म अभिभावकले पनि बच्चालाई विद्यालयमा नियमित गराउन सक्दैनन् । किनकी दैनिक गुजारा चलाउन बावु आमाले र घरमा कामगर्न सक्नेले काम गर्नुपर्ने बाध्यता भएकोले स्कुल छुट्न सक्छ । र पढाईमा निरन्तरता दिन सक्दैनन् । निरन्तरता नभएपछि फेल हुने र विस्तारै पढाई छोड्ने अवस्था सृजना हुन्छ । अझै हाम्रो जस्तो पिछडिएको जातीमा पढाईलाई प्रत्यक्ष प्रभाव पार्ने तत्व आर्थिक अवस्था हो भन्ने उनको भनाइ छ ।

## घटना नं. ३

## (आर्थिक अवस्था न्युन भएको परिवार)

*घटना नं. ३ का उत्तरदाता यस अध्ययन क्षेत्रका एक न्युन आर्थिक स्थिती भएका ब्यक्ती हुन् । पोखरा नयाँ बजारबाट धेरै पहिले आफ्ना आफन्तको घरमा बस्न आयका एक टुहुरा ब्यक्ती पनि हुन् । सानैमा आमा बावु बितेपछि आफन्तकोमा बसेर हुर्किएका आफुमै निरक्षर ब्यक्ती पनि हुन् । हाल ३८ वर्षिय उनले विवाह गरेपछि सानो झुपडि बनाएर जिविको पार्जन गर्दै आयका छन् । यस परिवारमा ५ जना सदस्य मध्ये उनी र उनकी श्रीमती निरक्षर छन् भने एक छोरा प्राथमिक तह मात्र पढ्न पाए । अन्य छोराछोरीको पनि पढाइ त्यति राम्रो छैन । हाल नोकरी गरेर केहि पैसा पठाउँछ त्यसले घर खर्च चलाउन अली सजिलो भएको छ नत्र त यि २ केटा केटी पनि पढ्न पठाउन सक्थीन होला । बास्तवमा उनको आत्मकथा जिवनी घत लाग्दो छ । सानैमा आमा बावु बितेपछि आफन्तको घरमा बसेर हुर्केर १६ वर्षको उमेरमै विवाह गरी छुट्टै परिवार निर्माण गरेर बस्न चुनौती थियो । सानो झुपडिमा बस्ने उनको विवाह गरेको एक वर्षमै छोरा जन्मेपछि सबै जिम्मेबारी थपियो । परिवार नियोजनको जानकारी नहुँदा ३ वटा बच्चा भयपछि उनको काँधमा उचाल्नै नसक्ने जिम्मेबारी थपियो हाल ३ छोराछोरी मध्ये जेठो छोरा १७, कान्छो १३, र छारी १० वर्षका छन् ।*

*आफैँले छुट्टै घरपरिवार निर्माण गर्नु र सबै आवश्यकता पुर्ति गर्नुपर्नु भएकोले आफ्नो छोरा लाइ पढाउन नसकेर विदेशिनु परेकोमा दुःखी उनी आफ्नो गरीबीले गर्दा बच्चाबच्ची हरूको पढाइमा प्रभाव परेको स्विकार गर्दछन । हालपनि १३ वर्षिय छोरा ले आफ्नो पेशामा सहयोग तथा अन्य काम गर्नुपर्ने र छोरीले आमालाइ सघाउनुपर्ने हुनाले बेलाबेलामा विद्यालय छुट्ने गरेको उनी स्विकार्दछन् । भने भनेको बेलामा कापी, किताब, ड्रेस जस्ता सामाग्री पुरागर्न पनि ज्यादै कठिन भएको उनको भनाई छ ।*

*तपाईको घरको शिक्षा के कारणले कमजोर भयो भन्ने प्रश्नमा उनी भन्दछन्  । यदि मेरो घरको अवस्था राम्रो भएको भय आफ्नो कमाइले लाउन खान पुग्ने भयको भय पुख्यौली सम्पती, जग्गाजमिन भयको भय म मेरो यती सानो छोरा लाइ विदेश पठाउनु बाध्यता सृजना हुने  थियन । त्यसैगरी घरमा लाउनखानको समस्या भएपछि बच्चाबच्चीहरूको पढाई भन्दा घर गुजारामा ध्यान दिनुपर्ने हुनाले पनि आज यो अवस्था सृजना भयको उनी स्विकार छन् ।*

*अत : उनको कुरा सुन्दा दैनिक गुजारा गर्न सबैले काम गर्नुपर्ने विद्यालय निरन्तरता हुननसक्नु भनेको बेला कापीकिताब जस्ता शैक्षिक सामाग्री उपलब्ध गराउन नसक्नु जस्ता कारणले पढाईमा नियमितता नभएको कारण शैक्षिक अवस्था कमजोर भयको प्रमाणित हुन्छ। यसको मुख्य कारक तत्व चाँहि आर्थिक पक्ष नै भयको पाइयो ।*

**घटना नं. ४**

**कमजोर आर्थिक अवस्था भयको परिवार**

*घटना नं. ४ की महीला उत्तरदाता ५५ वर्षिया एक विधवा घरमुली महिला हुन् । आर्थिक अवस्थाले विपन्न यो परिवारमा१० वटा कुखुरा र एउटा पुरानो घर बाहेक अन्य केहि छैन श्रीमान भइन्जेलसम्म श्रीमानले घरपरिवार चलाउने र आफुले घरायसी काम मात्रै गर्ने गरेको बताउने उनीको घरमा हाल उनले माछा मारेर नै आफ्नो दैनीक घर गुजारा चलाउँछिन् । ३ छोरी र १ छोरा भयतापनि श्रीमानको मृत्यु पछि घरको आर्थिक अवस्थाले गर्दा छोराले घर छाडेर परदेश गयो भने २ छोरीको सानैमा विवाह गरिदिन बाध्य भइन् । हाल उनी र एउटा १७ वर्षिया कान्छी छोरी मात्रै बस्ने गर्दछन् भने श्रीमानको मृत्यु पछि उक्त छोरीले पनि पढाइ छोड्न बाध्य भएको उनी बताउँदछिन् ।*

*आफ्नो पैतृक सम्पती नहुनु घरमा घर चलाउने श्रीमानको मृत्यु हुनु तथा छोराछोरी साना हुनु आफैको कमाइले संम्पुर्ण चलाउनुपर्ने बाध्यता रहेको यो परिवारका बच्चाबच्ची शिक्षित हुने अवसर बाट बञ्चित रहेको देखियो । हालपनि आमा माछा मार्ने, दाउरा खोज्न जाने माछा बेच्न, तथा विविध कामले गर्दा घरमा बस्न नपाउनाले छोरीले संम्पुर्ण घरायसी काम गरेको देखिन्छ । यो प्रकृया उनीको श्रीमान बिते पछिको समयबाट निरन्तर आयको छ ।*

*बच्चाबच्ची नपढाउनाको कारणका वारेमा उनी भन्दछीनश्रीमानको मृत्युपछि घर गृहस्थीको संम्पुर्ण भार आँफै माथि आइपऱ्यो बच्चाबच्ची सानै थिए साथै उनिहरूको देखभाल तथा पेट भर्न पनि कठिन अवस्थामा कसरी विद्यालय पठाउनु बरु कामगर्न सक्ने भयपछि आँफुलाई काममा सघाउने तथा भाइबहिनी हेर्ने काम गर्न थाले । र १५ वर्षको भएपछि विवाह गरीदिय, हामि जस्तो न्युन आर्थिक भएको मान्छेलाई पेट पाल्न धौ धौ छ काँहाको पढाउन सक्ने बरु काम गर्न सिकाय घर गरेर खानसक्छन् ।" भन्ने उनको धारणा छ ।*

*वास्तवमै उनको समस्या हेर्दा अवस्था हेर्दा ज्यादै नै दयनीय छ । उनले पढाउनु त परै जाओस ति ४ ओटा बच्चा कसरी पेट पालेर हुर्काइन त्यो नै सोच्दा कहाली लाग्छ ।*

*अत : उनको कुरा सुन्दा अवस्था हेर्दा पनि के कुराको निचोडमा पुग्न सकिन्छ भने कुनैपनि बच्चाबच्ची लाई शिक्षा दिक्षा दिलाउन वा प्राप्त गर्न पहिले परिवारमा एक शैक्षिक वातावरण हुनुपर्छ जुन वातावरण आर्थिक अवस्था राम्रो भयमात्रै बन्न सक्छ ।*

यसरी माथिका ४ वटा घटना अध्ययन बाट जुन २ वटा आर्थिकरूपले राम्रो र २ वटा कमजोर भयका परिवारको अध्ययन गरियो । यस अध्ययनले के कुरा पुष्टी गरेको छ भने पुख्यौली अवस्था देखि र हाल पनि घरको आर्थिक अवस्था राम्रो भयका केटाकेटीहरूले पढ्ने अवसर पायका छन् कम्तीमा नि.मा.वि तहसम्म पुरागरेको पाइयो साथै कुनैकुनै परिवारले आफ्ना बच्चाबच्ची बोडिङ्गमा समेत हालेको पाइयो । तिनै आर्थिक अवस्था राम्रो भयका घरमुलीले लगानी बढाएर होटल ब्यावसाय समेत गरेकोले आफ्नो आर्थिक अवस्थालाई अझै राम्रो बनायको पाइयो ।

घरको कमजोर स्थिती भयका ति २ वटा पोडे परिवारमा पुख्यौली सम्पती कम हुनु बिहान बेलुका खाने जोहो गर्न नसक्ने अवस्थाले गर्दा काममा खटिनुपर्ने अवस्था देखियो । दिनमा कामको बोझ र हातमुख जोर्ने समस्याले नै शिक्षा आर्जनमा बाधक रहेको पुष्टी भयको छ । हुनत शिक्षा आर्जनमा अन्य तत्वपनि धेर थोर जिम्मेबार हुन्छन् तर सबैभन्दा मुख्य कारक तत्व आर्थिक पक्ष नै रहेको समग्र अनुसन्धानको निचोड छ ।

# अध्याय-छ

## अध्ययनको सारांश, निष्कर्ष तथा सुझावहरू

### ७.१ अध्ययनको साराशं

मुलत : यो अध्ययन पोडे जातीको शैक्षिक अवस्थाले शिक्षामा पारेको प्रभाव भन्ने विषयमा आधारित समाजशास्त्रीय अध्ययन रहेको छ । यो अध्ययन कास्की जिल्ला लेखनाथ ९,१०,११ तिन वडा क्षेत्रमा वेगनास तालको वरपर किनारमा रहेका पोडे वस्ती लाई केन्द्रीत गरी अध्ययन गरीएको हो । जसमा त्यहाँका पोडे समुदायको विगत वर्तमानको आर्थिक अवस्था र आर्थिक अवस्थाले गर्दा शैक्षिक आवस्यकता, चिन्तन र सोचमा के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा आधारीत भएर अध्ययन गरीएको छ । उक्त आवस्यकता प्राप्त गर्नका निमित्त लेखनाथ ९,१०,११ मा स्थायीरूपमा  बस्दै आएका संपुर्ण पोडे जातीको घरमुली संग मात्र सिमीत भइ अन्तरवार्ता अनुसुचि विधिको प्रयोग गरी प्राथमिक तथ्याङक संकलन गरीएको छ । यो समाजसास्त्रीय पद्धती अनुसार तयार गरीएको हो । अध्ययनलाई व्यवस्थित रूप दिनका लागि मान्यताप्राप्त तथ्याङक शास्त्रीय विधि अनुरूप तालीकीकरण, प्रतिशत तथा तथ्याङकको प्रस्तुतीकरण र आवस्यकता अनुसार वर्णानात्मक शैलीको प्रयोग गरीएको छ ।

हाम्रो राज्य अवस्थामा दलीत, जनजाती र सिमान्तीकृत जनताहरू लाई राज्यले छुट्टै विषेष कोटाको तयार गरीने भयता पनि यस क्षेत्रको क्षेत्रगत अध्ययन गर्दा व्यवहारमा लागु भएको देखीदैन । एतीसम्मकी राष्ट्रीय जनगणना सर्वेक्षणमा पनि पोडेहरू लाई छुट्टै जातीको रूपमा नछुट्याई नेवारी जाती भित्रै राखेर जनगणना गरेको पाइयो । साथै राज्यले उनिहरू लाई शैक्षीक गुणस्तर गर्न र उनिहरूले व्यापार व्यवसाय लाई आधुनिक तरिकाले विकाश गर्न जिवन सुरक्षाका लागि पनि कुनै आर्थिक सहयोग र तालीम दिएको पाइएन ।

हाम्रो देशमा विभिन्न जाती जनजातिहरूको बसोवासको राष्ट्र हो । विषेशत ग्रामिण वा विकट ठाउँमा वसोवास गर्ने, जातीय भेदभाव, विविध कारण वाट, आर्थिक सामाजिक शैक्षिक साथै विभिन्न अधिकारवाट वञ्चीत र असमान हक अधिकार रहेको छ । मुलुकी ऐन,

राजनैतीक भाषण तथा विभिन्न राजनैतीक एजेण्डामा जाती जनजातीको अधिकारको वारेमा कुरा गरतापनी सामाजिक आर्थिक र राजनैतीक कार्यमा जातिजनजातिले आफनो स्थान सुरक्षीत गर्न नसकी रहेको अवस्था छ । सामाजिक चेतनाको कमि, जातिय छुवाछुत र यि पिछडिएका वर्गमा पुऱ्याउन नसकेको शैक्षिक चेतना जागरणले पनी यि जातीमा शैक्षिक सामाजिक विकाश नभएको देख्न सकिन्छ । यसै गरी आर्थिक अवस्था, वाल विवाह, छिटो विवाह, पुर्ख्यौली पेशा, चेतनाको कमी जस्ता कारणले पनी यहाँको समुदायमा विविध समस्या देख्न सकिन्छ ।

सरकारी पहुँचमा पुग्नका लागि मात्रै पढ्नु पर्ने र यसको लागि आफनो जातीको हैसियत नभएकोले आफनो नाम लेख्न पढ्न सके पछी सम्पुर्ण कुरा हो भन्ने यिनीहरूको मानसिकता छ ।

आफनो पेशा अनुसार माछा मार्ने र यसको लागि धेरै समय खर्चिनु पर्ने हुनाले वच्चावच्ची घर कुर्ने तथा पेशामा सहयोगीका रूपमा काम लगाउने हुनाले वच्चााच्ची विद्यालय भन्दा घर कुर्ने, काममा लागेको देख्न सकिन्छ भने दैनीक गुजारा प्रथाको जिवन यापन हुनाले पनी अन्य पढाई खर्चको लागि उनीहरूले लगानी गर्न नसकेको अवस्था पनी यहाँ देख्न सकियो ।

विशेषत आफनो खेती योग्य जमिन नहुनु, पुर्ख्यौली सम्पती नहुनु जागिर र पेशामा आधुनिकीकरण गर्न नसक्नुले यिनीहरूको जिवन यापनमा आर्थिक अभाव र कष्टकर देख्न सकिन्छ । भने यसैको कारण उनीहरूको शैक्षिक कार्यको लागि लगानीमा पछाडी परेको देखीन्छ ।

यसरी तालिकीकरण र आवस्यकता अनुसार विश्लेषण गरीएको छ ।

## ७.२ मुख्यप्राप्तीहरू

- उत्तरदाता मध्ये अध्ययन गरीयका ३८ जना घरमुलीमा सामान्य लेखपढ गर्न पनि नसक्ने १४ जना सामान्य लेखपढ मात्र जान्ने१६ जना प्रा.वि. ५ जना निमावी उतीर्ण३ जना माध्यमिक २ जना र उच्च शिक्षा हासील गर्ने घरमुली नभएको पाइयो ।
- धर्मका आधारमा ६५.७९ प्रतिशत हिन्दु,२८.९५ प्रतिशत इसाइ पाइयो र दुवै धर्म मान्ने ५.२६ प्रतिशत भएको पाइयो ।

- उत्तरदाताहरूले प्रयोग गर्ने भाषाको आधारमा नेपाली मात्र. १३.१६ प्रतिशत नेवारी र नेपाली दुवै वोल्ने ८६.८४ प्रतिशत पाइयो ।
- उत्तरदाताको उमेरका आधारमा २०-३० वर्षको २१.०५ जना, ३०-४० वर्षको ५२.६३ प्रतिशत पाइयो । ४० भन्दा माथिको २६.३२ जना भेटियो
- उत्तरदाताको वैवाहीक सम्बन्धको आधारमा मागी विवाह ४७.३७ प्रतिशत भागी विवाह प्रेम विवाह ५२.६३ प्रतिशत देखीयो ।
- उत्तरदाताको आधारमा छोराछोरी लाईसरकारी विद्यालयमा पढाउने धेरै देखीयो ।
- उत्तरदाताको आधारमा नपढ्ने कारणमा सवैभन्दा धेरै ६५.७९प्रतिशत कमजोर आर्थिक अवस्था १३.१६ प्रतिशत चेतनाको कमी १५.७९ प्रतिशत सामाजिक भेदभाव ५.२६ प्रतिशत अन्यकारणले नपढेको पाइएको छ ।
- शिक्षणको वारेमा उत्तरदाताको दृष्टीकोण ७८.९५ प्रतिशत राम्रो र २१.०५ प्रतिशत नकारात्मक दृष्टीले हेरेको पाइएको छ ।
- उत्तरदाताको पारीवारीक स्थिती८९.४७ प्रतिशत एकल र १०.५३ सयुक्त परीवार रहेको पाइयो ।
- शिक्षाको अलवा माछामार्ने र घर कुर्ने काममा पनि लगाइएको पाइयो ।
- नोकरी गर्ने २.६३ प्रतिशत र व्यवसाय गर्ने ५.२६ प्रतिशत र माछा मार्ने ८४.२१ प्रतिशत र दुवै गर्ने ७.८९ प्रतिशत भेटीयो ।
- उत्तरदाताको आम्दानीको श्रोत २.६३ प्रतिशत नोकरी ८४.२१ प्रतिशत माछा मार्ने माछामार्ने र व्यबसाय दूबैमा ७.८९ र व्यवसायमा मात्र ५.३६ प्रतिशत रहेको पाइएको छ ।
- उत्तरदाताको आम्दानीको विषयमा मासीक ४४.७४ प्रतिशत ले ०-५०००, ३९.४७ प्रतिशतले ६०००-१०००० र १५.७९ प्रतिशतले १०००० देखी माथी रहेको पाइयो ।
- आम्दानीको खर्चको विषयमा ७२.६० प्रतिशत खानामा २०.३२ प्रतिशत शिक्षा र७.०८ प्रतिशत मनोरञ्जनमा गरेको पाइयो ।
- तपाइहरू पछाडी पर्नुको, शिक्षामा पछाडी पर्नुको कारण के हो भन्ने प्रश्नमा २३.६८ प्रतिशत ले चेतनाको कमी ५५.२६ प्रतिशतले आर्थिक अभाव र २१.०५ प्रतिशतले सामाजिक हेला र छुवाछुतको कारण भन्ने देखीएको छ ।

- तपाईहरू लाई शिक्षामा स्तरोन्तरी गर्न राज्यले के के गरोस जस्तो लाग्छ भन्ने प्रश्नमा उत्तरदाताले शिक्षाको महत्वमा चेतना वृद्धि, आर्थिक सुधार, निशुल्क शिक्षा भइदिए हुन्थ्यो भन्ने पाइएको छ ।
- यस जाति शिक्षामा परिवर्तन ल्याउने मुख्य कारक तत्वहरूमा उत्तरदाताले चेतनामा वृद्धी, सामाजीक सुधार, टोल छरछीमेकीमा औपचारीक शिक्षा समान अवसर र रोजगारीको व्यवस्थामा राज्यले ध्यान देओस भन्ने पाइएको छ ।
- तपाई लाइ केही भन्ने विचार छ भन्ने प्रश्नमा हामी लाई पनी राज्य व्यवस्था, राजनीतिक, सामाजिक आर्थिक र सरकारी सबै सुविधामा समायोजन हुन पाए हुन्थ्यो भन्ने विचार पाइएको छ ।

## ७.३ निष्कर्ष

पोडे जातिको शैक्षीक स्थिती तथा पहुचमा विभिन्न पक्षहरूले प्रभाव पारेको पाइन्छ । हाम्रो समाजमा सदियौ वाट देखीयको वर्गिय, जातिय लैङगीक विभेदका कारण, वर्ग लिङग र जातीयका आधारमा समाजमा जाति जनजाति र तल्लो वर्गका समुदायमा यसको असर देख्न सकिन्छ । यस्तो खालको विभेदले विभिन्न तल्लो जातका जातिहरूमा आर्थिक, शैक्षीक, सामाजीक सांस्कृतिक पक्षमा प्रभाव परेको देखीन्छ । पहिलेको भन्दा केही शैक्षिक चेतनामा बृद्धि भएतापनी यो ज्यादै न्युन छ । यसमा यिनिहरूको निरवल आर्थिक पक्ष, परम्परागत सोच चिन्तन् र जिविकोपार्जनका शैलीनै मुख्य कारण हो । पढाइको लागि आर्थिक सवल नहुनुको कारण यिनीहरू विद्यालय जादैनन गइहाले पनी सरकारी विद्यालय गएको देखीन्छ । यो जातिका सदस्य प्राय माछा मार्ने अलवा रेष्टुरेण्ट व्यवसायमा पनि लाग्न शुरु गरेको देखियो । महिलाको हकमा श्रीमानलाई माछा मार्न सहयोग गर्ने साथै घरयासी काम मानै व्यस्त हरेको पाइयो । पारीवारीक संरचनामा यिनीहरूको जिविकोपार्जनमा दैनिक गुजारा प्रणाली नै रहेकोले यिनिहरू श्रमजिवि वर्गीय परिवार रहेको देखीन्छ । आफनै खेतीयोग्य जमिनको अभावले केवल विहान माछा बेच्ने र छाकटार्ने परिवारको संख्या उच्च देखीयो । वर्तमान अवस्थामा घरमुलीको आधारमा ३६.८४% जना अशीक्षित र समग्रताको आधारमा ५८.१२% अशिक्षीत देखीयो । त्यहाँको समुदायको एउटै आवाज थियो सरकारले अन्य आम्दानी तथा पेशामा आधुनिकीकरणमा सहयोग गरिदिए आर्थिक सामाजिक विकाशमा सहयोग हुने थियो । हुन पनी त्यहाँको समुदाय लाई हेर्दा त्यो समुदाय को स्थिति कुनै सुगम नगरपालीकाको गाउ नभइ विकट ग्रामीण जिल्लाको बासिन्दा जस्तो देख्न सकिन्छ । जाति जनजातिको नाममा अनेक किसीमका राष्ट्रीय अन्तर्राष्ट्रिय सघं सस्था खुले पनि यस

समुदाय लाई नत राष्ट्रले हेरेको देखीन्छ नत कुनै संस्थाले नै अतः यो समुदायको शैक्षिक आर्थिक र सामाजिक विकाशमा राज्यले उचित ध्यान दिदै उचित र प्रभावकारी योजना लागु गर्न नसके यो समुदायको आर्थिक सामाजिक सास्कृतिक विकाश र गरिवी अझै जटिल वन्न सक्ने देखीन्छ ।

## ७.४ सुझाबहरू

अध्ययन क्षेत्रकाउत्तरदाताहरूको सवालमा विभिन्न किसीमका चुनौतीहरू देखापरेका छन् । जातीय, वर्गीय र सामाजिक आर्थिक रूपमा विछडिएका यि जातीहरू शैक्षिक रूपमा पनी ज्यादै नै पछाडी परेको अध्ययन बाट स्पष्ट हुन आउछ भने राज्यको उचित ध्यान र प्रभावकारी योजना पुग्न नसकेको पनी स्पष्ट देखीयो । अत यस अध्ययन वाट निचोडमा पुग्दा यस समुदायको पक्षमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- यो समुदायको आर्थिक सवलीकरणको लागि राज्यले उचित योजना प्रवाह गर्न सक्नु पर्दछ ।
- सानो उमेरमा गरीने विवाह लाइ भन्दा शैक्षिक चेतना र विद्यालय जान प्रेरित गराउने कार्यक्रम ल्याउनु पर्छ ।
- यस क्षेत्रका हरेक संघसंस्थामा यो समुदायको पनी सहभागीता गराउनु पर्दछ । जस्तो की, विद्यालय, वन जगंल, खानेपानी आदी ।
- विद्यालयमा हुने छुवाछुत र जातिय वर्गिय विभेदको अन्त्य गर्नुपर्ने हुन्छ ।
- तत्काल घुम्ती विद्यालय, प्रौढ शिक्षा तथा त्यस क्षेत्रमा ५ कक्षा सम्म भए पनी एक विद्यालय निर्माणको लागि पहलगर्नु पर्ने जरुरी देखीन्छ ।
- राष्ट्रीय जनगणनामा पोडेहरूको तथ्याङक लाइ समेत समावेस गरी निती तथा योजना तर्जुमा गर्नु पर्दछ ।
- घरमुलीहरूमा आर्थिक सवलीकरणको लागि पेशामा आधुनीकीकरणको शिक्षा दिदै बच्चाहरूको भर्ना गर्ने खालको शैक्षीक चेतना अभिवृद्धि गर्ने कार्यक्रम लागु गर्नु पर्दछ ।

# सन्दर्भ सामाग्री


अधिकारी, रेशराज र घिमीरे, हरिहर (२०६०),*नेपाली समाज र संस्कृती* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, कृष्णराज (२०६४), *नेपाली संस्कृति संक्षिप्त झलक,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

आचार्य बलराम (२०६१), *लैङगिक अध्ययन,* काठमाण्डौं : नेसलन बुक्स ।

कास्की शैक्षिक दर्पण (२०६२), पोखरा ।

कोइराला विद्यानाथ (२०५९) *सामाजिक न्याय,* प्रर्वद्धक, सामाजिक न्याय शिक्षा, काठमाण्डौं, शिक्षा शास्त्र संकाय ।

जोशी, सविता ठाकुर(१९९९), *विमिन एण्ड डेभ्लपमेन्ट,* न्यु दिल्ली : मित्तल पब्लीकेशन ।

ढकाल, तिर्थराज (२०६८), *सराङकोट गा.वि.स. कास्कीको प्राथमिक शिक्षामा जलारी वालकालीकाको पहुच,* शिक्षा शास्त्र संकाय अप्रकाशित शोधपत्र पृथ्वी नारायण कयाम्पस पोखरा ।

पहारी, रुकविना (२०५९), *पोडे जातीको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था,* कास्की जिल्लाको सराङकोट गा.वि.स. र पोखरा उपमहानगरपालीका बैदामको एक अध्ययन, अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि. पाटन संयुक्त क्याम्पस, मानवशास्त्र तथा समाजशास्त्र विभागमा प्रस्तुत पाटन ढोका ।

पाण्डे, मधुसुदन (२०६३), *नेपालका दलितहरु,* काठमाण्डौं : पैरवी प्रकाशन ।

पौडेल, शंकर (२०५९), *पोडे जातीको सामाजीक आर्थीक अवस्थाको एक अध्ययन* अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि., मानवशास्त्र तथा समाजशास्त्र विभागमा प्रस्तुत ।

विष्ट डोरबहादुर (१९९७) *"सवै जातको फुलबारी",* काठमाण्डौं साझा प्रकाशन ।

वास्तोला शोभा (२०६४), *कास्की जिल्लाको लेखनाथ नगरपालीकाको प्राथमीक विद्यालयहरुमा दलीत वालवालीकाहरुको शिक्षामा सहभागीता र शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत,* पोखरा ।

राष्ट्रीय जनगणना (२०६८), काठमाण्डौं : *केन्द्रिय तथ्याङक विभाग ।*

शर्मा, सुरेर राज (२०५७) *वर्तमान शिक्षा प्रणालीको विश्लेशणात्मक विवेचना* (प्रथम संसकरण), काठमाण्डौ : जय भुँडी प्रकाशन

शर्मा एण्ड शर्मा (२०६६), *नेपालमा प्राथमिक शिक्षा,* काठमाण्डौ : एम.के. पब्लीसर्श एण्ड डिस्टीव्युटर ।

शर्मा एण्ड शर्मा (२०६६), *शिक्षाको परिचय,* काठमाण्डौ : एम.के. पब्लीसर्श एण्ड डिस्टीव्युटर ।

श्रेष्ठ, इन्द्र बहादुर (२०६४), *मुलुकी ऐन एक टिप्पणी,* काठमाण्डौ : पैरवी प्रकाशन ।

श्रेष्ठ, चन्द्र बहादुर (२०५९), *शिक्षाको परिचय,* काठमाण्डौ : जय भुँडी प्रकाशन ।

शैक्षिक अभियान (२०६५), काठमाण्डौ ।

## English Reference

Dictionary of Sociology (1998) *Bidhyabhusan*, Sachadev.

*Encyclopedia of The Social Science* Part II AL Kroeber

Ritzer, Geroge (1997) *Modern Sociological Theory,* MC Grow Hill Company

Sigdel, Surya Bhakta (1998) *changing Socio-Economic Status of Podes of Nepal* (A Case Study of Sarangkot VDC and Naya Bazar Pokhara, Kaski) an unpublished M.A. Thesis, Central Department of Sociology/Anthropology Kripitpur, Kathandu.

(1983) *Primary education in Nepal* : Progress toward Universalization T.U. Kathmandu.

Shrestha, G.M. (1984) *Determinants of Educational participation in rural Nepal (Kathmandu) CERID (1991)* A survey of Studies on Drop out in Primary Education.

# अनुसुची १

## प्रश्नावली अनुशुची

पोडे जातीको आर्थिक आवस्थाले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

लेखनाथ नगरपालिका ९, १०, ११ को समाजशास्त्रीय अध्ययन

मिती :

१. जाती

विवरण

उत्तरदाताको नाम : उमेर :

जिल्ला : न.पा. वडा नं. : घर नं.: धर्म :

शिक्षा : लिङग :

**क) पारिवारीक विवरण :**

**उत्तर :**

| क.स. | नाम थर | घरमुली संग नाता सम्वन्ध | लिङग | | पेशा | भाषा | उमेर | शिक्षा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | | | | निरक्षर | प्रा. वि. | मा. वि. | उच्च मा.वि. |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |

२. तपाइको परीवार कस्तो किसीमको छ ?

उत्तर : एकल ☐ सयुक्त ☐

३. घरको बनोट

उत्तर : क) झुपडी ☐ ख) ढुङगाले छाएको ☐ ग) टिनले छाएको ☐ घ)पक्की ☐

**ख) आर्थिक अवस्था :**

४. तपाईको परिवारको स्वामित्वमा रहेको जग्गाको विवरण दिनुहोस् ?

उत्तर :

| क.स. | जमिनको किसीम | क्षेत्रफल | जम्मा |
|---|---|---|---|
| १ | खेत | | |
| २ | पाखोवारी | | |
| ३ | करेसावारी | | |
| ४ | खोरीया | | |
| ५ | घडेरी | | |

५. तपाईको परीवारको मुख्य पेशा के हो ?

उत्तरः क) कृषि ☐ ख) पशुपालन ☐ ग) व्यापारव्यवसाय ☐ घ)नोकरी ☐

ङ) बैदेशीक रोजगार ☐

६. तपाई आफ्नो पेशा वाट सन्तुष्ट हुनुहुन्छ ?

उत्तर : छु ☐ छैन ☐

७. सन्तुष्ट नभए कस्तो खालको पेशा गर्न चाहानु हुन्छ ?

उत्तर :

८. पारीवारीक वार्षिक आम्दानी

| क.स. | आम्दानीको श्रोत | जम्मा आम्दानी वार्षिक |
|---|---|---|
| १ | कृषि | |
| २ | रोजगारी | |
| ३ | व्यापार | |
| ४ | पशुपालन | |
| ५ | मत्स्यपालन (मार्ने) | |

९) तपाईको पशुपंक्षीको विवरण दिनुहोस् :

उत्तर :

| विवरण | गाई | भैंसी | गोरु | वाखा | सुगुर | कुखुरा |
|---|---|---|---|---|---|---|
| संख्या | | | | | | |

१०) तपाईको उत्पादनले कति समय खानपुग्छ ?

उत्तर : क) १-३ महिना☐ ख) ४-६ महिना☐ ग) ७-१२ महिना☐ घ) बिक्रि समेत☐

११) बढि भएको उत्पादन बिक्रि गर्नुहुन्छ ?

उत्तर : क) गर्छु ☐ ख) गर्दिन ☐

१२) गर्नुहुन्छ भने कहाँ लगेर विक्रि गर्नुहुन्छ ?

उत्तर :

१३) तपाईको गाँउमा विधालय कहिले खुल्यो ?

उत्तर :

१४) विधालय नखुल्दा पढ्न कहाँ जानु पर्थ्यो ?

उत्तर :

१५) तपाइको शैक्षिक अवस्था कस्तो छ ?

उत्तर : क) साक्षर ☐ ख) निरक्षर ☐

१६) यदी, निरक्षर भए किन पढ्नु भएन ?

उत्तर :

१७) साक्षर मात्रै भए किन पढाइ अगाडी बढाउनु भएन ?

उत्तर :

१८) तपाईको गाँऊमा निजि विधालय छ की छनै ?

उत्तर : क) छ ☐ ख) छैन ☐

१९) तपाईको बच्चाबच्ची कुन स्कुलमा पढ्छन् ?

उत्तर : क) सरकारी ☐ ख) बोडिङ ☐

२०) तपाईको परिवारको शैक्षिक अवस्था न्युन छ भने यसको कारण के के होला ?

उत्तर :

२१) शिक्षा दिने क्रममा छोरा र छोरी बिच भेदभाव छ कि छैन ?

उत्तर : क) छ ☐ ख) छैन ☐

२२) यदि छ भने किन भेदभाव गर्नुभयो ?

उत्तर :

२३)  छोराछोरी कुनैले पढ्न छाडेको छ भने छोड्नुको कारण के हो ?

उत्तर :

२४)  यदि बच्चाबच्ची विधालय गएका छैनन् भने किन पठाउनु भएन् ?

उत्तर :

**सांस्कृतिक पक्ष**

२५)  तपाई यहाँ कहाँबाट आउनु भएको हो ?

उत्तर :

२६)  तपाई कुन धर्म मान्नुहुन्छ ?

उत्तर : क) हिन्दु ☐  ख) बौद्ध ☐ ग) क्रिस्चीयन ☐ घ) इसाई ☐

२७)  पोडे जातिका मुख्य चाडपर्वहरु के के हुन ?

उत्तर :

२८)  तपाईहरुको विवाह प्रचलन कस्तो छ ?

उत्तर :

२९)  पोडेजातीहरुको विवाहमा दाइजो खर्च कति गर्ने चलन छ ?

उत्तर :

३०)  तपाई कुनै सामाजिक संघ संस्थामा संलग्न हुनुहुन्छ ?

उत्तर :

३१)  यदि हुनुहुन्छ भने ?

उत्तर : क) संस्थाको नाम :

ख) भुमिका :

३२)  तपाई सामुदायिक भेला तथा बडा भेलाहरुमा उपस्थीति भई आफनो तर्क वा सुझाव राख्नुहुन्छ ?

उत्तर : क) राख्दछु ☐ ख) राखेको छैन ☐

३३)  तपाई घरमा कुन भाषा प्रयोग गर्नुहुन्छ ?

उत्तर : क) नेपाली ☐  ख) पोडे ☐  ग) नेवार ☐

३४) तपाईको घरमा कस्तो शौचालय छ ?

उत्तर : क) कच्ची ☐ ख) पक्की ☐ ग) छैन ☐

३५) तपाईको घरमा खानेपानीको सुबिधा कस्तो छ ?

उत्तर : क) घरमा धारो ☐ ख) टोलमा धारो ☐ ग) कुवा वा मुल ☐

३६) तपाईको टोलमा स्वास्थ्य सम्बन्धि सुविधा कस्तो छ ?

उत्तर : क) स्वास्थ्य चौकि ☐ ख) हस्पिटल ☐ ग) औषधिपसल ☐

३७) तपाईको घरमा इन्धनको रुपमा के प्रयोग गर्नुहुन्छ ?

उत्तर : क) दाउरा ☐ ख) गोवर ग्यास ☐ ग) विधुत ☐ घ) ग्यास ☐

३८) तपाइको घरबाट विधालयको दुरि कति छ ?

उत्तर : १ कि.मि. भन्दा कम ☐ २) १ देखी २ कि.मि. भन्दा टाढा ☐ ३) २ देखी ५ ☐

## अनुसुची २

### समुहगत छलफलमा सोधीएका प्रश्नहरु

१) पोडे समाजमा पारीवारीक संरचना पुरुष निर्देशित वा महिला कसको बढि भुमिका देखीन्छ ?

उत्तर :

२) पोडे समाजको आधारभुत शिक्षा भन्दा माथि बड्न नसक्नुमा मुख्य कारण के के हुन सक्छन् ?

उत्तर :

३) पोडे समाजको पुर्ख्यौलि पेशा आजको समयमा कति आवश्यक र सान्दर्भिक देखीन्छ?

उत्तर :

४) यदि छ भने यसलाई बचाई राख्न के गर्नुपर्ला ?

उत्तर :

५) पोडे जातिको उत्थानको लागि कार्यरत स्थानिय निकाय तथा NGO INGO कुनै छन् ?

उत्तर :

६) यदि छन् भने कुन सस्थाले कहिले देखी र कुन क्षेत्रमा काम गरिरहेका छन् ?

उत्तर :

७) पोडे जातिले आधुनिक स्वास्थ्य लाई कसरी उपयोग गरी रहेका छन् ?

उत्तर :

८) पोडे जातिको परिवारनियोजन सम्बन्धि धारणा कस्तो छ ?

उत्तर :

९) पोडे जाती आफ्नो आवस्यकता पुरागर्न ऋण वा सहयोग लिनपरे कुन संस्था वा व्यक्ति सँग जाने गर्दछन् ?

उत्तर :

१०) पोड जातिको सरकारी नोकरीमा कस्तो पहुँच रहेको छ ?

उत्तर :